# नागरिक र अधिकार बाहकका बीचमा संवाद श्रृजना र पारस्परिक उत्तरदायित्व अभिबृद्धिका लागि सामुदायिक अङ्कपत्रको प्रयोग

## अवधारणा र प्रक्रियाहरु

VSO

२०७८

# निर्देशिका

नागरिक र अधिकारबाहकका बीचमा संवाद श्रृजना र पारस्परिक उत्तरदायित्व अभिबृद्धिका लागि सामुदायिक अङ्कपत्रको प्रयोगः अवधारणा र प्रक्रियाहरू


**लेखन तथा सङ्कलनः**

हंश राज जोशी (प्रयास परियोजना व्यवस्थापक)
सुरण महर्जन (युवा कार्यक्रम व्यवस्थापक)
सन्तोष थापा (युवा परियोजना संयोजक)
प्रिति शर्मा (स्वास्थ्य कार्यक्रम बिज्ञ)
राधा पाण्डे (राष्ट्रिय स्वयंसेवक)

**सम्पादनः** हंश राज जोशी

**संयोजनः** सुरण महर्जन

**सल्लाहकारः** शिखा श्रेष्ठ र राज कुमार गन्धर्व



**प्रकाशनः** भिएसओ

२०७८ (सन् २०२२)



**सर्वाधिकारः** भिएसओ

यस निर्देशिकाको प्रतिलिपि अधिकार भिएसओमा सुरक्षित छ । यस प्रकाशनको कुनै पनि भाग कुनै माध्यम प्रयोग गरि पुर्नउत्पादन गर्न पाइने छैन । यस निर्देशिकामा प्रकाशित सामाग्रीको सदुपयोग तथा प्रचार प्रसारका लागि प्रोत्साहित गरिन्छ ।



**प्रकाशन सहयोगः** यो निर्देशिका बेलायत सरकारको आर्थिक सहयोगमा प्रकाशन गरिएको छ ।


स्वघोषणाः यो निर्देशिका बेलायत सरकारको आर्थिका सहयोगमा प्रकाशन गरिएता पनि यसमा उल्लेखित विचार तथा धारणाहरू बेलायत सरकारको आधिकारिक नीतिबाट निर्देशित भएको मानिने छैन ।

# हार्दिक आभार

सन् १९६४ देखि नेपालमा कार्यरत भिएसओ हाल पाँच वटा प्रदेशका २० वटा जिल्लामा कार्यरत छ । भिएसओको मुख्य लक्ष्य विकासका लागि स्वयंसेवा (Volunteering for Development - VFD) पद्धतिद्वारा आर्थिक सामाजिक रूपमा सीमान्तकृत तथा पछाडी पारिएका विपन्न वर्गहरूलाई जीवनस्तर सुधारकालागि विकासको कार्यमा बिभिन्न प्रकारले संलग्न गराउनु हो । नेपालमा भिएसओका कार्यक्रमहरू समावेशी शिक्षा, यौन तथा प्रजनन् स्वास्थ्य र अधिकार, युवा सहभागिता, जीविकोपार्जन, लैङ्गिक तथा सामाजिक समावेशीकरण, सुशासन, विपद् तथा जलवायु उत्थानशीलता विषयहरूमा केन्द्रित छन् ।

भिएसओले कार्यान्वयन गर्ने सम्पूर्ण कार्यक्रम तथा परियोजनाहरू भिएसओको प्राथमिक अवधारणाहरू (Core Approaches) लैङ्गिक तथा सामाजिक समावेशीकरण, उत्थानशीलता र सामाजिक उत्तरदायित्वबाट निर्देशित रहेका छन् । सामाजिक उत्तरदायित्व प्रवर्धन गर्ने उद्देश्य सहित यस संस्थाको बिभिन्न परियोजना तथा पहलहरूमा सामुदायिक अङ्कपत्र विधिको अवलम्बन भईरहेको कुरा सहर्ष अवगत गराउन चाहन्छु । यो प्रक्रियामा नागरिक र अधिकारवाहक दुबैको संलग्नता रहेको हुन्छ । यसले सिमान्तकृत समुदायको आवाजलाई उजागर गर्ने, उक्त आवाजलाई सहि ठाउँमा पुर्‍याउने र नागरिकहरूले प्राप्त गर्ने अधिकार तथा सेवाको गुणस्तर अभिबृद्धि गर्न मद्धत गर्दछ । साथै यस प्रक्रियाले बृहत्त रूपमा दिगो विकासका लक्ष्यहरूले अवलम्बन गरेको कोही पछि नपरून् (Leave No One Behind) को अवधारणालाई प्रवर्धन गर्दै बिभिन्न छलफलहरूमा प्राथमिकतामा राख्न प्रेरित गर्दछ ।

यस निर्देशिकामा भिएसओले कार्यान्वयन गरेका बिभिन्न परियोजनाहरूमा सामुदायिक अङ्कपत्र विधिको प्रयोगका बारे विस्तृत रूपमा उल्लेख गरिएको छ । नेपालमा रहेका नागरिक समाज तथा अन्य सरोकारवाला संस्थाहरूले यो निर्देशिकाको प्रयोग गरि बृहत् रूपमा नागरिक स्तरमा सङ्कलन गरिएको तथ्याङ्कबाट सामाजिक उत्तरदायित्व प्रवर्धन गर्ने अपेक्षा राखेको छु ।

यस एकीकृत निर्देशिका लेखनका लागि संयोजनको अगुवाई गर्ने सुरण महर्जन, लेखन तथा सङ्कलन कार्यको अगुवाई गर्ने भिएसओका हंश राज जोशी, सन्तोष थापा, प्रिति शर्मा र राधा पाण्डे, र निर्देशिका सम्पादन गर्ने हंशराज जोशीलाई विशेष आभार ब्यक्त चाहन्छु । निर्देशिका तयार गर्दा निरन्तर रूपमा सल्लाह सुझाव दिने शिखा श्रेष्ठ र राज कुमार गन्धर्वलाई धन्यवाद दिन चाहन्छु । यो निर्देशिका प्रकाशनका लागि बेलायत सरकारको आर्थिक सहयोग (UK Aid) प्रति कृतज्ञता व्यक्त गर्दछु । यो निर्देशिका र यस भित्र उल्लेख गरिएका विषयहरू समयसापेक्ष अद्यावधिक भइरहने कुरा पनि जानकारी गराउन चाहन्छु । अन्तमा यस निर्देशिका सामुदायिक अङ्कपत्रको अवलम्बनका लागि ज्ञान निर्माण र ज्ञान हस्तान्तरणमा सहयोगि होस् भन्ने शुभकामना ब्यक्त गर्न चाहन्छु ।

जय शंकर लाल<br>
राष्ट्रिय निर्देशक<br>
भिएसओ

# विषयसूचि

| | | |
|---|---|---|
| **खण्ड क** | **भिएसओमा सामाजिक उत्तरदायित्व अवलम्बन** | **१** |
| | १.१ सामाजिक जवाफदेहिता | १ |
| | १.२ भिएसओमा सामाजिक उत्तरदायित्वको बुझाई | १ |
| | १.३ सामाजिक जवाफदेहिताको नीतिगत व्यवस्था | ३ |
| **खण्ड ख** | **सामूदायिक अङ्कपत्रको अवधारणा** | ५ |
| | २.१ सेवा प्रदायक (अधिकारबाहक) र सेवा ग्राही (अधिकारवाला) को अवधारणागत स्पस्टता | ५ |
| | २.२ सामुदायिक अङ्कपत्रको बुझाई | ५ |
| | २.३ सामुदायिक अङ्कपत्र किन ? | ५ |
| | २.४ सामुदायिक अङ्कपत्रको प्रयोग मार्फत के परिवर्तन गर्ने ? | ६ |
| | २.५ सामुदायिक अङ्कपत्र प्रक्रियामा को को सहभागि हुन्छन ? | ६ |
| | २.६ सामुदायिक अङ्कपत्र प्रयोगका आधारभूत सिद्धान्तहरू | ६ |
| | २.७ सामुदायिक अङ्कपत्र सञ्चालनमा देखा पर्ने चुनौतीहरू | ६ |
| **खण्ड ग** | **सामुदायिक अङ्कपत्र प्रयोग गर्ने चरणहरु** | **८** |
| | ३.१ सामुदायिक अङ्कपत्र प्रयोग गर्ने चरणहरू | ८ |
| | ३.२ सामुदायिक अङ्कपत्रको प्रयोग गर्दा अङ्क दिने आधारहरू | १० |
| **खण्ड घ** | **नागरिक समाज संस्थाहरुमा सुशासन र समावेशीकरण अभिबृद्धिका (प्रयास परियोजना) लागि सामुदायिक अङ्कपत्रको प्रयोग** | **११** |
| | ४.१ प्रयास परियोजनाको बारेमा | ११ |
| | ४.२ प्रयास परियोजनामा सामुदायिक अङ्कपत्रको प्रयोगको अवधारणा | १२ |
| | ४.३ प्रयास परियोजनामा अङ्कपत्रको प्रयोग गर्दा अपनाइएका मुख्य चरणहरू | १२ |
| | ४.४ प्रयास परियोजनामा अङ्कपत्रको प्रयोग गदाअङ्क प्रदान गर्ने बिधि | १५ |
| **खण्ड ङ** | **नागरिक अगुवाइमा दिगो विकास प्रवर्धनका लागि सामुदायिक अङ्कपत्रको प्रयोग** | **१९** |
| | ५.१ पृष्ठभूमि | १९ |
| | ५.२ सामुदायिक अङ्कपत्रको प्रयोगबाट स्थानीय नागरिकहरूद्धारा स्थानीय स्तरमा दिगो विकासको अवस्था विश्लेषण | १९ |
| | ५.३ सामुदायिक अङ्कपत्र बिधि (प्रक्रिया) का मुख्य चरणहरू | १९ |
| | ५.४ दिगो विकासका लक्ष्यहरूको अनुगमनमा अङ्क प्रदान गर्दा अपनाइएको तरिका | २१ |

| | | |
|---|---|---|
| **खण्ड च** | **समग्र लैङ्‌गिक उत्तरदायी तथा जवाफदेही न्यायमा पहुँच सुदृढीकरण (सहज) मा सामुदायिक अङ्कपत्रको प्रयोग** | **३५** |
| | ६.१ सहजमा सामुदायिक अङ्कपत्रको अवधारणा | ३५ |
| | ६.२ सहजमा सामुदायिक अङ्कपत्र प्रयोग गर्ने विधि | ३५ |
| **खण्ड छ** | **स्वास्थ्य सेवाको जवाफदेहिता प्रवर्धनका (स्याहार परियोजना) लागि सामुदायिक अङ्कपत्रको प्रयोग** | **४०** |
| | ७.१ स्याहार परियोजनामा सामुदायिक अङ्कपत्रको प्रयोगको अवधारणा | ४० |
| | ७.२ सामुदायिक अङ्कपत्र प्रयोग गर्ने विधि | ४० |
| | ७.३ स्याहार परियोजनामा अङ्क छान्नका निम्ति प्रयोग गर्न सकिने आधारहरू | ४७ |

# खण्ड क भिएसओमा सामाजिक उत्तरदायित्व अवलम्बन

### १.१ सामाजिक जवाफदेहिता

विकासका बिभिन्न आयामहरूको प्रवर्धन तथा सवालहरूको निवारणका लागि भिएसओले "विकासको लागि स्वयंसेवा (Volunteering for Development - VFD)" अवधारणालाई आत्मसात् गरेको छ । यस अवधारणाले व्यक्ति, परिवार, समुदाय, तथा प्रणाली एवं नीतिगत तहमा रुपान्तरणकारी र दिगो परिवर्तनका उपायहरु पहिल्याएको छ । भिएसओले यस अवधारणालाई रुपान्तरणकारी परिवर्तनका रूपमा परिभाषित गर्दछ र यस अवधारणाको विश्वब्यापी रूपमा प्रवर्धन पनि गर्दछ । भिएसओले आफ्नो कार्यक्रम लक्षित तीनवटा मुख्य क्षेत्रहरु स्वस्थ समुदाय, समावेशी शिक्षा र उत्थानशील जीविकोपार्जनमा यस अवधारणाको प्रयोग गरेको छ ।

यसको साथसाथै विकासको केन्द्रमा नागरिक सिद्धान्त (People First Principles), परिवर्तनका लागि स्वयंसेवाका बहुआयामिक पक्षहरू जसलाई भिएसओमा Relational Volunteering Mode भिनिन्छ र बिभिन्न प्राथमिक अवधारणाहरूको (Core Approaches) अवलम्बन पनि यस संस्थाले गरेको छ ।

विकासको केन्द्रमा नागरिक सिद्धान्त (People First Principles) ले सजगताका साथ समाजमा सबैभन्दा सिमान्तकृत समूहहरूलाई प्राथमिक संबाहक (Primary Actors) का रूपमा ब्याख्या गरि भिएसओको कार्यक्रमहरूमा प्राथमिकतामा राख्दछ । संस्थाका कर्मचारि, स्वयंसेवक र साझेदारहरूले प्राथमिक संबाहकहरूलाई रुपान्तरणकारी र दिगो परिवर्तनका लागि सहयात्रिका रूपमा व्यवहार गर्ने अपेक्षा गर्दछ ।

परिवर्तनका लागि स्वयंसेवाका बहुआयामिक पक्षहरू (Relational Volunteering Model) ले स्वयंसेवकहरूको प्रयासबाट सेवा, व्यवहार तथा प्रणालीमा आउने विभिन्न परिवर्तनहरूलाई व्याख्या गर्दछ । भिएसओका सम्पूर्ण कार्यक्रमहरूमा विकासको केन्द्रमा नागरिक सिद्धान्त आत्मसात् भएको सुनिश्चितता गर्दछ जहाँ विकासका लागि प्राथमिक संबाहकहरूको महत्वपूर्ण भूमिका रहनुका साथसाथै बिभिन्न क्षेत्रको सम्मानपुर्ण र अर्थपुर्ण अर्न्तसम्बन्धको प्रवर्धन गरिएको हुन्छ ।

भिएसओका प्राथमिक अवधारणा (Core Approaches) समाजमा लामो समय देखि रहि आएका संरचनात्मक अवरोधहरूलाई रूपान्तरण गर्नका लागि समानता र सामाजिक न्यायको प्रवर्धनमा केन्द्रित रहेको छ । यस अन्तर्गत लैङ्गिक तथा सामाजिक समावेशीकरण, उत्थानशीलता र सामाजिक उत्तरदायित्व रहेका छन् । यी तीनै अवधारणाहरूले गरिबी र सिमान्तीकरणको बहुआयामिक सवालहरूलाई सम्बोधन गर्न मद्धत गर्दछ र प्राथमिक संबाहकहरूको सशक्तिकरण गर्दै अधिकारबाहक तथा अधिकारवालाहरूलाई थप जवाहदेही बनाउन मद्दत गर्दछ ।


### १.२ भिएसओमा सामाजिक उत्तरदायित्वको बुझाई
#### १.२.१ विकासमा जवाफदेहिताको महत्व

सन् १९८० को दशकदेखि नै गरिबी र सिमान्तीकरणका मूलभूत कारणहरूलाई समाधान गर्न सामाजिक उत्तरदायित्व प्रवर्धनको महत्व विकसित हुँदै आएको छ । विशेष गरी, विकासका लागि सामाजिक उत्तरदायित्व महत्वपूर्ण रहन्छ भन्ने कुरालाई विश्व बैंकले सन् २००४ को विश्व विकास प्रतिवेदन मार्फत अनुमोदन गरेको थियो । प्रतिवेदनले विकासमा जवाफदेहिताको योगदानलाई प्रकाश पारेको छ र यसलाई लागू गर्न सकिने तत्कालिन र दिर्घकालिन मार्गहरु संकेत

गरेको छ । उक्त प्रतिवेदन प्रकाशित भए पश्चात अवलम्बन गरिएको जवाफदेहिता प्रवर्धनको फलस्वरूप गरिबी र संरचनात्मक ब्यवधानहरू कम हुँदै जाने मुख्य पद्धतिका रूपमा विकास भएको देखिन्छ । (Core Approaches) अवलम्बन पनि यस संस्थाले गरेको छ ।

### **१.२.२ जवाफदेहिता कसरी सुनिश्चित हुन्छ ?**

जवाफदेहिताका बिभिन्न तौर तरिकाहरू लागू गर्नका लागि यसको अभ्यास कसरी गरिन्छ भनेर बुझ्न महत्वपूर्ण छ । यसको प्रयोगका लागि मूलतः तीन वटा चरणहरू हुन्छन । पहिलो चरणमा व्यवहार र अपेक्षाका सामुहिक मापकहरूमा सहमत हुने कुरा समेटिन्छ, जसमा विकासका लागि सार्वजनिक नीति र सेवाका मापदण्डहरूमा सहमती हुने कुरा समावेश हुन्छन् । दोस्रो चरणमा सार्वजनिक नीति र मापदण्डहरु कसरी पूरा भएको छ भन्ने कुरा स्थापित गर्ने विषय समावेश हुन्छ । दोस्रो चरणले जवाफदेहिता र पारदर्शिताका पक्षहरूलाइ समेट्दछ, जसमा सहमति भएका सामूहिक मापदण्ड र अपेक्षाहरु कसरी सञ्चालन भएका छन् भन्ने सम्बन्धमा जानकारी आदान प्रदान गरिन्छ । जवाफदेहिता प्रवर्धनको तेस्रो चरणमा सहमति भएका मापदण्ड र अपेक्षाहरूलाई कसरी कार्यान्वयन गरिएको छ भन्ने विषयका परिणाममा छलफल गर्ने र सुधारात्मक योजनाहरू निर्माण गर्ने विषयहरू समेटिएका हुन्छन ।




### **१.२.३ सामाजिक जवाफदेहिताको बहुआयामिक पक्षहरु**

सामाजिक जवाफदेहिताको माध्यमबाट सार्वजनिक सेवा सुधार र अधिकारबाहकहरूलाई आफ्नो कर्तब्य प्रति थप जिम्मेवार बन्न मद्धत पुग्छ । जवाफदेहिताका माध्यमबाट अधिकारबाहकहरू नागरिक प्रति मात्र जवाफदेहि नभई आफ्ना अन्य समकक्षी निकायहरू, आफु भन्दा माथि रहेको निकायहरू र अन्य सरोकारवालाहरू प्रति पनि जवाफदेहि हुनु पर्ने कुरालाई संकेत गर्दछ । यस्तो अवधारणाले सबैलाई बिभिन्न तह तथा बिभिन्न सरोकारवालाहरूको एक अर्का प्रतिको पारस्परिक जवाफदेहिता प्रवर्धन गर्न मद्धत गर्दछ । यसका अलावा कुनै पनि संस्था, सेवा प्रदायक निकाय (अधिकारबाहक) संस्था आफ्ना बाह्य सरोकारवालाहरू (दातृ निकायहरू आदि) प्रति पनि जवाफदेहि हुनु पर्दछ । तसर्थ सामान्यतयाः सेवा ग्राहि (अधिकारवाला) र सेवा प्रदायक (अधिकारबाहक) का बीचमा मात्र जवाफदेहिता अभिबृद्दि गर्ने अवधारणा भन्दा माथि रहेर बहु–आयामिक जवाफदेहिता प्रवर्धनको विषय पनि सामाजिक जवाफदेहितामा समेटिनु पर्ने पक्ष हो ।

### **१.२.४ सामाजिक जवाफदेहिता बारेमा भिएसओको बुझाई**

भिएसओले सामाजिक जवाफदेहिता र उत्तरदायित्वलाई परिवर्तनका लागि बलियो पद्धतीमा रूपमा परिभाषित गरेको छ । यस पद्धतिको अवलम्बन गरेर समुदायमा रहेको गरिबी र संरचनात्मक रूपमा पछाडि पारिएका नागरिकहरूको आवाज मुखरित भई हक अधिकार दाबी गर्न सक्ने बनाउने र आफुले प्राप्त गर्नुपर्ने अधिकार तथा सेवामा पहुँच अभिबृद्धि गर्नु रहेको छ ।

## १.३ सामाजिक जवाफदेहिताको नीतिगत व्यवस्था

नेपालमा राज्य पक्ष तथा अन्य सेवा र सुविधा प्रदायक संस्थाहरू नागरिक मैत्री बन्न र पछाडि पारिएका नागरिकहरूको अधिकार परिपुर्ति गर्नका निम्ति थप क्रियाशिल, प्रभावकारी र जवाफदेहि हुनु पर्ने आवश्यकता छ । सामाजिक जवाफदेहिता भन्नाले सार्वजनिक सेवा प्रदायक तथा पदाधिकारीहरूको कार्यशैली, कार्यव्यवहार र कार्य सम्पादन तथा सार्वजनिक श्रोतको समानुपातिक तथा न्यायोचित उपयोगको निगरानी तथा अनुगमन गर्न नागरिक समुह तथा सरकार बीच रचनात्मक संलग्नतालाई जनाउँदछ ।

महिला, किशोरी र अन्य पछाडि पारिएका वर्गको समान सहभागिता र विकासका लागि सामाजिक जवाफदेहिता एक सशक्त माध्यम हुन सक्द छ । सामाजिक जवाफदेहिताले सेवाग्राही र सेवाप्रदायकहरू विशेषतः पछाडि पारिएका वर्गले पनि संयुक्त रूपमा सेवाहरूको प्रभावकारिताको अवस्था विश्लेषण गर्दै सम्वन्धित निकाय र व्यक्तिहरूलाई सहभागितात्मक रूपमा पृष्ठपोषण गर्ने अवसर प्रदान गर्दछ । तसर्थ, गरिब तथा सामाजिक रूपमा बहिस्करणमा परेको नागरिकहरूको सहभागिता र सुझावहरूले सेवा प्रदायकहरूलाई थप प्रभावकारी र समावेशी बन्नको लागि मद्धत पुर्‍याउंदछ ।

यस प्रक्रियाले नागरिक तथा जिम्मेवार निकायहरूबीचको दुरीलाई कम गर्दै आपसी समझदारी र विश्वास अभिवृद्धि गर्न सघाउँदछ । सामाजिक जवाफदेहिताले मुख्यतयाः नीति तथा योजना, बजेट र सार्वजनिक सेवा र सुविधाहरूलाई थप प्रभावकारी र समावेशी बनाउन सहयोग गर्दछ ।

नेपालमा सामाजिक जवाफदेहिताका विभिन्न विधिहरू प्रयोग गरिएका छन् । सामाजिक जवाफदेहिता अभिबृद्धि गर्नका लागि नीति तथा योजना, बजेट, सार्वजनिक सेवा प्रवाह जस्ता बिभिन्न विषयगत क्षेत्रहरूमा तल उल्लेखित बिधिहरू प्रयोग गर्ने गरिएको छ ।




नेपालको संविधान २०७२ को मौलिक हक र कर्तव्य अर्न्तगत समानताको हकले पनि सामाजिक र सांस्कृतिक रूपले पछाडि पारिएका महिला, दलित, आदिवासी, मधेशी, थारू, मुस्लिम, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति आदिको संरक्षण र सशक्तिकरणका लागि विशेष व्यवस्था गर्ने विषय मौलिक हक अधिकारका रूपमा स्थापित छन ।

संविधानमा महिलाको हक अर्न्तगत सुरक्षित मातृत्व प्रजनन र स्वास्थ्य सम्बन्धी हक, महिला विरूद्ध कुनै किसिमको हिंसा भएमा कानुन बमोजिमको दण्ड र क्षतिपूर्ति पाउने हक, राज्यका सवै निकायमा महिला सहभागिताको हक, महिलालाई

शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसरको हक तथा सम्पत्ति वा पारिवारिक मामिलामा दम्पत्तीको समान हकको पनि स्पष्ट किटान गरिएको छ । संविधान प्रदत्त अधिकारहरूको कार्यान्वयनका निम्ति आवश्यक कानुनी तथा संस्थागत संरचनाहरूको पनि व्यवस्था हुनुपर्दछ । यि अधिकार प्रवर्धनका अवस्थाहरूको सहभागितामूलक बिश्लेषण र मापन गर्नका निम्ति पनि सामाजिक जवाफदेहिताका विधिहरू अपनाउन सकिन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) मा गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक सेवाहरूको पारदर्शीता र उत्तरदायित्व अभिवृद्धि गर्ने सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ जस्ता सामाजिक जवाफदेहिताका विधिहरू प्रयोग गर्नु पर्ने प्रावधान राखेको छ । सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ मा नागरिक वडापत्र, सार्वजनिक सुनुवाइ र गुनासो व्यवस्थापनलाई पनि उल्लेख गरिएको छ ।

सुशासन प्रवर्धन रणनीति तथा कार्ययोजना, २०७४ मा पनि प्रचलित कानून बमोजिम स्थानीय तहले पारदर्शिता, जवाफदेहिता र सदाचार व्यवस्थापनका लागि आवश्यक नीति तथा ऐन गाउँ वा नगरसभाबाट तर्जुमा गर्नुका साथै सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, लैङ्गिक उत्तरदायि एवं समावेशी बजेट परीक्षण एवं सामुदायिक अङ्क तालिका सम्वन्धि कार्यविधिहरू तयार गर्ने व्यवस्थाको उल्लेख गरिएको छ । गुनासो सुनुवाइ तथा सुझाव व्यवस्थापन, सामाजिक परिचालन सम्बन्धी कार्यविधि तर्जुमा गर्ने पनि उल्लेख गरिएको छ ।

# खण्ड ख सामूदायिक अङ्कपत्रको अवधारणा

### २.१ सेवा प्रदायक (अधिकारबाहक) र सेवा ग्राही (अधिकारवाला) को अवधारणागत स्पस्टता

सामूदायिक अङ्कपत्रको प्रयोगको शुरूवाती दिनहरूमा यसका दुईवटा मुख्य सरोकारवालाहरू सेवा प्रदायक र सेवा ग्राही भनेर बर्गीकरण गरिएको थियो । अहिले पनि आवश्यकतामा आधारित विकास पद्धतिको कुरा गर्दा र सेवा मुखि क्षेत्रहरूमा सेवा प्रदायक र सेवा ग्राही जस्ता शब्दावलीनै प्रयोगमा आउँछन । तर विकास पद्धतिमा आएको परिवर्तन र प्रायः जसो संस्थाहरूले अधिकार मुखि पद्धति अपनाएको अवस्थामा सेवा प्रदायकलाई अधिकारबाहकका रूपमा चिनाउने र सेवा ग्राहीलाई अधिकारवालाका रूपमा चिनाउने अभ्यास रहेको छ । यसको अर्थ सार्वजनिक निकायले दिने सेवा केवल सेवा मात्र नभई सार्वजनिक संस्थाले निर्वाह गर्नु पर्ने दायित्व हो र नागरिकले पाउनु पर्ने सेवा मात्र नभई अधिकार हो भन्ने कुरालाई आत्मसात गरि अहिले सेवा प्रदायकलाई अधिकारबाहक र सेवा ग्राहीलाई अधिकारवाला भन्ने शब्दावली प्रयोग गर्नु उचित हुन्छ । भिएसओले अधिकारमुखि पद्धतीमा कार्य गर्ने भएका कारण यस निर्देशिकामा अधिकारबाहक र अधिकारवाला भन्ने शब्दावलीहरूलाई प्रयोगमा गरिएको छ ।

### २.२ सामुदायिक अङ्कपत्रको बुझाई

सामुदायिक अङ्कपत्र नियमित अनुगमन तथा मूल्याङ्कन प्रक्रिया हो । यसले नागरिकहरू (अधिकारवाला) र अधिकारबाहक (सेवा प्रदायक) संघसंस्थाहरूका बीचमा संवाद गराई उक्त संस्थाहरूले गरेको काममा नागरिकले ब्यक्त गर्ने सन्तुष्टिको आधार तय गर्न र त्यसको आधारमा सम्पन्न गरेको कामको मूल्याङ्कन गर्न मद्धत गर्दछ । यो पद्धतिमुख्य रूपमा अधिकारबाहक संस्थाहरू भित्र सामाजिक जवाफदेहिता प्रवर्धन गर्ने औजारको रूपमा प्रयोग हुदै आएको छ । यो औजार सेवा प्रवाह गर्ने संस्थाहरूको सामाजिक जवाफदेहिता अभिबृद्धि गर्न प्रयोग गरिएता पनि यसलाई अधिकारमा आधारित बहस पैरवी गर्ने संस्था वा अन्य संस्थाहरूको जवाफदेहिता प्रर्वधन गर्नका लागि पनि प्रयोग गर्न सकिन्छ । यस निर्देशिकामा बिभिन्न प्रकृतिको कार्यहरूमा सामुदायिक अङ्कपत्रको प्रयोग कसरी गर्न सकिन्छ भन्ने प्रक्रिया उल्लेख गरिएको छ । यस प्रक्रिया मार्फत अधिकारबाहक (सेवाप्रदायक) संस्थालाई आफ्नो कमि कमजोरी पत्ता लगाउन र सुधारको योजना निर्माण गर्न मद्दत पुग्द्छ ।

- सामुदायिक अङ्कपत्र सामुदायिक विकास र सामाजिक शसक्तिकरणमा अधिकारमुखि पद्धती प्रवर्धन गर्ने र पारस्परिक जवाफदेहितालाई प्रवर्धन गर्ने पद्धती हो ।
- अधिकारबाहकको नागरिक प्रतिको जवाफदेहिता विश्लेषण गर्ने पद्धती हो ।
- अधिकारबाहक र अधिकारवालाको बीचको सम्बन्ध सुदृढ गर्न सहयोग गर्छ ।
- योजना तर्जुमा र बजेट निर्माण प्रक्रियाका लागि आवश्यकता पहिचान गर्न सहयोगि हुन्छ ।
- नागरिकले प्राप्त गर्ने अधिकार र सेवाको गुणस्तर सुधारको सचेत प्रयास हो ।

### २.३ सामुदायिक अङ्कपत्र किन ?

नागरिकहरूले प्राप्त गर्ने सेवा र अधिकार प्रभावकारी एवम् गुणस्तरीय रूपमा प्रवाह भईरहेको छ भनी सुनिश्चित गर्न अधिकारबाहक संघसंस्थाहरूले आफ्नो कार्यसम्पादन मूल्याङ्कन गराउनु पर्दछ । यस प्रक्रियाका लागि अधिकार बाहकहरूलाई सहभागितामूलक रूपमा मूल्याङ्कनको जिम्मेवारी दिनु उचित हुन्छ । नागरिकहरूले सेवाप्रवाहको वास्तविक परिवेश बुझेका हुन्छन् रतथ्यगत तथा आधिकारिक सूचना प्रदान गर्दछन् । साथै यसले सम्बन्धित अधिकारबाहक संस्थालाई उसले प्रदान गरिरहेको सेवानागरिक मैत्री छ की छैन भन्ने मापन गर्ने उपयुक्त अवसर प्रदान गर्दछ । साथै यस प्रक्रियाले अधिकारबाहक संस्थालाई आफ्नो कार्यको समीक्षा गर्न र आफ्ना कमजोरी तथा सुधार गर्नुपर्ने पक्षहरूलाई समय मै सम्वोधन गर्न सहयोग गर्द छ । सबैभन्दा महत्वपूर्ण कुरा यस प्रक्रियाले समुदायका नागरिकहरूलाई अधिकारबाहक संस्थाहरूको जवाफदेहिता प्रवर्धन गर्न सशक्त बनाउँछ ।

### २.४ सामुदायिक अङ्कपत्रको प्रयोग मार्फत के परिवर्तन गर्ने ?

सामुदायिक अङ्कपत्रको प्रयोगको मूल मर्म अधिकारबाहक (सेवाप्रदायक) संस्थाहरूले समुदायमा प्रवाह गर्ने सेवा तथा सुनिश्चित गर्नु पर्ने अधिकारको प्रत्याभूति गराउने, कामको गुणस्तरियता, पहुँच र निर्णय प्रक्रियामा सुधार ल्याउनु हो । साथै यस प्रक्रियाको लक्ष्य अधिकारबाहक संस्थाहरूले विभिन्न तहमा प्रवाह गर्ने सेवाको गुणस्तरीयता अभिवृद्धि गर्न ति संस्थाहरूको कार्यक्षमता, कार्यदक्षता तथा जवाफदेहितालाई थप प्रवर्धन गर्नु रहेको छ । यस प्रक्रियाको अवलम्बन पश्चात नागरिक मैत्री सेवा प्रवाह स्थापना हुनु यस पद्धतिको मुख्य उपलब्धि हुन्छ ।

### २.५ सामुदायिक अङ्कपत्र प्रक्रियामा को को सहभागि हुन्छन ?

सामुदायिक अङ्कपत्र प्रक्रियामा समुदायका सम्पूर्ण नागरिकहरूलाई सहभागि गराउन सकिन्छ । यसरी धेरै जनालाई सहभागि गराउँदा अव्यवस्थित र अनियन्त्रित भीड हुने भएमा त्यसले अपेक्षित नतिजा ल्याउन अप्ठेरो पर्न सक्छ । तसर्थ मुख्य छलफलहरूमा प्रतिनिधिमूलक रूपमा सहभागि गराउने योजना बनाउनु पर्छ । यसरी प्रतिनिधिमूलक रूपमा सहभागि गराउँदा समुदायका सम्पूर्ण जाति, वर्ग, धर्म, लिङ्गको अर्थपूर्ण प्रतिनिधित्व हुनेगरी सहभागिको छनौट गर्नुपर्दछ । स्थानीय राजनीतिक दलका प्रतिनिधि, क्लबहरू, सामुदायिक संस्थाहरू, स्थानीय शिक्षकहरू, र अन्य संघसंस्थाका प्रतिनिधिहरूलाई अवलोकनकर्ताको रूपमा सहभागि गराउन सकिन्छ ।यस प्रक्रियाको छलफल तथा बहसहरूमा तपशिल बमोजिमका सहभागिहरू हुनु पर्दछ ।

१) अधिकारबाहक (सेवाप्रदायक) संघसंस्था जसले समुदायमा निरन्तररूपमा आफ्ना सेवा प्रवाह गरिरहेका छन ।
२) सबैको अर्थपूर्ण प्रतिनिधित्व हुनेगरी सम्बन्धित समुदायका नागरिकहरू (अधिकारवालाहरू)
३) स्थानीयस्तरमा रहेका राजनीतिक दलका प्रतिनिधि ।
४) स्थानीय स्तरमा कार्यरत सामूदायिक संस्थाहरू ।
५) स्थानीयस्तरमा रहेका अन्य संघसंस्थाका प्रतिनिधिहरू ।

### २.६ सामुदायिक अङ्कपत्र प्रयोगका आधारभूत सिद्धान्तहरु

- सामुदायिक अङ्कपत्र प्रक्रियामा हुने आमने सामने बैठक, अधिकारवालाको बैठक र अधिकारबाहकहरूको बैठक हुनु पुर्व यसको बिधि तथा प्रक्रियामा स्पस्ट हुन आवश्यक छ । एक अर्कालाई आरोप प्रत्यारोप गर्ने बैठकको रूपमा सिमित हुन बाट जोगाउनु पर्दछ ।
- सामुदायिक अङ्कपत्रमा छलफल तथा आमने सामने बैठकहरू हुँदा कुनै ब्यक्ति लक्षित टिप्पणीहरू गर्नु हुदैन । छलफलले संस्थाको कार्य सम्पादन र प्रणाली सुधारका लागि जोड दिनु पर्दछ ।
- छलफल गर्दा पारस्परिक चुनौती र अवसरहरूमा केन्द्रित हुनु पर्दछ ।
- गुणस्तर सुधारको कार्ययोजना निर्माण गर्दा संस्थागत प्रतिबद्धतामा आधारित हुनु पर्दछ ।
- यसले सहभागितामूलक छलफल, विश्लेषण र सुधारको योजना निर्माण गर्ने पद्धतिलाई प्रवर्धन गर्दछ ।

### २.७ सामुदायिक अङ्कपत्र सञ्चालनमा देखा पर्ने चुनौतीहरु

बिभिन्न क्षेत्रहरूमा परम्परागत कार्यशैली विद्यमान रहेको परिवेशमा सार्वजनिक संस्थाहरूले प्रवाह गरिरहेको सेवाको अनुगमनका लागि समुदायका मानिसहरूको सहभागिता हुनु एक नौलो अभ्यास हो । नेपाली समाजमा सामाजिक जवाफदेहिताका अभ्यासहरु अन्य देशभन्दा तुलनात्मक रूपमा कम रहेको पाइन्छ । त्यसकारण प्रथम अनुसन्धानकर्ताका रूपमा यस्ता औजारहरूको प्रयोग गर्नु पक्कै पनि चुनौतिको विषय हो । नयाँ तौरतरिका तथा कार्यविधिहरूको लागि नयाँ कार्यशैलीका साथै सामाजिक तथा राजनीतिक स्वीकार्यताको आवश्यकता पर्दछ । त्यसकारण यस प्रक्रियाको सञ्चालनमा पनि थुप्रै जटिलता तथा चुनौतिहरु हाम्रा सामु आउन सक्छन् । ती मध्ये केही पूर्व अनुमानित चुनौतिहरु तल उल्लेख गरिएका छन् ।

- यस प्रक्रियालाई सर्वपक्षीय रूपमा स्वीकार गर्न समय लाग्न सक्नेछ । सुरूवातको अवस्थामा यो त्यति सहज र सरल रूपमा अगाडि नबढ्न सक्छ ।
- यस प्रक्रियामा असल सहजीकरण सीप अनिवार्य शर्त हो । यदि यसलाई कुशलतापूर्वक अगाडि बढाउन सकिएन भने यसले एकप्रकारको असमझदारी र द्वन्द्वलाई निम्त्याउन सक्छ । कुनै ब्यक्तिले यस प्रक्रियालाई समग्र सेवा प्रवाहको अनुगमन गर्ने भन्दा पनि कुनै एक व्यक्ति विशेषलाई दोषारोपण गर्ने थलोको रूपमा प्रयोग गर्न सक्छन् ।
- यदि सहजीकरण प्रभावकारी भएन भने यस प्रक्रियाले समुदायका मानिसहरूको अवास्तविक आशा तथा अपेक्षाहरूलाई बढावा दिन सक्छ ।
- यसले समुदायका नागरिकहरूका मागहरूलाई बढाउने खतरा हुन सक्छ जसलाई सेवाप्रदायक संस्थाहरूले पूरा नगर्न सक्छन् ।

# खण्ड ग सामुदायिक अङ्कपत्र प्रयोग गर्ने चरणहरु

## ३.१ सामुदायिक अङ्कपत्र प्रयोग गर्ने चरणहरु

सामुदायिक अङ्कपत्र प्रयोगलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि तलको तालिकामा बर्णन गरिए बमोजिमका चरण र उप-चरणहरू आवश्यक पर्दछन ।

| मुख्य चरण | उप-चरणहरु |
| --- | --- |
| **पहिलो चरण**<br><br>पुर्व तयारी तथा योजना निर्माण | ❑ सहजकर्ताको छनौट र तालिम ।<br>❑ अधिकारवाला तथा अधिकारबाहकहरूको समूह पहिचान ।<br>❑ सहभागितामूलक सूचकहरूको निर्माण र अनुमोदन ।<br>❑ अधिकारवाला तथा अधिकारबाहक समूहलाई अङ्कपत्र सञ्चालनको तौर तरिका बारे जानकारी ।<br>❑ अङ्कपत्र प्रयोगका लागि समय रेखा निर्धारण ।<br>❑ पुर्व तयारीका क्रममा गरिने सबै छलफल तथा बैठकहरूमा समुदायको सक्रिय र समावेशीमूलक सहभागिता सुनिश्चित गर्ने । |
| **दोश्रो चरण**<br><br>अवस्था र श्रोत विश्लेषण | ❑ सूचकहरूमा उल्लेख गरिए बमोजिमका श्रोत साधनहरूको बिश्लेषण गर्ने ।<br>❑ अधिकारबाहक संस्थामा नियमानुशार उपलब्ध श्रोत साधन, नीति नियमावली, सञ्चालन गरेका कार्यक्रम र सेवाहरूको बारेमा बिस्तृत जानकारी राख्ने । |
| **तेश्रो चरण**<br><br>अधिकारवालाहरूबाट सामुदायिक अङ्कपत्रसञ्चालन | ❑ छलफल गर्ने स्थान निर्धारण र अधिकारवाला समूहलाई छलफलको समय र दिनको जानकारी दिने ।<br>❑ चरण एकमा निर्धारण गरिएका सूचकहरू छलफलका बेलामा स्पस्ट देखिने गरि लेखेर तयार पारेर राख्ने । यसरी तयार पार्दा हरेक सूचकको पछाडी अङ्क दिने ठाउँ र त्यो अङ्क दिनुको कारण लेख्ने ठाउँ पनि राख्नु पर्छ ।<br>❑ सूचकहरूमा छलफल शुरू हुनु अगाडि समुदायको अपेक्षाहरू संकलन गर्ने ।<br>❑ सूचकहरूमा छलफल गर्दा अधिकारवाला समूहलाई छलफलमा अन्य विषय प्रवेश गर्न नदिनका लागि आचारसंहिता निर्माण गर्ने र विषय केन्द्रित छलफलमा केन्द्रित गराउने ।<br>❑ यस निर्देशिकामा उल्लेख गरिए बमोजिम हरेक सूचकहरूमा अङ्क दिने आधारहरूको बारेमा जानकारी गराउने । छलफल हुने स्थानमा सबैले देख्ने गरि लेखेर टास्ने ।<br>❑ हरेक सूचकमा छलफल गर्दै जाने, अङ्क दिदै जाने र अङ्क दिनुको कारणहरू पनि लेख्दै जाने ।<br>❑ यो प्रक्रियामा उपस्थित सबैको अर्थपुर्ण सहभागिता सुनिश्चित गर्ने ।<br>❑ अधिकारबाहकहरूसँग आमने सामने बैठक हुने दिनको बारेमा जानकारी गराउने र सहभागि मध्ये एक जनालाई सो दिनका लागि प्रस्तुतीकरण गर्ने जिम्मा दिने । |

| मुख्य चरण | उप-चरणहरु |
|---|---|
| **चौथौं चरण**<br><br>अधिकारबाहकहरूबाट सामुदायिक अङ्कपत्र सञ्चालन, | ❑ छलफल गर्ने स्थान निर्धारण र अधिकारबाहक समूहलाई छलफलको समय र दिनको जानकारी दिने ।<br>❑ चरण एकमा निर्धारण गरिएका सूचकहरू छलफलका बेलामा स्पस्ट देखिने गरि लेखेर तयार पारेर राख्ने । यसरी तयार पार्दा हरेक सूचकको पछाडी अङ्क दिने ठाउँ र त्यो अङ्क दिनुको कारण लेख्ने ठाउँ पनि राख्नु पर्छ । यसका लागि यस निर्देशिकामा नमुना खाका राखिएको छ ।<br>❑ सूचकहरूमा छलफल गर्दा अधिकारबाहक समूहलाई छलफलमा अन्य विषय प्रवेश गर्न नदिनका लागि आचार संहिता निर्माण गर्ने र विषय केन्द्रित छलफलमा केन्द्रित गराउने ।<br>❑ यस निर्देशिकामा उल्लेख गरिए बमोजिम हरेक सूचकहरूमा अङ्क दिने आधारहरूको बारेमा जानकारी गराउने । छलफल हुने स्थानमा सबैले देख्ने गरि लेखेर टास्ने ।<br>❑ हरेक सूचकमा छलफल गर्दै जाने, अङ्क दिदै जाने र अङ्क दिनुको कारणहरू पनि लेख्दै जाने ।<br>❑ यो प्रक्रियामा उपस्थित सबैको अर्थपुर्ण सहभागिता सुनिश्चित गर्ने ।<br>❑ अधिकारवालाहरूसँग आमने सामने बैठक हुने दिनको बारेमा अग्रिम जानकारी गराउने र सहभागि मध्ये एक जनालाई सो दिनका लागि हरेक सूचकमा दिएको अङ्क र त्यसको कारणको प्रस्तुतीकरण गर्ने जिम्मा दिने । |
| **पाँचौं चरण**<br><br>अधिकारबाहक र अधिकारवालाको बीचमा आमने सामने बैठक र सुधारको योजना निर्माण | ❑ आमने सामने बैठक हुने ठाउँ, मिति, समय र दिन निर्धारण गर्ने र सम्बन्धित सबैलाई जानकारी गराउने ।<br>❑ अधिकारवाला र अधिकारबाहकबाट सबैको सहभागिता सुनिश्चत गर्ने ।<br>❑ यो प्रक्रियालाई सार्वजनिक ठाउँमा गर्दा छलफल अरू विषयमा विषयान्तर हुन सक्ने भएकाले अङ्कपत्रको छलफलमा माथिको चरण तीन र चारमा संम्लग्न भएका प्रतिनिधिहरू सहभागि हुनु लाभदायक हुन्छ ।<br>❑ हरेक सूचकमा दुबै समूहले दिएको नम्बर र कारणहरूमा छलफल गर्दै जाने ।<br>❑ चरण तीन र चारमा दुबै समूहले अङ्क दिदा फरक फरक अङ्कहरू दिएको अवस्थामा त्यसका कारणहरूमा प्रशस्त छलफल गरि सहजकर्ताले दुबै समूहलाई उपलब्ध तथ्य र छलफलका आधारमा एउटा अङ्कमा सहमत गराउने ।<br>❑ सबै सूचकहरूमा छलफल सकिए पश्चात दुबै समूहबाट अधिकारबाहक समूहले सुधार गर्नु पर्ने विषयहरूको सूचि बनाई कार्ययोजना बनाउन लगाउने ।<br>❑ तयार पारिएको कार्ययोजनाको कार्यान्वयनको प्रतिबद्धता अधिकारबाहक समूहबाट गर्न लगाउने तथा अन्य संघसंस्थाको सहयोगको बारेमा छलफल गर्ने ।<br>❑ अर्को पटकको छलफलहरू तथा आमने सामने बैठकहरूको मितिहरूको बारेमा छलफल गरि बैठक समापन गर्ने । |
| **छैठौ चरण**<br><br>सुधारको योजना कार्यान्वयन र सहयोग | ❑ आमने सामने बैठकका बेला तयार गरेको कार्ययोजनाको कार्यान्वयनका लागि सहजकर्ताहरूले आवधिक रूपमा अधिकारबाहक समूहसँग भेटघाट गर्ने ।<br>❑ कार्ययोजनामा उल्लेख गरिएका सुधारका गतिबिधिहरू सञ्चालन गर्न सहयोग गर्ने ।<br>❑ अर्को चरणको छलफल हुनु अगावै कार्ययोजनाको कार्यान्वियन भएको नभएको कुराको जानकारी लिने र यस कार्यमा सहजकर्ताहरूले आवश्यक सहयोग गर्ने ।<br>❑ अर्को पटकको छलफलका बेलामा पहिलो चोटी तयार पारिएको कार्ययोजनाको छोटो समीक्षा गर्ने । |

## ३.२ सामुदायिक अङ्कपत्रको प्रयोग गर्दा अङ्क दिने आधारहरु

| अङ्क | अवस्था | सूचकहरु वा आधारहरु |
|---|---|---|
| १ | नराम्रो | ❑ कसैलाई पनि जानकारी नभएको ।<br>❑ एक चोटी पनि अभ्यास नगरेको ।<br>❑ सम्बन्धित नीति नियमको बारेमा कसैलाई थाहा नभएको। |
| २ | सामान्य | ❑ अलि अलि जानकारी भएको ।<br>❑ एक दुई पटक अभ्यास गरेको, सेवा पाएको, सहभागि भएको ।<br>❑ नीति नियमको बारेमा केहिलाई मात्र जानकारी भएको । |
| ३ | राम्रो | ❑ उपस्थित सबैलाई जानकारी भएको ।<br>❑ नियमित अभ्यासमा रहेको ।<br>❑ नीति नियमहरूका बारेमा सबै जानकार रहेको ।<br>❑ केही सुधारको आवश्यकता महशुस भएको । |
| ४ | एकदमै राम्रो | ❑ उपलब्ध सेवा प्रति सबै खुसि भएको ।<br>❑ सबैलाई प्रशस्त जानकारी भएको ।<br>❑ स्पस्ट नीतिगत ब्यवस्था भएको ।<br>❑ यस विषयमा बिभिन्न संचार माध्यमहरूमा चर्चा हुने गरेको । |

सामान्यतः सामुदायिक अङ्कपत्रको प्रयोग गर्दा १ देखि ४ अङ्क दिएतापनि यसलाई १ देखि ५, १ देखि १० र १ देखि १०० को अङ्क पनि प्रयोग गर्न सकिन्छ । एउटै परियोजनामा बिभिन्न अङ्क दिंदा भने विश्लेषण गर्न कठिनाई हुने भएकोले समान प्रकारको अङ्क दिनु उपयुक्त हुन्छ ।

# खण्ड घ नागरिक समाज संस्थाहरुमा सुशासन र समावेशीकरण अभिबृद्धिका लागि सामुदायिक अङ्कपत्रको प्रयोग

**४.१ प्रयास परियोजना**

भिएसओले समावेशी उत्थानशीलता र जवाफदेहिता प्रवर्धनका लागि युवा सञ्जाल सुदृढीकरण (Promoting Inclusive Resilience and Accountability through Youth Association Strengthening- PRAYAS) प्रयास परियोजना सञ्चालनमा ल्याएको छ । प्रयास परियोजनाले विपद् जोखिम न्यूनिकरण तथा जलवायु परिवर्तन अनुकूलनका (CCA/DRR) लागि राष्ट्रिय र प्रदेश स्तरमा नीति निर्माण तथा तिनको कार्यान्वयन गर्न र सहभागितामूलक पद्धतिहरू तथा बहु-सरोकारवालाहरूसँगको साझेदारीमा विकासका केही नमुना अभ्यासहरू पहिचान गर्न युवा र तिनका प्रतिनिधि नागरिक समाज संस्थालाई मुख्य सरोकारवाला तथा प्राथमिक सम्बाहकका (Primary Actors) रूपमा लिएको छ । यसका साथै विपद् र जलवायु परिवर्तनको मुख्य असर पर्ने युवा लगायत अन्य सिमान्तकृत समुदायको सहभागिता र संलग्नता बृद्धिका लागि युवा र युवाहरूले नेतृत्व गरेका नागरिक समाज संस्थाहरूमा समावेशी सुशासन अभिबृद्धि गर्दै विपद् र जलवायु परिवर्तनका योजना तर्जुमा, नीति निर्माण र तिनको कार्यान्वयनमा युवाहरूको अर्थपुर्ण सहभागिता अभिवृद्धि गर्न आवश्यक क्षमता अभिवृद्धिका क्रियाकलापहरू यस परियोजनामा समेटिएको छ ।

**प्रयास परियोजनाको नतिजा, उद्देश्य र अपेक्षित परिणामहरु**

**समग्र उद्देश्यः** युवाहरूको रणनीतिक सहभागिता र नेतृत्व मार्फत समावेशी र युवा मैत्री शासन पद्धति सुदृढीकरण गरि पालिका, प्रदेश र राष्ट्रिय तहमा एकीकृत विपद् तथा जलवायु उत्थानशीलता प्रवर्धन गर्ने ।

**विशिष्ट उद्देश्यः** युवा र अन्य बहिस्करणमा पारिएका समुदायलाई प्रभावकारी रूपमा स्थानीय विपद् तथा जलवायु उत्थानशील प्रक्रियामा सम्लग्न गराउन युवाहरूले नेतृत्व गरेका संस्थाहरूको भूमिका अभिबृद्धि गर्ने ।
मुख्य नतिजाहरू

१) स्थानीय तहको एकीकृत जलवायु तथा विपद् उत्थानशील प्रणालीको नेतृत्व गर्न युवाहरूले नेतृत्व गरेका संस्थाहरूको क्षमता अभिबृद्धि गर्ने ।

२) कर्णाली प्रदेश र मधेश प्रदेश केही स्थानीय तहहरूको एकीकृत जलवायु तथा विपद् उत्थानशील प्रणालीमा र प्रदेश र संघीय तहमा युवाहरूको अर्थपूर्ण सहभागिता अभिबृद्धि गर्ने ।

३) युवाहरूले नेतृत्व गरेका संस्थाहरूले युवा मैत्री एकीकृत जलवायु तथा विपद् उत्थानशील प्रणाली स्थापना गर्नका लागि नीति निर्माण र नीति पैरवी मार्फत आवश्यक नीतिगत वातावरण निर्माण गर्ने ।

४) संघीय र स्थानीय तहमा विपद् जोखिम व्यवस्थापन प्रणाली स्थापना गर्नका लागि युवाहरूको भूमिका र योगदान अभिबृद्धि गर्ने ।

**प्राथमिक परिणामहरु**

१) युवाहरूलाई समुदाय र लैङ्गिक मैत्री विपद् व्यवस्थापन योजना तर्जुमा प्रणालीमा अर्थपुर्ण रूपमा सहभागि गराउन दुई वटा प्रदेशका युवाहरूले नेतृत्व गरेका १५ वटा संस्थाहरूको संस्थागत क्षमता अभिबृद्धि गर्ने ।

२) स्थानीय जलवायु तथा विपद् उत्थानशील प्रक्रियामा युवा तथा अन्य सिमान्तकृत समुदायको प्रतिनिधित्व र सहभागिता बढाउन सहयोगि हुने किसिमले पालिका र प्रदेश तहका ६० जना प्रतिनिधिहरूको क्षमता अभिबृद्धि गर्ने ।

३) स्थानीय जलवायु तथा विपद् उत्थानशील प्रक्रियामा सहभागिता बढाउन १००० युवाहरूको विपद् जोखिम उत्थानशीलता, पैरवी, सुशासन जस्ता विषयमा क्षमता अभिबृद्धि गर्ने ।

४) युवा तथा समावेशीकरण मैत्री स्थानीय जलवायु तथा विपद् उत्थानशील प्रक्रिया तथा नीति निर्माणका लागि युवाहरूले नेतृत्व गरेको स्थानीय जलवायु तथा विपद् उत्थानशील प्रक्रियाको पैरवी गर्ने र सरोकारवालाको संलग्नता सुनिश्चित गर्ने ।

५) २ वटा पालिकामा युवा तथा लैङ्गिक मैत्री स्थानीय जलवायु तथा विपद् उत्थानशील योजना, प्रणालीको विकास र जोखिम न्यूनिकरणका गतिबिधि गर्ने ।

६) युवाहरूको रचनात्मक सहयोगबाट दुई वटा पालिकाका आठ वटा वार्डहरूमा स्थानीय जलवायु तथा विपद् उत्थानशीलता अभिबृद्धि गर्ने किसिमका गतिबिधिहरू सञ्चालन गर्ने ।

### ४.२ प्रयास परियोजनामा सामुदायिक अङ्कपत्रको प्रयोगको अवधारणा

प्रयास परियोजनाले युवा संस्थाहरूको क्षमता अभिबृद्धि गरि नीति निर्माण तहमा युवा तथा तिनका संस्थाहरूको आवाज बढाउने उद्देश्य राखेकाले ति संस्थाहरूको आन्तरिक क्षमता सुधारका लागि सामुदायिक अङ्कपत्रको प्रयोग गरेको छ । यस सामुदायिक अङ्कपत्रको प्रयोग सामान्यतयाः स्थानीय तहमा सेवाप्रवाह गर्ने संघसंस्थाहरूको सामाजिक जवाफदेहिताको सहभागितामूलक तरिकाले आँकलन गर्न प्रयोग गरिन्छ तर यस औजारलाई अन्य क्षेत्रमा पनि प्रयोग गर्न सकिन्छ । प्रयास परियोजनाको सन्दर्भमा युवा संस्थाहरूको आन्तरिक सुशासन प्रवर्धनकन लागि यस औजारको प्रयोग गर्न लागिएको हो । यो औजार प्रयोग गर्दा युवा संस्थाहरू आफु सेवा प्रदायक (अधिकारबाहक) र ति संस्थाका सदस्यहरू र साझेदारका रूपमा कार्य गर्ने स्थानीय तह वा अन्य कुनै निकाय सेवा ग्राही (अधिकारवाला) हुन्छन । युवा संस्था आफुले आफ्नो सुशासन सुधारका लागि यो औजार प्रयोग गर्ने र त्यस संस्थासँग सम्बन्धित सेवाग्राहीले आवधिक रूपमा संस्था भित्रको सुशासनको अवस्थाको लेखाजोखा गर्नका लागि यस औजारको प्रयोग गरिएको हो ।

यसमा गैसस वा नागरिक समाजका संस्थाहरूले समावेशी सुशासनका लागि बिभिन्न क्षेत्रहरूमा अपनाउनु पर्ने अभ्यासहरू समेटी अंङ्कपत्र तयार गरिएको छ । सो अंङ्कपत्रमा कसरी मुल्याङ्कन गर्ने भन्ने पनि उल्लेख गरिएको छ र सुधारका बिभिन्न अवस्थाहरू उल्लेख गरि हरेक अवस्थाको लागि अंङ्कहरू निर्धारण गरिएका छन । यस निर्देशिकाको पछिल्लो भाग तिर उल्लेख भए अनुशारले संस्थाको कार्यसमिति र व्यवस्थापन समिति स्वयंले (एउटा समूह) र सदस्यहरू र अन्य साझेदारहरूले (दोश्रो समूह) बेग्लाबेग्लै अंङ्क दिए पश्चात दुबै पक्षको आमनेसामने बैठकमा छलफल गर्ने र सुधारको योजना बनाउने कार्य गर्नु पर्ने छ ।

### ४.३ प्रयास परियोजनामा अङ्क पत्र प्रयोग गर्दा अपनाइएका मुख्य चरणहरु

सामुदायिक अङ्कपत्र प्रयोगका मूख्य चरणहरूसँग नबाझिने गरि परियोजनाहरूमा अङ्कपत्र प्रयोग गर्दा सजिलो र थप सरल बनाउनका लागि चरणहरू पुनः परिभाषित गर्न सकिन्छ । प्रयास परियोजनाका तपशिल बमोजिमका चरणहरू प्रयोग गरिएको छ ।

**१) तयारी चरण**

सामुदायिक अङ्कपत्रको सहजिकरण गर्ने सहजकर्ताका लागि यसको उद्देश्य, प्रक्रिया र पद्धतिको बारेमा साझा बुझाई निर्माण गर्न आवश्यक हुन्छ । यस तयारीको चरण अर्न्तगत निम्न लिखित क्रियाकलापहरू आवश्यक हुन्छन।

१.१) सामुदायिक अङ्कपत्रको प्रक्रिया, आवश्यक फाराम र सन्दर्भका रूपमा सूचकहरूको बारेमा उल्लेख गरिएको निर्देशिका तयार गर्ने ।

१.२) सहजकर्ताहरू छनौट र आवश्यक तयारी ।

१.३) नागरिक समाजका संस्थाहरू, केही सरकारी निकायका प्रतिनिधी र अन्य सरोकारवालाहरूसँग यसको प्रक्रिया र सूचकहरूको बारेमा छलफल गर्ने ।

**२) युवा संस्थाका प्रतिनिधिहरुका लागि सामुदायिक अङ्कपत्रको प्रयोगको बारेमा तालिम वा अभिमूखिकरण**

यस चरणमा संस्थाहरूबाट सहजकर्ताका रूपमा छनौट भएका सहभागिहरूलाई संस्थागत आन्तरिक शुसासन र जवाफदेहिता बढाउनका लागि सामुदायिक अङ्कपत्रको प्रयोग र यसको महत्वको बारेमा तालिम अभिमूखिकरण गर्ने । सँगसँगै ति सहजकर्ताहरूलाई सामुदायिक अङ्कपत्रको बारेमा स्थानीय सरकारलाई पनि प्रभाव पार्नका लागि पैरवी गर्न सक्ने बनाउन थप छलफल पनि गर्नु पर्दछ । सहजकर्ताहरूसंग यस्तो छलफल गर्दा र अङ्कपपत्रको प्रयोग गर्दा सो छलफलमा महिला तथा अन्य पछाडि पारिएका समुदायका प्रतिनिधिहरूलाई अनिवार्य रूपमा यस प्रक्रियामा सहभागि गराउनु पर्दछ भन्ने छलफल पनि गर्नु पर्दछ ।

२.१) सहजकर्ता छनौटः एउटा संस्थाबाट एक जना सहजकर्ता छनौट गर्ने र तालिममा सहभागि गराउने ।

२.२) तालिम पश्चात सहजकर्ताहरूले आफ्नो संस्थाको कार्यसमिति र व्यवस्थापन समूहसँग यस विषयमा जानकारी आदान प्रदान गर्ने र अङ्कपत्रको छलफल सुरू गर्ने विषयमा कार्ययोजना निर्माण गर्न लगाउने ।

**३) युवा संस्थाहरुमा उपलब्ध श्रोत साधन र नीति नियमावलीको लेखाजोखा**

हरेक संस्थाबाट तालिममा सहभागि सहजकर्ताहरूले आफ्ना संस्थाका कार्य समिति र मुख्य व्यवस्थापनसँग दोहोरो छलफल गरि सो संस्थाले हाल सञ्चालन गरिरहेका मुख्य कामहरूको बारेमा जानकारी लिने, टिपोट गर्ने र त्यो संस्थाको मुख्य नीति नियमावलीको बारेमा जानकारी संकलन गर्ने कार्य गर्नेछन । यस जानकारीका आधारमा पछि सामुदायिक अङ्कपत्र तयार गर्दा संस्थाले गरिरहेका मुख्य कामहरू र संस्थागत सुशासन सम्बन्धी बुदाहरूलाई अङ्कपत्रमा उल्लेख गरिन्छ । यस्ता जानकारीहरू संकलन गर्दा तल उल्लेखित कुराहरूमा केन्द्रित रहनु पर्दछ ।

- ❑ संस्थागत शुसासन अभिबृद्धिका लागि बिद्यमान नीतिगत व्यवस्थाहरू ।
- ❑ आवश्यक सूचकहरू निर्माण र सहमति ।
- ❑ अङ्कपत्रको कार्यान्वयनका लागि कार्ययोजना र अन्य तयारी ।

**४) युवा संस्था (कार्य समिति र मुख्य व्यवस्थापन समूहः अधिकारबाहक) र तिनका अधिकारवाला (सदस्यहरु, स्थानीय सरकार लगायतका अन्य साझेदार) हरुको संयुक्त बैठक**

यस बैठकबाट अङ्कपत्रमा राखिने सूचकहरूको छलफल र अन्तिमीकरण गरी सामुदायिक अङ्कपत्रको अवधारणा तथा अवलम्वन गरिने प्रक्रियाहरूवारे समान समझदारी कायम गरिन्छ । युवा संस्था र तिनका अधिकारवालालाई एउटै किसिमको सूचकमा रहेर समीक्षा र अङ्क दिनु पर्ने छ भनि सहमत पनि गराईन्छ ।

**५) सामुदायिक अङ्कपत्रको समीक्षा र अङ्कप्रदान**

- ❑ अङ्कपत्रको समीक्षामा कति जना र को-को सहभागि हुने बारेमा छलफल गर्ने र निश्चित संख्या तोक्ने ।
- ❑ युवा संस्थाहरूद्वारा (अधिकारबाहकः कार्य समिति सदस्यहरू, व्यवस्थापन समूह) अङ्कपत्रको आन्तरिक समीक्षा र अङ्क प्रदान गर्ने ।

- युवा संस्थाका अधिकारवालाहरूबाट (साधारण सदस्य, वडा कार्यालयका प्रतिनिधि वा स्थानीय बिद्यालयका प्रतिनिधि) अङ्कपत्रको समीक्षा र अङ्क प्रदान गर्ने । अधिकारवालाहरूको सहभागिताका लागि संस्थाले जुन-जुन निकायहरूसँग मिलेर कार्य गरेको हुन्छन, यस प्रक्रियामा ति संस्थाहरूबाट साझेदार र सहकार्यकर्ताको रूपमा सहभागि गराउन सकिन्छ ।

## ६) युवा संस्था (अधिकारबाहक) र अधिकारवालाका बीचमा आमने सामने बैठक

यस बैठकमा दुबै पक्षहरूले अङ्कपत्रमा दिइएको अङ्क र त्यसको कारणहरू एक-एक गरि आदान प्रदान गरिन्छ । दुबै पक्षका तर्कहरू सुन्ने र एक अर्कालाई थप स्पस्टताका लागि प्रश्नहरू पनि सोध्न सकिन्छ । यस प्रक्रियामा कुनै पनि पक्षले अर्को पक्षलाई दिइएको अङ्क गलत छ भनेर भन्नु भन्दा पनि किन त्यस्तो अङ्कहरू आयो भन्ने श्रृजनात्मक बहस गर्नु पर्दछ । यस छलफलको आधारमा दुवै पक्षलाई चित्त बुझेको अङ्कपनि राख्न प्रेरित गरि अङ्कहरूलाई अन्तिम रूप दिन सकिन्छ ।

## ७) कार्य योजना निर्माण र कार्यान्वयन

अङ्कपत्रमा दुबै पक्षहरूबाट प्राप्त सुझावहरूका आधारमा संस्थाले सुधारको योजना निर्माण गर्नु पर्दछ । कार्ययोजना निर्माण गर्दा दोश्रो पटकको अङ्कपत्रमा समीक्षा गर्नु पर्ने समयसीमालाई आधार मानेर त्यस बेला सम्म सुधार गर्न सकिने कुरामा जोड दिनु पर्दछ । कुनै कुनै सुधारका क्रियाकलापहरू लामो समय लाग्ने किसिमका हुन सक्छन तिनिहरूलाई त्यसै अनुरूप योजनामा समावेश गर्ने र अर्को पटकको छलफलमा त्यसमा भएको क्रमिक प्रगतिको बारेमा बहस गर्न सकिन्छ ।

## ८) युवा संस्थाहरुको आन्तरिक शुसासनको अवस्था तयार

यस चरणमा एउटा पालिका भित्रका सामुदायिक अङ्कपत्रको अभ्यास गर्ने युवा संस्थाहरूको आन्तरिक शुसासनको अवस्था तयार गर्ने कार्य गर्नु पर्दछ । यसका निम्ति सहभागि भएका युवा संस्थाहरूको अङ्कहरूलाई जोडेर विभिन्न सूचकहरूमा समष्टिगत अङ्क तयार गरिन्छ । यसले उक्त पालिकामा अवस्थित नागरिक समाज संस्थाहरूको आन्तरिक शुसासनको अवस्था झल्काउन सहयोग गर्दछ । विश्लेषणका निम्ति अन्य पालिकामा भएका नागरिक समाज संस्थाहरूको अवस्थासँग पनि तुलना गरि प्रस्तुतीकरण गर्न सकिन्छ ।

## ९) पालिका स्तरीय अवस्था आदान प्रदान बैठक

एउटा पालिका भित्रका युवा संस्थाहरूले गरेको अङ्कपत्रको अभ्यासबाट तयार गरेको प्रतिवेदनको पालिका स्तरमा जानकारी आदान प्रदान गर्नुपर्दछ। यसबाट थप संस्थाहरूले पनि अङ्कपत्रको प्रयोग गर्न हौसला प्राप्त गर्नेछन र साथै पालिका तहका सरकारी तथा अन्य सरोकारवाला संस्थाहरूले पनि युवा संस्थाहरूको सुशासनका विषयमा सुदृढिकरण भईरहेका प्रयासहरूको बारेमा जानकारी प्राप्त गर्ने छन ।

## १०) कार्ययोजना र प्रगतिको समीक्षा

पहिलो आमनेसामने बैठक पश्चात निर्माण गरेको कार्य योजनाको समीक्षा चार महिना पछि गर्न सकिने छ र यस्तो प्रक्रियालाई आवधिक रूपमा निरन्तरता दिदै जान सकिन्छ ।

## ११) अन्तिम पटकको समीक्षा र थप सुधारको योजना निर्माण

कम्तीमा तीन पटक सम्म अङ्क दिने र आमनेसामने बैठकहरू पश्चात संस्थाले तीनवटै चरणबाट प्राप्त उपलब्धि, सिकाई र चुनौतिहरूको बारेमा छलफल र समीक्षा गर्ने, त्यसको उचित दस्तावेजिकरण गर्ने र बाह्य सहयोग नहुँदा पनि संस्थामा यसको नियमित प्रयोगको योजना निर्माण गर्ने प्रक्रियाहरूलाई प्रोत्साहन दिनुपर्दछ । यसरी तीन पटक यो प्रक्रिया गर्दा संस्थाका लागि पहिलो, दोश्रो र तेश्रो पटकको अङ्कहरूले क्रमशः आधाररेखा, मध्यमकालीन विश्लेषण र अन्तिम विश्लेषणको रूपमा कार्य गर्ने र क्रमिक सुधार भएको विषयलाई देखाउन पनि सजिलो हुने छ ।

| १२) युवा संस्थाहरुको तर्फबाट अङ्कपत्र र सुशासन सुदृढिकरणका लागि प्रतिबद्धता |
|---|
| संस्थाको आन्तरिक सुशासनलाई थप बलियो बनाई राख्नका लागि अङ्कपत्रको निरन्तरता र सुधार योजनाको प्रभावकारी कार्यान्वयनका लागि संस्थाहरूले आफै भित्र र एउटा पालिक भित्र भएका संस्थाहरूले सामुहिक रूपमा प्रतिबद्धता गर्नु पर्दछ । यस प्रक्रियामा पालिका लगायत अन्य सरोकारवाला निकायलाई समावेश गराउदा झन प्रभावकारि हुन्छ । युवा संस्थाहरूले सुशासन सुधारका लागि प्रयोग गरिएको यस औजारको बारेमा पालिका लगायत अन्य संस्थाहरूलाई यसको प्रयोगको लागि पैरवी गर्ने माध्यमका रूपमा पनि यो चरण महत्वपूर्ण हुन्छ । |

## ४.४ प्रयास परियोजनामा अङ्क पत्र प्रयोग गर्दा अङ्क दिनका लागि अपनाइएको तरिका

| अङ्क | अवस्था | सूचकहरु वा आधारहरु |
|---|---|---|
| १ | नराम्रो | ❑ यस विषयमा जानकारी नभएको ।<br>❑ नीतिहरूमा केही पनि उल्लेख नभएको ।<br>❑ एक चोटी अभ्यास गरेर छोडेको । |
| २ | सामान्य | ❑ कार्यसमितिको तहमा थोरै जानकारी भएको ।<br>❑ नीतिहरूमा केही मात्रामा उल्लेख भएको ।<br>❑ अभ्यासमा रहेको तर नियमित नरहेको । |
| ३ | राम्रो | ❑ यस विषयमा कार्यसमितिका अधिकांस सदस्य र अन्य साधारण सदस्य जानकार रहेको<br>❑ नीतिहरूमा स्पस्ट रूपमा उल्लेख भएको र सबैको जानकारीमा रहेको ।<br>❑ नियमित रूपमा अभ्यासमा रहेको ।<br>❑ केही प्रावधानहरू वा अभ्यासहरू अद्यावधिक गर्न बाँकी ।<br>❑ थोरै मात्रामा थप स्पस्टता वा जानकारी आवश्यक । |
| ४ | एकदमै राम्रो | ❑ नीतिहरूमा स्पस्ट रूपमा उल्लेख भएको र आवधिक रूपमा अद्यावधिक पनि गरिएको ।<br>❑ कार्यसमितिका सबै र अधिकांस साधारण सदस्यहरूमा जानकारी ।<br>❑ साझेदारहरूलाई जानकारी ।<br>❑ लामो समयबाट प्रयोगमा रहेको ।<br>❑ संस्थाको बारेमा कसैले पनि केही गुनासा तथा उजुरीहरू नगरेको ।<br>❑ संस्थाको यस अभ्यासको बारेमा पत्रपत्रिका तथा स्थानीय रेडियोहरूमा समाचार आएका |

## अनुसूचि १: अङ्कपत्रको नमुना

| क्षेत्र र उपक्षेत्रहरु | सूचकहरु | मुल्याङ्कन | | |
|---|---|---|---|---|
| | | अङ्क | किन यति अङ्क दिइयो ? | प्रमाणहरु |
| १) समावेशी सुशासन | कार्यसमितिको चयन प्रक्रिया प्रजातान्त्रिक बिधिमा आधारित हुने गरेको । | | | |
| | कार्यसमिति र अन्य आवश्यक संरचनाहरू समावेशी बनाउन संस्थाको बिधानमा समावेशी प्रावधानहरू रहेको र सोही अनुशार कार्यान्वयन भएको । | | | |
| | संस्थासँग आर्थिक तथा प्रशासनिक नियमावली, मानव श्रोतको व्यवस्थापन गर्ने र परियोजनाहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्न नियमावलिहरू भएको र कार्यान्वयनमा रहेको । | | | |
| | संस्थागत गतिबिधिको सामाजिक लेखाजोखा र परियोजनाहरूको हकमा पारदर्शिताका लागि होर्डिङ बोर्ड, जन लेखा परीक्षण गर्ने गरेको । | | | |
| २) नेतृत्व र रणनीति | कार्यसमितिको नियमित बैठक बसेको र बहुमत सदस्यहरू उपस्थित हुने गरेको र निर्णय सामूहिक सहमतिका आधारमा हुने गरेको | | | |
| | आवधिक रूपमा हुने साधारण सभा र अधिवेशनहरू ठिक समयमा हुने गरेको | | | |
| | संस्थामा सामूहिक नेतृत्व छ र कार्य तथा जिम्मेवारीहरूको बाँडफाँड उचित रूपमा गरेको छ । कार्यसमिति सदस्यहरूको लिखित रूपमा जिम्मेवारी विवरण तयार गरि सबैलाई उपलब्ध गराइएको छ । | | | |
| | संस्थाले रणनीतिक योजना निर्माण गरेको र संस्थाको परिकल्पना, ध्येय र लक्ष्यहरू स्पस्ट किटान गरिएको । यि रणनीतिक योजनाहरू सहभागितात्मक रूपमा तयार गरिएको तथा सदस्य र कर्मचारीहरूलाई रणनीतिक योजनाको प्रगति वारे वार्षिक रूपमा छलफल गर्दै वार्षिक योजना तयार गर्ने गरेको । | | | |
| ३) जन वकालत र पैरवी, (बैधानिकता, पहिचान, रणनीतिहरू र आवश्यक सीपहरू | संस्थाले नियमति रूपमा पैरवीका मुद्धाहरू पहिचान गर्ने र सोही अनुशारको वकालत रणनीतक योजना निर्माण गर्ने । | | | |
| | संस्थाले स्थानीय तहमा सामाजिक अभियानहरू सञ्चालन गर्ने गरेको । यसका निम्ति आवश्यक साझेदारहरूसँग सम्बन्ध विस्तार गर्ने गरेको । | | | |

| क्षेत्र र उपक्षेत्रहरु | सूचकहरु | मुल्याङ्कन | | |
|---|---|---|---|---|
| | | अङ्क | किन यति अङ्क दिइयो ? | प्रमाणहरु |
| | संस्थाले पैरवी गर्ने बिषयगत क्षेत्रहरू तोकेको हुन्छ र सोही अनुशारको पहिचान बनाएको हुन्छ । | | | |
| | संस्थाले आफ्ना सदस्यहरूलाई नियमित रूपमा पैरवी र जन वकालतका सीपहरू प्रदान गर्ने गर्दछ । | | | |
| ४) आर्थिक तथा प्रशासनिक व्यवस्थापन | नियमित र ठिक समयमा संस्थाको नवीकरण र कर चुक्ता गर्ने । | | | |
| | बित्तीय व्यवस्थापनका लागि नियमावली भएको र त्यसको प्रभावकारी कार्यान्वयन गरिएको । | | | |
| | आन्तरिक लेखापरीक्षणको लागि समिति बनाएको र समितिले नियमित रूपमा आ.ले.प गर्ने गरेको । | | | |
| | कार्यालय सञ्चालनका लागि आर्थिक प्रशासन तथा अन्य आवश्यक नियमावली तयार गरि प्रभावकारि रूपमा लागू गरिएको । | | | |
| ५) दिगोपना, उथ्थानशीलता र सान्दर्भिकता | संस्थासँग दिगोपनाको योजना तथा श्रोत परिचालन निर्देशिका बनाईएको तथा कार्यान्वयन गर्ने प्रक्रिया छ । | | | |
| | स्थानीय सरकार र अन्य श्रोत साझेदारहरूसँग परियोजनाका लागि साझेदारी र अगुवाई गरेको हुन्छ । | | | |
| | स्थानीय श्रोत साधनको परिचालन र साझेदारी बढी मात्रामा गरेको छ । सबै सरोकारवालाका लागि पहिलो रोजाईको साझेदार बनेको छ । | | | |
| | संस्थाले स्थानीय स्तरमा र समुदाय तहमा हुने गरेका विपद् जोखिमका घटनाहरूमा उद्धारकर्ताको रूपमा संम्लग्न हुने गरेको छ । र यस्तो विपद्बाट समुदायलाई जोगाउन नियमति रूपमा सचेतना जगाउने र सरकारलाई झक्झक्याउने कार्य गर्छन । संस्थालाई विपद्मा पनि कार्यगर्न सक्ने बनाउनका लागि संस्थागत विपद् व्यवस्थापन योजना बनाईएको छ तथा कार्यान्वयन गर्नका निम्ति कार्यदलको पनि व्यवस्था गरिएको छ । | | | |

| क्षेत्र र उपक्षेत्रहरु | सूचकहरु | मुल्याङ्कन | | |
|---|---|---|---|---|
| | | अङ्क | किन यति अङ्क दिइयो ? | प्रमाणहरु |
| ६) सिकाई व्यवस्थापन दस्ताबेजीकरण र बाह्य सम्बन्ध | संस्थाले आवधिक रूपमा प्रगति प्रतिवेदन तयार गर्ने र सम्बन्धित सरोकारवालालाई आदान प्रदान गर्ने र नियमित रूपमा सरोकारवालाका बीचमा संयुक्त अनुगमन गर्ने, प्रगति समीक्षा र सिकाई आदान प्रदान गर्ने । वाह्य निकायहरूसँग सम्वन्ध विस्तारका लागि संचारका निम्ति सम्पर्क ब्यक्ति तोकिएको तथा संचार रणनीतिक निर्देशिका तयार गरिएको । | | | |
| | स्थानीय तह, जिल्ला तहका सरोकारवालाहरूले संस्थालाई बिभिन्न गतिबिधिहरूमा आमन्त्रण गर्ने, सहभागि गराउने र साझेदारि गर्ने गरेको । संस्था मुद्धा मिल्ने बिभिन्न संस्थाहरूको संजालमा आवद्ध छ । | | | |
| | स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा सहभागि हुने गरेको र सहजिकरण गर्ने गरेको । | | | |
| | संस्थाले वार्षिक रूपमा सामाजिक लेखाजोखा गरि संस्थाको प्रभावकारीता बारे समुदाय, सरकारी, गैरसरकारी तथा अन्य सरोकारवाला निकायहरूसँग पृष्ठपोषण लिने गरिएको । | | | |

# खण्ड ङ नागरिक अगुवाइमा दिगो विकास प्रवर्धनका लागि सामुदायिक अङ्कपत्रको प्रयोग

### ५.१ पृष्ठभूमि

संयुक्त राष्ट्र संघले सन् २०१५ को सेप्टेम्बरमा दिगो विकास लक्ष्यहरू अनुमोदन गर्‍यो । दिगो विकासका १७ ओटा लक्ष्य र १६९ वटा सूचकहरूमा दिगो परिवर्तनका लागि आवश्यक सबै क्षेत्रहरु जस्तै शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता, आर्थिक वृद्धि, स्वच्छ ऊर्जा र अरु धेरै क्षेत्रहरु समेटिएका छन् । दिगो विकास लक्ष्यहरूलाई Leave No One Behind (LNOB) को अवधारणामा आधारित भई कार्यान्वयनमा ल्याइएको छ । यस अवधारणाले सबैभन्दा सिमान्तकृत वर्गलाई प्राथमिकताको सूचिमा राख्ने र ति वर्गहरूको आर्थिक, सामाजिक र सर्व पक्षीय उत्थान गर्ने उद्देश्य रहेको छ ।

दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयनको लागि नागरिक समाज समूह, सहकारी, सञ्चार माध्यम र समुदायमा आधारित संस्थाहरूको अर्थपूर्ण सहभागिता आवश्यक हुन्छ । यसका साथै दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न सरकारी र निजी क्षेत्र दुबै थप जिम्मेवार भई साझेदारीमा काम गर्न आवश्यक छ । प्रदेश र स्थानीय तहमा दिगो विकास लक्ष्यको स्थानीयकरणका लागि सहभागितामूलक योजना तर्जूमा र बजेट निर्माण प्रक्रियामा पृष्ठपोषण दिनको लागि सिमान्तकृत समुदायको सहभागिता आवश्यक छ । यसका साथै दिगो विकासका लक्ष्यहरूको सफल र प्रभावकारी कार्यान्वयनका लागि अर्न्तराष्ट्रिय स्तरका संघसंस्थाहरूका बीचमा साझेदारी र समन्वय अभिबृद्धि गर्न अपरिहार्य रहेको छ ।

### ५.२ सामुदायिक अङ्कपत्रको प्रयोगबाट स्थानीय नागरिकहरुद्धारा स्थानीय स्तरमा दिगो विकासको अवस्था विश्लेषण

विभिन्न सरोकारवाला, सरकारी निकायका प्रतिनिधिहरू, गैर सरकारी संस्थाका प्रतिनिधिहरू, राजनीतिक दलका प्रतिनिधिहरू, नागरिक समाजका प्रतिनिधिहरू र सामाजिक अभियन्ताहरू आदिसँग बसी सामुदायिक अङ्कपत्र तथा यसको प्रभावकारी कार्यान्वयनका बारेमा अर्न्तक्रिया सम्पन्न गर्न सकिन्छ । उक्त अर्न्तक्रिया गोष्ठीमा यस विषयको उद्देश्यका बारेमा स्पष्ट पार्दै नागरिक समुह तथा सरकारी पक्ष बीच समान समझदारी कायम गर्नु पदर्छ । स्थानीय वडा तथा पालिकामा दिगो विकासका लक्ष्यहरूको कार्यान्वयनको वर्तमान अवस्थाको विश्लेषण गर्न आवश्यक छ ।

त्यसैगरि वडा तथा समुदायमा महिला, दलित, अपाङ्गता भएका, लैङ्गिक तथा यौनिक अल्पसंख्य्क तथा अन्य पछाडि पारिएका युवाहरूको सहभागितामा दिगो विकासका सूचकहरूमा केन्द्रित रहेर वर्तमान अवस्थाका वारेमा अर्न्तक्रिया गर्नु पर्दछ । यसका लागि दिगो विकास लक्ष्य, सामाजिक जवाफदेहिता तथा सामुदायिक अङ्कपत्रमा तालिम प्राप्त विशेषतः युवा सहजकर्ताहरूले सहजीकरण गर्नुपर्दछ । सामुदायिक अङ्कपत्रको तयारी स्वरूप यसको प्रक्रिया, आवश्यक फारामहरूको तयारी, सूचकहरू निर्माण, सहजकर्ता छनौट र तालिम र अधिकारबाहक र अधिकारवाला समूहका बीचमा यस प्रक्रियाको बारेमा समान बुझाई निर्माण गर्न अभिमूखिकरण गतिबिधिहरू सञ्चालन गर्नु पर्दछ ।

### ५.३सामुदायिक अङ्कपत्र बिधि (प्रक्रिया) का मुख्य चरणहरु

#### चरण १ः तयारी चरण

सामुदायिक अङ्कपत्रको शुरूवात गर्नु अगाडि स्थानीय सरकारी निकाय मुख्यतया नगरपालिका, गाउँपालिका, वडा कार्यालय आदिका प्रतिनिधिहरू, स्थानीय तहमा भएका राजनीतिक दलका प्रतिनिधिहरू, नागरिक समाज सरंथाका प्रतिनिधिहरू, सामाजिक अभियन्ताहरू आदिसँग सामुदायिक अङ्कपत्रको बुझाई र यसको प्रभावकारी रूपमा संचालन गर्ने तौर तरिकाहरूका बारेमा प्रशस्त छलफल गर्नुपर्दछ । सामुदायिक अङ्कपत्रका उद्देश्यहरूमा प्रष्ट पार्दै नागरिक समुह तथा सरकारी पक्षसँग सूचकहरू र अङ्क प्रदान गर्ने तरिकाहरूका बारेमा समान समझदारी कायम गर्नु पर्दछ । यो प्रक्रियालाई बढि भन्दा बढि सहभागितामूलक बनाउन पनि आवश्यक छ । यसरी सहभागितामूलक रूपमा संचालन गर्दा

यसको लक्ष्य परिपुर्ति गर्न र सम्बद्ध सबैलाई शसक्त रूपमा आफ्नो भूमिका निर्वाह गराउन पनि मद्धत पुग्दछ । यस विधिको प्रयोगबाट सम्बन्धित अधिकारबाहकहरूको कार्य दक्षताको प्रभावकारिता अभिवृद्धि गर्न सकिन्छ ।

**चरण २ः स्थानीय सहजकर्ताहरूको क्षमता अभिवृद्धि**

नगरपालिका तथा वडा तहमा स्थानीय सहजकर्ताहरूको प्रभावकारी सहजिकरण सीपले यस विधिको सफल कार्यान्वयनमा विशेष भूमिका निर्वाह गर्दछ । पालिकाको विभिन्न वडामा सहजिकरणका निम्ति कार्यक्रमको आवश्यकता अनुरूप सहजकर्ताहरूको छनौट गर्नु पर्दछ । सहजकर्ताहरूलाई दिगो विकास लक्ष्यका सूचकहरूको बारेमा सामुदायिक अङ्कपत्रको प्रयोग गर्न र यसको महत्वको बारेमा तालिम तथा अभिमुखिकरण गराई स्थानीय सरकारलाई प्रभाव पार्नका लागि पैरवी गर्न सक्ने बनाउन थप छलफलहरू आवश्यक पर्दछ । साथै अङ्कपत्रको छलफलहरूमा सहभागिताको लागि अधिकारबाहकका तर्फबाट र अधिकारवालाका तर्फबाट सहभागिहुने प्रतिनिधिहरूको सूचिको बारेमा छलफल गर्ने र सहमति निर्माण पनि गर्न आवश्यक छ । सामुदायिक अङ्कपत्रको छलफलहरूमा समाजमा पछाडि पारिएका वर्गहरू युवा दलित महिला, अपांगता भएका व्यक्ति तथा अन्य विभेदमा पारिएका वर्गहरूको अनिवार्य रूपमा सहभागि गराउन सहजकर्ताहरूलाई शुरूकै चरणबाट सचेत गराइ राख्नु पर्दछ । सूचकहरू निर्माण गर्दा सरल भाषाको प्रयोग र सम्बन्धित विषयका सबै सूचकहरू समाबेश भए नभएको कुरा सुनिश्चित पनि सुरूकै चरणमा गर्नु पर्दछ । सूचकहरूका सहमति भइ सके पश्चात छलफलका दौरानमा सूचकहरू थप्ने वा घटाउने सुझावहरू आउँछन तर त्यति बेला सूचकहरू थप्ने वा घटाउने गर्नु हुदैन ।

**चरण ३ः वडास्तरीय सामुदायिक अङ्कपत्रको तयारी**

नागरिक अगुवाइमा दिगो विकास लक्ष्यका राष्ट्रिय सूचकहरूको समीक्षाका लागि वडा स्तरमा नागरिक समाज र स्थानीय सरकार बीच सूचकहरूका आधारमा अवस्था मापन गर्नका निम्ति अङ्कपत्रको प्रयोग गरिएको छ । यसमा दिगो विकास लक्ष्यका राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा पहिचान गरिएका सूचकहरूको प्रयोग गरिनुको साथै स्थानीय स्तरमा पहिचान गरिएका आवश्यक सूचकहरूको प्रयोग पनि गर्न सकिन्छ । यस चरणमा तल उल्लेखित क्रियाकलापहरू सम्पन्न गर्नु पर्ने हुन्छ ।

- कार्यक्रमको शुरूवातमा सम्बन्धित सबै वडाका अधिकारवाला र अधिकारबाहक सहभागिहरूलाई एकै ठाउँमा राखि दिगो विकास लक्ष्य र यसका सूचकहरूका बारेमा सामाजिक जवाफदेहिताको बारेमा अभिमुखिकरण तथा क्षमता विकास गर्दै सामुदायिक अङ्कपत्रको कार्यान्वयन गर्दा अवलम्बन गर्ने प्रक्रियाको छलफल र जानकारी गराउने ।
- अधिकारवाला समुहहरूले वडास्तरीय सामुदायिक अङ्कपत्रका लागि पहिचान गरिएका आवश्यक सूचकहरूका आधारमा मस्यौदा गर्नु पर्दछ । त्यस पश्चात उक्त मस्यौदाको आधारमा हरेक वडा तहको लागि तयार गरिएको अङ्कपत्रलाई वडा तहमा, नागरिक समाज, युवा तथा महिलाहरूको समूहका सहभागिहरूको उपस्थितिमा सहमति निर्माणका लागि छलफल गर्नु पर्दछ । सबैको छलफल र सहमतिको आधारमा दिगो विकास लक्ष्यका राष्ट्रिय सूचकहरूको अवस्था र अहिलेको अवस्थालाई १ देखि ५ अङ्क दिने सूचकहरूमा मापन गर्ने ।
- सहमति गरिएका सूचकहरूमा अङ्क प्रदान गर्न छलफल शुरू गर्नु पर्छ । अधिकारबाहकको समूहमा स्थानीय अधिकारबाहकको तर्फबाट सम्बन्धित नगर वा गाउँपालिकाका सम्बन्धित प्रतिनिधि, वडाका प्रतिनिधिहरू, महिला प्रतिनिधि तथा अन्य सरकारी कार्यालयका प्रतिनिधिहरू, सरकारी विद्यालयका प्रतिनिधिहरूको एक समूह बनाउनु पर्छ । त्यसैगरी अधिकारवालाको समुहमा नागरिक समाजको तर्फबाट महिला समुहको प्रतिनिधि र सामुदायिक महिलाहरू, युवा तथा सामाजिक संस्थाका प्रतिनिधिहरूको समूह निर्माण गर्नु पर्दछ । यि दुई वटै समूहहरूको निर्माण भए पश्चात अङ्क प्रदान गर्नका लागि दुबै समूहहरूको छुट्टाछुट्टै बैठक बसि सामुदायिक अङ्कपत्रका हरेक सूचकमा निर्देशिका अनुरूप अङ्क दिन र त्यसको कारण लेख्न लगाउने ।
- दुबै समूहमा तयार गरिएको सामुदायिक अङ्कपत्र तयार भए पश्चात् दुबै समुहका (अधिकारवाला र अधिकारबाहक) सहभागि सदस्यहरू एकै ठाँउमा आमनेसामने जम्मा भएर छलफल गर्दै प्राप्त अङ्कहरूमा समान समझदारी कायम गर्दै सहमतिको अन्तिम अङ्क दिने।

- यसचरणमा अधिकारवाला र अधिकारबाहकहरूले संयुक्त रूपमा सामुदायिक अङ्कपत्रका विभिन्न सूचकहरूको बारेमा आमने सामने बसेर छलफल गर्दै ति सूचकहरूमा प्राप्त अङ्कहरू तथा ती अङ्कहरू दिनुको कारणहरूमा छलफल गर्नु पर्दछ । दुबै पक्षले दिएको अङ्कहरूमा छलफल गरे पश्चात दुबै समूहले एउटा अङ्कमा सहमति जनाउने । त्यस पश्चात भविष्यमा प्राप्त गर्न चाहेको अङ्क पनि संयुक्त रूपमा पहिचान गरिन्छ । यसरी भविष्यमा प्राप्त गर्न चाहेको अवस्थामा पुग्नका निम्ति अधिकारबाहक, अधिकारवाला र अन्य संघसंस्थाहरूले खेल्नुपर्ने भूमिका र सहयोगको बारेमा छलफल गरिन्छ ।

**चरण ४ः कार्ययोजनाको प्रगति र प्रतिवद्धताको समीक्षा**

सामुदायिक अङ्कपत्रको प्रयोग पश्चात निर्माण गरिएको कार्ययोजना अनुरूप कार्यहरु भए वा नभएको, भएको भए प्रभावकारी भए नभएको बारेमा सहभागिमूलक तरिकाले पुनरावलोकन गर्नुपर्दछ । हरेक नगर/गाउँपालिकाको वडाका मुख्य समूहको प्रतिनिधिहरु प्रत्येक सामुदायिक अङ्कपत्रको छलफल पश्चात एक ठाउँमा भेला भई समीक्षा गर्नु पर्दछ र आगामी क्रियाकलापहरूको बारेमा सम्बन्धित निकाय तथा प्रतिनिधिहरूलाई घचघच्याउने गर्नुपर्दछ ।

सामूहिक प्रतिबद्धताहरू कार्यान्वयनका लागि सरोकारवाला निकाय वा व्यक्तिहरूलाई जवाफदेही बनाउन नियमित रूपमा पैरवी गर्नु र कार्ययोजना तथा प्रतिबद्धताको प्रगति समीक्षा गर्नु पर्दछ । यस कार्यका लागि स्थानीय तहमा सरकारी निकाय, सरोकारवाला, समुदायका प्रतिनिधिहरू, सञ्चार माध्यम आदिसमावेश भएको ५ देखि ७ सदस्यीय अनुगमन र मुल्याङ्कन समिति बनाउन सकिन्छ । यस समितिले सामुदायिक अङ्कपत्रको आगामी कार्ययोजना अनुरूपका गतिबिधिहरू कार्यान्वयनका लागि सुझाव दिन सक्दछ ।

**चरण ५ः गाउँ/नगरपालिकासँग वकालत बैठक (सार्वजनिक सुनुवाई)**

सामुदायिक अङ्कपत्र तयार गरिसके पश्चात दिगो विकास लक्ष्यका राष्ट्रिय सूचकहरूको अवस्थामा आएको परिवर्तनहरूलाई विश्लेषण गर्न र सम्बन्धित निकायका प्रतिनिधिहरू तथा समुदाय विशेषतः महिलाहरूको उपस्थितिमा सार्वजनिक सुनुवाई गरेर आएका नतिजाहरूलाई सार्वजनिकीकरण गर्न सकिन्छ । यसका लागि वडा तहको छलफलबाट आएका सुझावहरूलाई समष्टिगत रूपमा पालिका तहमा प्रस्तुत गर्न सकिन्छ । यसरी नतिजाहरू प्रस्तुत गरेपछि अहिलेको अवस्थालाई थप सुधार गर्नका निम्ति सम्बन्धित निकायको प्रतिबद्धता सङ्कलन गर्ने माध्यमको रूपमा यस प्रक्रियालाई लिन सकिन्छ ।

**चरण ६ः प्रदेश तथा राष्ट्रिय तहको समीक्षात्मक अन्तरक्रिया**

गाउँ तथा नगरपालिका स्तरीय बैठकहरू पश्चात सामूदायिक अङ्कपत्र प्रयोगको तीनवटै चरणबाट प्राप्त उपलब्धि, सिकाई र चुनौतिहरूको बारेमा प्रदेश तथा राष्ट्रिय तहमा छलफल र समीक्षा गर्नुपर्दछ । त्यसपश्चात उचित दस्ताबेजिकरण गर्ने र बाह्य सहयोग नहुँदा पनि सामूदायिक अङ्कपत्रको नियमित प्रयोगको योजना निर्माण गर्ने प्रक्रियाहरूलाई प्रोत्साहन दिनुपर्दछ ।

**५.४ दिगो विकासका लक्ष्यहरुको अनुगमनमा अङ्क प्रदान गर्दा अपनाइएको तरिका**

| अङ्क | अवस्था | सूचकहरु वा आधारहरु |
|---|---|---|
| १ | नराम्रो | ❑ सम्वन्धित सरोकारवालाहरूलाइ दिगो विकास लक्ष्यका वारेमा जानकारी नभएको ।<br>❑ नीति र कार्यक्रममा प्रगति नभएको । |
| २ | सामान्य | ❑ दिगो विकास लक्ष्यका वारेमा केहि जानकारी भएको ।<br>❑ नीति र कार्यक्रममा केहि उल्लेख भएको र केहि कार्यक्रमहरू सञ्चालनमा रहेका ।<br>❑ कार्यक्रमको गुणस्तरमा सुधार गर्नुपर्ने । |

| अङ्क | अवस्था | सूचकहरु वा आधारहरु |
|---|---|---|
| ३ | राम्रो | ❑ दिगो विकास लक्ष्य र कार्यक्रमहरूका वारेमा अधिंकांश उपभोक्ताहरूमा जानकारी भएको ।<br>❑ थप स्पस्टता वा जानकारी आवश्यक ।<br>❑ धेरै जसो कार्यक्रमहरू सञ्चालनमा रहेका तर गुणस्तरमा थप सुधार गर्नुपर्ने । |
| ४ | एकदमै राम्रो | ❑ दिगो विकास लक्ष्य र कार्यक्रमहरूका वारेमा सबैलाइ जानकारी भएको ।<br>❑ नीति र कार्यक्रममा समावेश भइ अधिंकांश सञ्चालनमा रहेका ।<br>❑ नतिजा र गुणस्तर समेत कायम भएको ।<br>❑ गुनासो तथा उजुरीहरू लिने दिने प्रकृयाको थालनी भएको । |
| ५ | उत्कृष्ट | ❑ नीति र कार्यक्रममा समावेश भइ सवै कार्यक्रमहरू सञ्चालनमा रहेका ।<br>❑ नतिजा र गुणस्तर कायम भएको ।<br>❑ गुनासो तथा उजुरीहरू लिने दिने प्रकृयाको संस्थागत विकास र अभ्यास भएको ।<br>❑ असल र राम्रो अभ्यासको बारेमा प्रचार प्रसार भएको । |

यसरी अङ्क प्रदान गर्ने सिलसिलामा दुबै पक्षले आ–आफ्नो सुधारात्मक पक्षहरू र भविष्यमा गर्नुपर्ने कामहरूको पहिचान गर्न सक्दछन् । जसका आधारमा भावि कार्ययोजना बनाउनुपर्ने हुन्छ । कार्ययोजना निर्माण गर्दा सहभागितामूलक तरिकाले प्रत्येक लक्ष्य अन्तर्गत के के काम गर्ने, कहिले गर्ने, को जिम्मेवार हुने र कसको के सहयोग चाहिन्छ भन्ने कुराको बारेमा छलफल गरिनुपर्दछ र त्यसको उचित दस्तावेज पनि तयार गर्नु पर्दछ ।

**अनुसुचिहरुका बारेमा**

दिगो विकास लक्ष्यका सूचकहरू मापन गर्दा हालको अवस्था र भविष्यको अवस्थामा देख्न चाहेको अवस्थालाई सामुदायिक अङ्कपत्रमा निम्न अनुसारको तालिका राखी १ देखी ५ अङ्क प्रदान गरिन्छ । यस निर्देशिकामा नमूना अङ्कपत्रका रूपमा दिगो विकासका लक्ष्यहरूमध्ये लक्ष्य ४ – गुणस्तरीय शिक्षा, लक्ष्य ५ –लैङ्गिक समानता, लक्ष्य १० – असमानता न्यूनिकरण, लक्ष्य १३ – जलवायु परिवर्तन अनुकूलन, लक्ष्य १६ – शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज र लक्ष्य १७ – दिगो विकासका लागि साझेदारीबाट केहि सिमित सूचकहरूमात्र नमुनाका रूपमा प्रस्तुत गरिएको छ र त्यसको लागि अङ्क दिने आधारहरू पनि दिइएको छ । यस नमूनामा दिईएको लक्ष्यहरू अन्तर्गतका सूचकहरू छान्नका लागि शुरूमा सूचकका दायराहरू छान्न पनि सकिन्छ । सूचक छान्ने दायराहरू नमूनाका रूपमा यस अनुसुचिहरूमा प्रस्तुत गरिएको छ ।

## अनुसूचि २: राष्ट्रिय सूचकहरुमा नागरिक अङ्कपत्रको नमुना

| राष्ट्रिय सूचकहरु | हालको अवस्था | | | | | | देख्न चाहेको अवस्था | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दिगो विकास लक्ष्य ४– समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने । | उत्कृष्ट | धेरै राम्रो | राम्रो | मध्यम | नराम्रो | अङ्क छान्नुको कारणहरु | उत्कृष्ट | धेरै राम्रो | राम्रो | मध्यम | नराम्रो |
| कक्षा १ मा भर्ना भएका छात्राहरूको (छात्रहरूको तुलनामा) कक्षा ८ सम्म पुग्ने अनुपात | | | | | | | | | | | |
| कक्षा १ मा भर्ना भएका छात्राहरूको (छात्रहरूको तुलनामा) कक्षा १२ सम्म पुग्ने अनुपात | | | | | | | | | | | |
| पूर्व बाल्यकाल शिक्षामा उपस्थिति/हाजिरी | | | | | | | | | | | |
| प्राविधिक र व्यावसायिक शिक्षामा छात्राहरूको भर्ना अनुपात | | | | | | | | | | | |
| माध्यमिक शिक्षापछिको शिक्षा (स्नातक तह) मा छात्राहरूको भर्ना | | | | | | | | | | | |
| अनुपात | | | | | | | | | | | |
| प्राविधिक तथा व्यावसायिक तालिमप्राप्त युवा तथा वयस्कहरू | | | | | | | | | | | |

| राष्ट्रिय सूचकहरु | हालको अवस्था | | | | | | देख्न चाहेको अवस्था | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दिगो विकास लक्ष्य ४– समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने । | उत्कृष्ट | धेरै राम्रो | राम्रो | मध्यम | नराम्रो | अङ्क छान्नुको कारणहरु | उत्कृष्ट | धेरै राम्रो | राम्रो | मध्यम | नराम्रो |
| प्राथमिक र माध्यमिक शिक्षामा छात्र र छात्राहरूको पहुँचमा अनुपात | | | | | | | | | | | |
| १५ देखि २४ वर्ष उमेर समूहको महिला साक्षरता दर (प्रतिशत) | | | | | | | | | | | |
| विद्युत, इन्टरनेट, खानेपानी, ढलनिकास र सरसफाई, अपाङ्गमैत्री संरचना/सुविधा वा पहुँच भएका विद्यालयहरु (प्रतिशत) | | | | | | | | | | | |
| न्यूनतम रूपमा सङ्गठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका आधारभूत र माध्यमिक शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरूको अनुपात (प्रतिशत) | | | | | | | | | | | |

| राष्ट्रिय सूचकहरु | हालको अवस्था | | | | | | देख्न चाहेको अवस्था | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **दिगो विकास लक्ष्य ५ः लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला तथा किशोरीहरूलाई सशक्त बनाउने ।** | उत्कृष्ट | धेरै राम्रो | राम्रो | मध्यम | नराम्रो | अङ्क छान्नुको कारणहरु | उत्कृष्ट | धेरै राम्रो | राम्रो | मध्यम | नराम्रो |
| समान कामका लागि ज्याला/पारिश्रमिकमा (महिला र पुरूषबीचको समानतामूलक ज्यालाको अनुपात) | | | | | | | | | | | |
| लैङ्गिक सशक्तीकरण मापन (सूचकाङ्क) | | | | | | | | | | | |
| शारीरिक/यौनहिंसा अनुभव गरेका १५ देखि ४९ वर्षसम्मका महिलाहरूको (प्रतिशत) | | | | | | | | | | | |
| विवाहित वा वैवाहिक मिलनमा रहेका १५ देखि १९ वर्ष उमेरका महिलाहरु (प्रतिशत) | | | | | | | | | | | |
| श्रमशक्तिमा महिला र पुरूषको सहभागिताको अनुपात | | | | | | | | | | | |
| महिलाहरूले प्रादेशिक र राष्ट्रिय संसदमा ओगटेका पदहरूको (प्रतिशत) | | | | | | | | | | | |
| महिलाहरूले स्थानीय सरकारहरूमा ओगटेका पदहरूको (प्रतिशत) | | | | | | | | | | | |

| राष्ट्रिय सूचकहरु | हालको अवस्था | | | | | | देख्न चाहेको अवस्था | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दिगो विकास लक्ष्य ५: लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला तथा किशोरीहरुलाई सशक्त बनाउने । | उत्कृष्ट | धेरै राम्रो | राम्रो | मध्यम | नराम्रो | अङ्क छान्नुको कारणहरु | उत्कृष्ट | धेरै राम्रो | राम्रो | मध्यम | नराम्रो |
| निजी क्षेत्र, सहकारी र सार्वजनिक सेवाको नीतिनिर्माण तहमा महिलाहरूको सहभागिता (प्रतिशत) | | | | | | | | | | | |
| किशोरीहरु र महिलाहरूमा प्रजनन अधिकारहरूको बारेमा सजगता (प्रतिशत) | | | | | | | | | | | |
| यौन सम्बन्ध, परिवार नियोजनका साधनहरूको प्रयोग र प्रजनन स्वास्थ्य हेरचाह सम्बन्धमा सुसूचित भएर आफैले निर्णय गर्ने १५ देखि ४९ वर्ष उमेरका महिलाहरूको अनुपात | | | | | | | | | | | |
| गरिब, विभेद गरिएका र सामाजिक समूहहरूले यौनस्वास्थ्य हेरचाहमा पाएका विषेश सहयोग र सेवाका प्रावधानहरु (प्रतिशत) | | | | | | | | | | | |

| राष्ट्रिय सूचकहरु | हालको अवस्था | | | | | | देख्न चाहेको अवस्था | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दिगो विकास लक्ष्य १० : देशभित्र तथा देशहरूबीचको असमानता हटाउने । | उत्कृष्ट | धेरै राम्रो | राम्रो | मध्यम | नराम्रो | अङ्क छान्नुको कारणहरु | उत्कृष्ट | धेरै राम्रो | राम्रो | मध्यम | नराम्रो |
| आयमा असमानता | | | | | | | | | | | |
| लिङ्ग, उमेर र अपाङ्गताको आधारमा सामाजिक सशक्तीकरण | | | | | | | | | | | |
| लिङ्ग, उमेर र अपाङ्गताको आधारमा आर्थिक सशक्तीकरण | | | | | | | | | | | |
| लिङ्ग, उमेर र अपाङ्गताको आधारमा राजनीतिक सशक्तीकरण | | | | | | | | | | | |

| राष्ट्रिय सूचकहरु | हालको अवस्था | | | | | | देख्न चाहेको अवस्था | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **दिगो विकास लक्ष्य १३ः जलवायु परिवर्तन र यसका प्रभावहरूसँग जुध्न तत्काल कार्य अघि बढाउने ।** | उत्कृष्ट | धेरै राम्रो | राम्रो | मध्यम | नराम्रो | अङ्क छान्नुको कारणहरु | उत्कृष्ट | धेरै राम्रो | राम्रो | मध्यम | नराम्रो |
| स्थानीय अनुकूलन योजना तर्जुमा (गाउँ परिषद्हरूको सङ्ख्या) | | | | | | | | | | | |
| समुदाय तहमा अनुकूलन योजना | | | | | | | | | | | |
| अनुकूलन योजनाको कार्यान्वयन | | | | | | | | | | | |
| जलवायु परिवर्तनमा कमी, अनुकूलन, प्रभाव न्यूनीकरण र पूर्वसावधानी जस्ता विषयलाई प्राथमिक, माध्यमिक र उच्च शिक्षाको पाठ्यक्रममा एकीकृत गरेका देशहरूको सङ्ख्या | | | | | | | | | | | |
| जलवायु परिवर्तनसम्बन्धी शिक्षालाई समावेश गरेका विद्यालयहरूको अनुपात (प्रतिशत) | | | | | | | | | | | |

| राष्ट्रिय सूचकहरु | हालको अवस्था | | | | | | देख्न चाहेको अवस्था | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **दिगो विकास लक्ष्य १६ : दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्धन गर्ने, न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने र सबै तहहरूमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरूको स्थापना गर्ने ।** | उत्कृष्ट | धेरै राम्रो | राम्रो | मध्यम | नराम्रो | अङ्क छान्नुको कारणहरु | उत्कृष्ट | धेरै राम्रो | राम्रो | मध्यम | नराम्रो |
| विगत १२ महिनामा शारीरिक, मनोवैज्ञानिक वा यौनजन्य | | | | | | | | | | | |
| हिंसामा परेका जनसङ्ख्याको अनुपात | | | | | | | | | | | |
| उमेरअनुसार १८ वर्षको उमेरसम्म यौनहिंसाको अनुभव गरेका | | | | | | | | | | | |
| १८ देखि २९ वर्ष उमेरका युवती र युवकहरूको अनुपात गरेका (प्रतिशत) | | | | | | | | | | | |
| सार्वजनिक तहमा सहभागिता, जवाफदेहीता र भ्रष्टाचार रहितको स्थिति | | | | | | | | | | | |
| जनमानसमा पारदर्शिता, जवाफदेहिता र | | | | | | | | | | | |
| भ्रष्टाचारप्रतिको धारणा | | | | | | | | | | | |
| भ्रष्टाचार नियन्त्रणका लागि असल शासन | | | | | | | | | | | |

| राष्ट्रिय सूचकहरु | हालको अवस्था | | | | | | देख्न चाहेको अवस्था | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **दिगो विकास लक्ष्य १६ : दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्धन गर्ने, न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने र सबै तहहरूमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरूको स्थापना गर्ने ।** | उत्कृष्ट | धेरै राम्रो | राम्रो | मध्यम | नराम्रो | अङ्क छान्नुको कारणहरु | उत्कृष्ट | धेरै राम्रो | राम्रो | मध्यम | नराम्रो |
| सार्वजनिक सेवामा हालसालै सन्तुष्टि अनुभव गर्ने जनसंख्याको (प्रतिशत) | | | | | | | | | | | |
| सार्वजनिक निकायहरूका नीति निर्माण पदहरूमा रहेका महिलाहरूको अनुपात | | | | | | | | | | | |

| राष्ट्रिय सूचकहरु | हालको अवस्था | | | | | | देख्न चाहेको अवस्था | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **दिगो विकास लक्ष्य १७ : दिगो विकासका लागि कार्यान्वयनका उपायहरू/साधनहरूलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनः जीवन्त तुल्याउने ।** | उत्कृष्ट | धेरै राम्रो | राम्रो | मध्यम | नराम्रो | अङ्क छान्नुको कारणहरु | उत्कृष्ट | धेरै राम्रो | राम्रो | मध्यम | नराम्रो |
| देशको बजेटमा आन्तरिक कर राजश्वहरूको अनुपात | | | | | | | | | | | |
| इन्टरनेट प्रयोग गर्ने व्यक्तिहरूको अनुपात | | | | | | | | | | | |
| सार्वजनिक र निजि क्षेत्रको योजना निर्माणमा लैङ्गिकउन्मुख बजेटको अनुपात (महिलाहरूलाई प्रत्यक्ष रूपमा फाइदा पुग्ने) (प्रतिशत) | | | | | | | | | | | |
| सार्वजनिक क्षेत्रको दिगो विकास लक्ष्य उन्मुख कार्यक्रम समावेश गर्ने संख्या | | | | | | | | | | | |
| निजि क्षेत्रको नतिजा सुचाङ्कमा दिगो विकास लक्ष्यसूचक समावेशगर्ने संख्या | | | | | | | | | | | |
| सार्वजनिक क्षेत्रको नतिजा सुचाङ्कमा दिगो विकास लक्ष्य सूचक समावेश गर्ने संख्या | | | | | | | | | | | |

## अनुसूचि ३ः नागरिक अङ्कपत्रको छलफल पश्चात तयार गर्ने  कार्ययोजनाको खाका

| दिगो विकास लक्ष्यका राष्ट्रिय सूचकहरु | के के कार्य गर्ने? | कहिले गर्ने? | कसको जिम्मेवारी हो? | कस्तोसहयोगको आवश्यकता पर्छ ? |
|---|---|---|---|---|
| दिगो विकास लक्ष्य ४ - गुणस्तरीय शिक्षा<br>समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवन पर्यन्त सिकाइका अवसरहरु प्रवर्धन गर्ने । | | | | |
| दिगो विकास लक्ष्य ५ः लैङ्गिक समानता<br>लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला, किशोरी तथा बालिकाहरूलाई सशक्त बनाउने । | | | | |
| दिगो विकास लक्ष्य १०ः असमानता न्यूनिकरण<br>देशभित्र तथा देशहरूबीचको असमानता हटाउने | | | | |
| दिगो विकास लक्ष्य १३ः जलवायु परिवर्तन अनुकूलन<br>जलवायु परिवर्तन र यसका प्रभावहरूसँग जुध्न (Combat) तत्काल कार्य अघि बढाउने । | | | | |
| दिगो विकास लक्ष्य १६ः शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज<br>दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्धन गर्ने, न्यायमा सबैको पहुँच प्रदान गर्ने र सबै तहहरूमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरु निर्माण गर्ने । | | | | |
| दिगो विकास लक्ष्य १७ः दिगो विकासका लागि साझेदारी<br>दिगो विकासका लागि कार्यान्वयनका उपायहरु/साधनहरूलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनः जीवन्त तुल्याउने । | | | | |

## अनुसूचि ४: दिगो विकास लक्ष्यसँग सम्बन्धित सूचकहरु छनौटका दायराहरु

| दिगो विकास लक्ष्यका सूचकहरु | अवस्थाको प्राथमिकीकरणका विषयहरु |
|---|---|
| **दिगो विकास लक्ष्य ४: गुणस्तरीय शिक्षा**<br>समावेशी तथा गुणात्मक शिक्षा सुनिश्चित गसबैका लागि आजिवन सिकाइका अवसरहरु प्रवर्धन गर्ने । | ❑ बालबालिकाहरूको शिक्षा<br>❑ समावेशी शिक्षा, अपाङ्गता तथा पछाडि पारिएका समुदाय<br>❑ पुर्व बाल विकास<br>❑ युवा तथा किशोरी शिक्षा<br>❑ आपत्कालिन शिक्षा<br>❑ गुणात्मक शिक्षा, शिक्षक शिक्षिकाको क्षमता विकास<br>❑ भर्ना दरमा पहुँच<br>❑ प्राविधिक तथा व्यवसायिक तालिम |
| **दिगो विकास लक्ष्य ५: लैङ्गिक समानता**<br>लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला तथा किशोरीहरूलाई सशक्त बनाउने । | ❑ बाल बिवाह<br>❑ लैङ्गिकहिसांमा आधारित हानिकारक सामाजिक अभ्यास<br>❑ सहभागिता र प्रतिनिधित्वमा महिलाको नेतृत्व<br>❑ स्वास्थ्य यौन प्रजनन अधिकार<br>❑ प्रतिष्ठित काम तथा अवैधानिक कार्य |
| **दिगो विकास लक्ष्य १०: असमानता न्यूनिकरण**<br>देशभित्रै तथा देशहरूबीचको असमानता हटाउने | ❑ आर्थिक संलग्नता र शसक्तिकरण<br>❑ बाल कुपोषण<br>❑ सामाजिक समावेशिकरण<br>❑ विभिन्न पक्षहरूको विभेद<br>❑ राजनीतिक सशक्तिकरण<br>❑ अर्थपूर्ण सहभागिता<br>❑ निर्णय प्रक्रियामा विभेद |
| **दिगो विकास लक्ष्य १३: जलवायु परिवर्तन अनुकूलन**<br>जलवायु परिवर्तन र यसका प्रभावहरूसँग जुध्न (Combat ) तल्काल कार्य अघि बढाउने | ❑ समुदाय स्तरको जलवायु परिवर्तन सम्बन्धि अनुकुलन योजना<br>❑ एकीकरण, अनुकुलन र प्रभाव घटाउने र प्रारम्भिक चेतावनी<br>❑ पाठ्यक्रम र अनुकुलनमा समुदाय र स्थानीय सरकारको योजना<br>❑ जलवायुपरिवर्तन सम्बन्धि योजनाहरू,श्रोतहरूको संशोधन सहित पछाडि परेका समुदायहरूको सहभागिता |
| **दिगो विकास लक्ष्य १६: शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज**<br>दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्धन गर्ने, न्यायमा सबैको पहुँच प्रदान गर्ने र सबै तहहरूमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरु निर्माण गर्ने | ❑ शारिरिक, मानसिक र यौनिक हिंसा<br>❑ निर्णय प्रक्रियामा सहभागिता<br>❑ भ्रष्टाचार विरूद्ध पारदर्शिता र जवाफदेहिता<br>❑ बालबालिका बेचविखन, बाल श्रम<br>❑ सार्वजिनक सुविधामा पहुँच<br>❑ समावेशी निर्णय प्रक्रिया |

| | |
|---|---|
| दिगो विकास लक्ष्य १७ः दिगो विकासका लागि साझेदारी<br><br>दिगो विकासकालागि कार्यान्वयनका उपायहरु/साधनहरूलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनर्जीवन दिन | ❑ बहु-सरोकारवालाहरूसँगको साझेदारी र संलग्नता (समुदायदेखि राष्ट्रियस्तरमा पहुँच)<br>❑ दिगो विकास लक्ष्यमा स्वयंसेवकहरूको योगदान समुदायको बिभिन्न तहका संजालहरूमा प्रतिनिधित्व<br>❑ सार्वजनिक र नीजि संस्थाहरूको सहकार्य |

# खण्ड च    समग्र लैङ्गिक उत्तरदायी तथा जवाफदेही न्यायमा पहुँच सुदृढीकरण (सहज) मा सामुदायिक अङ्कपत्रको प्रयोग

## ६.१ सहजमा सामुदायिक अङ्कपत्रको अवधारणा

यो सामुदयिक अङ्कपत्रको समीक्षाको लागि समुदायमा आधारित भएर  काम गर्दै आउनु भएका सामाजिक परिचालक, कार्यक्रम अधिकृतका साथै परियोजना व्यवस्थापकको लागि पालिका स्तरमा रहेका न्याय तथा सुरक्षासँग सम्बन्धित सेवा प्रदायकहरू बिषेशतः न्यायिक समिति,  स्थानीय प्रहरी, मेलमिलापकर्ता र महिला तथा बालबालिका ईकाईका साथै समुदायका तर्फबाट लैङ्गिक हिंसाको क्षेत्रमा काम गर्ने लैङ्गिक हिंसा निगरानी समूह, लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल, महिला विकासद्वारा प्रवर्धित सहकारी संस्था, किशोरी समूह, बाल क्लब, युवा ब्लब, आमा समूह, महिला स्वास्थ्य स्ययंसेविका, दलित सञ्जाल, जनजाती सञ्जाल र लैङ्गिक हिंसाको क्षेत्रमा काम गर्ने अन्य संघ संस्थाहरूसँग छुट्टा छुट्टै सम्वाद सञ्चालन गर्न र अन्तरसम्वाद सञ्चालन गर्न यो निर्देशिका तयार पारिएकोछ । यसको उद्देश्य न्याय तथा सुरक्षासँग सम्बन्धित अधिकारबाहक (सेवा प्रदायक) र अधिकारवाला (सेवाग्राही) बीच आपसी जवाफदेहीता अभिवृद्धि गरी सिमान्तकृत समुदायको न्यायमा पहुच अभिवृद्धि गर्नु रहेकोछ । जसले सिमान्तकृत समुदायलाई मौतनाको संस्कृतिलाई तोड्न र न्याय खोज्ने व्यवहारलाई प्रोत्सहान गर्न मद्दत गर्ने छ ।

## ६.२ सहजमा सामुदायिक अङ्कपत्र प्रयोग गर्ने विधि

### चरण १ः समुदायसँगको (अधिकारवाला) सम्वाद

यस चरणमा समुदायबाट आमन्त्रित प्रतिनिधिहरूसँग न्याय र सुरक्षासँग सम्बन्धित १० वटा सूचकहरूको अवस्था के कस्तो छ भनेर समीक्षा गरिनेछ । उक्त सूचकको अवस्था मापन गर्नको लागि १ देखि १० अङ्क प्रदान गरिनेछ  र उक्त अङ्क दिनुको कारण उल्लेख गर्नु पर्नेछ साथै सो कारणसँग सम्बन्धित घटनाहरू पनि टिपोट गर्नु पर्नेछ । सबै सहभागिहरूको सहमतिमा अङ्क प्रदान गरिनेछ । यदि सहमति नजुटेमा बहुमतको अङ्कलाई मान्यता दिनु पर्दछ । समुदायसँगको छलफलका लागि २ देखि ३ घण्टा समय लाग्छ र उक्त बैठकमा बोलाउदा सोही अनुरूप समुदायलाई अग्रिम जानकारी दिनु पर्दछ ।

अङ्क मापनलाई सहज बनाउन निम्न अनुसार वर्गिकरण गरिएको छ ।

| अवस्था | अङ्क |
|---|---|
| नराम्रो | १ देखि ३ अङ्क |
| ठिकै | ४ देखि ६ अङ्क |
| राम्रो | ७ देखि ८ अङ्क |
| अति राम्रो | ९ देखि १० अङ्क |

**चरण २ः  सेवा प्रदायकसँगको (अधिकारबाहक) सम्वाद**

यस चरणमा अधिकारबाहकको तर्फबाट आमन्त्रित प्रतिनिधिहरूसँग न्याय र सुरक्षासँग सम्बन्धित १० वटा सूचकहरूको अवस्था के कस्तो छ भनेर समीक्षा गरिनेछ । सूचक नं. १, २, ४ र ७ प्रहरीसँग मात्र सम्बन्धित रहेका छन ।  सूचक नं. ५ न्यायिक समितिसँगमात्र सम्बन्धित छ भने सूचक नं ३, ६, ८, ९ र १० प्रहरी र न्यायिक समिति दुवै सँग सम्बन्धित रहेका छन । उक्त सूचकको अवस्था सम्बन्धित अधिकारबाहकसँग मात्र छलफल गर्नुपर्नेछ । सूचकहरूको अवस्था मापन गर्नका लागि चरण एकमा प्रस्तुत गरिए जस्तै गरि अवसथ र अङ्क दिनेु तरिका अपनाउनु पर्ने छ । साथै  उक्त अङ्क दिनुको कारण उल्लेख गर्नुपर्नेछ साथै सो कारण सँग सम्बन्धित घटनाहरू पनि टिपोट गर्नु पर्नेछ । छलफललाई व्यवस्थित, मर्यादित र सबैको सहभागिता हुने गरि गर्नु पर्नेछ । यस छलफललाई पनि कम्तिमा २ देखि ३ घण्टा समय लाग्दछ । अधिकारबाहक समूहलाई यस छलफलमा बोलाउँदा सोहि बमोजिम अग्रिम जानकारी गराउनु पर्दछ ।

**चरण ३ः समुदाय र सेवा प्रदायक बीच अन्तर-सम्वाद (आमनेसामने बैठक)**

- अन्तर-सम्वादका लागि समुदायसँग (अधिकारवाला) सम्वादमा र सेवा प्रदायक (अधिकारबाहक) सँगको सम्वादमा सहभागि भएका सबै सहभागिका साथै पालिका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्य मध्येबाट केहीलाई र आवश्यक अन्य अतिथिहरूलाई आमन्त्रण गर्ने ।
- पालिकाको प्रमुखको अध्यक्षतामा र आमन्त्रित अतिथिहरूको आतिथ्यमा औपचारिक सत्रको आयोजना गर्ने ।
- समुदाय र सेवा प्रदायकलाई आ-आफ्नो समुहमा आसनग्रहण गर्न अनुरोध गर्ने ।
- सहजकर्ताले व्यक्तिको फरकपनाको बारेमा सहभागि तथा अतिथिहरूलाई महशुसीकरण गराउने ।
- सहजकर्ताले अन्तर-सम्वाद कार्यक्रमको आचार संहिता प्रस्तुत गर्ने र सहमति निर्माण गर्ने ।
- सहजकर्ताले पहिलो चरणमा निर्माण गरिएको कार्ययोजनाको प्रगति र परिवर्तनहरूलाई प्रस्तुत गर्ने ।
- सहजकर्ताले समुदायले प्रदान गरेको अङ्क र सेवा प्रदायकले प्रदान गरेको अङ्कलाई तुलनात्मक तरिकाले माकुरोजालो र अङ्कमा राखेर प्रस्तुत गर्ने ।
- दुवै समुहले तयार पारेको अङ्क र कारण भित्तामा टाँस गर्ने, सूचकहरूको सूची टाँस गर्ने, अङ्कको वर्गिकरण र आचार संहिताहरू टाँस गर्ने ।
- दुवै समुहबाट प्रदान गरिएका हरेक फरक अङ्कहरूमा छलफलद्धारा कारण सहित सहमतिको एउटै अङ्कमा ल्याउने ।
- सामुदायिक अङ्क पत्रको पहिलो चरणमा दिईएको अङ्क र यस चरणमा सहमति भएको अङ्कलाई तुलनात्मक हिसाबले प्रस्तुत गर्ने ।
- कमजोर अङ्क भएका सूचकहरूको सुधारको लागि आगामी ४ महिनामा सम्म कार्यान्वयन गर्न कार्ययोजना निर्माण गर्ने ।
- छलफललाई व्यवस्थित, मर्यादित र सबैको सहभागिता हुने गरि गर्नु पर्नेछ ।
- अपेक्षित उत्तरलाई निर्देशित गर्ने खालको प्रश्न सोध्न पाईने छैन  ।
- सबै सहभागिहरूको सहमतिमा अङ्क प्रदान गरिनेछ । यदि सहमति नजुटेमा बहुमतको अङ्कलाई मान्यता दिईनेछ ।
- अन्तर-सम्वादको लागि कम्तीमा ३ः३० देखि ४ घण्टा लाग्नेछ ।

**चरण ४ः विस्तृतमा कार्ययोजनाको निर्माण र पालिकाबाट कार्यान्वयनको लागि अनुरोध**

- अन्तर-सम्वाद पश्चात निर्माण भएको योजनाको खाकालाई न्यायिक समिति, प्रहरी र अन्य संघ संस्थाको सानो समूहबाट विस्तृत कार्ययोजना निर्माण गर्ने ।
- उक्त विस्तृत कार्ययोजनालाई परियोजना सल्लाहकार समितिबाट स्वीकृत गर्ने । यस प्रकृतिको परियोजनामा परियोजना पालिका तहमा परियोजना सल्लाहकार समिति निर्माण गरिएको हुन्छ ।
- स्वीकृत कार्ययोजनालाई कार्यान्वयन गर्न पालिकाबाट अनुरोध गर्ने ।

## अनुसूचि ५: अधिकारबाहक र अधिकारवालाका बीचमा अन्तर–सम्वादका लागि आचारसंहिता

| क्र.सं | सूचक | आदर्श अवस्था |
|---|---|---|
| १ | प्रहरीले स्थानीय नागरिकप्रति शिष्ट व्यबहार गर्ने गरेको छ । | ❑ उजुरीका लागि प्रहरीको नागरिक प्रतिको जागरूकता वा प्रहरीले समुदायमा हुन सक्ने सम्भावित अपराधिक घटनाहरूको बारेमा सचेतनामुलक कार्यक्रमहरू सञ्चालन गरेको ।<br>❑ प्रभावितले आफुमा घटेको घटनालाई निर्धक्क राख्न सक्ने अवस्था रहेको ।<br>❑ प्रभावित व्यक्तिलाई सम्मान गोपयिनता र विभेदरहित तरीकाले व्यवहार गरेको । |
| २ | प्रभावितहरूले आत्मविश्वासका साथ प्रहरीमा उजुरी दिन सक्छन् । | ❑ प्रभावितहरूले सुरक्षाको महशुस गरेको ।<br>❑ उजुरी दर्ता गराउनका लागि प्रहरी वा प्रहरी कार्यालयले प्रोत्साहन गर्ने गरेको ।<br>❑ सहज कानुनी प्रकृयाको आमनागरिकमा धारणा रहेको ।<br>❑ सुरक्षाको पहिलो अंग प्रहरी नै हो - प्रहरीमेरो साथी भन्ने ज्ञान र सुरक्षित अनभुति भएको ।<br>❑ प्रहरी कार्यालयमा कुनै उजुरी दर्ता गराउन जाँदा कुनै सहयोगी विनानै पिडितहरू जाने अवस्था । |
| ३ | समुदायका व्यक्तिहरू समाजमा घटेका अपराधको बारेमा उजुरी दिन उत्सुक र अनुसन्धान प्रकृयामा सहयोगी छन् । | ❑ नागरिक अपराधको बारेमा उजुरी दिन उत्सुक र अनुसन्धान प्रकृयामा सहयोगी ।<br>❑ प्रहरी मेरो साथी साथै मुस्कान सहितको सेवाको प्रभावकारी कार्यान्वयन भएको ।<br>❑ OCM (One stop Crisis Management Center) (एकद्वार प्रणाली)को प्रभावकारिता र स्थानीय स्तरमा यसको उपस्थिति ।<br>❑ नागरिकहरू समाजमा हुने घटनाको उजुरी गर्न गएको अवस्था ।<br>❑ प्रहरीलाई घटनाको सत्यतथ्य जानकारी दिएको ।<br>❑ कसैको डर त्रास, धम्की र प्रलोभन आदि नभएको अवस्था । |
| ४ | लैङ्गिक हिंसाका घट्नाहरूमा प्रहरीले (महिला तथा बालबालिका सेवा केन्द्र) प्रभावकारी सम्बोधन रहेको छ । | ❑ हिंसा प्रभावितले आफ्ना कुराहरू सुनाउने स्थानको उपयुक्त वातावरण रहेको ।<br>❑ प्रहरी कार्यालय भित्र पस्दा पाउने सुरक्षित तथा अनुकुल वातावरण रहेको ।<br>❑ प्रभावितको पिडा वा घटना प्रति प्रहरीको संवेदनशीलता रहेको ।<br>❑ प्रहरीले प्रभावितलाई दिने सुरक्षित बासस्थानको व्यवस्था रहेको ।<br>❑ हिंसा प्रभावित प्रति प्रयोग गरिने भाषा र व्यवहार प्रति सम्वेदनशीलता र शिष्टता रहेको ।<br>❑ महिला तथा किशोरीहरूको घटनामा महिला प्रहरीले नै अनुसन्धान गर्ने गरेको ।<br>❑ गोपनियता कायम भएको । |

| क्र.सं | सूचक | आदर्श अवस्था |
|---|---|---|
| ५ | लैङ्गिकहिंसाका घट्नाहरूमा न्यायिक समितिले प्रभावकारी सम्बोधन रहेको छ । | ❑ हिंसा प्रभावितले आफ्ना कुराहरू सुनाउने स्थानको उपयुक्त वातावरण रहेको<br>❑ नागरिकलाई न्यायिक समितको काम, कर्तव्य र अधिकारका बारेमा जानकारी भएको ।<br>❑ प्रभावितको पिडा वा घटना प्रति न्यायिक समितिको संवेदनशीलता रहेको ।<br>❑ हिंसा प्रभावित प्रति प्रयोग गरिने भाषा र व्यवहार प्रति सम्वेदनशीलता र शिष्टता रहेको ।<br>❑ कार्यालय भित्र पस्दा पाउने सुरक्षित तथा अनुकुल वातावरण रहेको ।<br>❑ हिंसा प्रभावितले उपयुक्त समयमै न्याय पाएको महशुस गरेको ।<br>❑ गोपनियता कायम भएको । |
| ६ | समाजमा हुने अपराधमा सुरक्षा तथा न्यायसँग सम्बन्धित निकायहरूले पिडित वा आमसमुदायलाई उजुरी दर्ता गर्न प्रोत्साहित गर्छन् । | ❑ प्रहरी तथा न्यायिक समितिका उपलब्ध सेवा र सुविधाका बारेमा समुदायलाई जानकारी भएको ।<br>❑ घटना घट्ना साथ समुदायका व्यक्तिहरू जानकार भई तुरून्त प्रहरी वा न्यायिक समितिमा मा गएको ।<br>❑ सहजै प्रहरीले घटना दर्ता गर्ने गरेको ।<br>❑ न्यायिक समितिले घट्नाको दर्ता गरेको र दर्ता हुन साथ घटनाको प्रकृती हेरी तत्काल न्यायका लागि प्रकृया अधि बढाएको ।<br>❑ निश्पक्ष रूपमा उजुरीको दर्ता, अनुसन्धान र कार्वाही प्रकृयालाई पुरा गरेको ।<br>❑ प्रहरी दुरी र संयम अनुसार घटना स्थलमा आई पुग्छ भन्ने बिश्वास भएको । |
| ७ | प्रहरी र नागरिक बीच नियमित अन्तरक्रिया र सञ्चार रहेको छ । | ❑ समुदायमा घटेका सबै अपराधिक गतिविधिहरू सर्वप्रथम प्रहरीमा सुचना दिने गरेको ।<br>❑ प्रहरीले (महिला तथा बालबालिका सेवा केन्द्र) विशेष गरी महिला हिंसा सम्बन्धित कार्यक्रम राख्ने गरेको ।<br>❑ समुदायमा दैनिक गस्ती गर्ने गरेको ।<br>❑ प्रहरीको सेवाको लागि समुदायले प्रहरी कन्ट्रोलको १०० नं. मा फोन गर्ने गरेको ।<br>❑ महिला हिंसा सम्बन्धि घटनामा सिभिल ड्रेसमा मनोविमर्शकर्ता मार्फत मनोविमर्श सेवा प्रदान गरेको ।<br>❑ समुदायमा प्रहरीका निरन्तर सम्वाद जस्ता कार्यक्रम भएको अवस्था । |
| ८ | प्रहरी तथा न्यायिक समितिको प्रभावकारी समन्वय र सहकार्य रहेको छ । | ❑ न्यायिक समितिको बैठक वा अन्य कार्यक्रममा आवश्यकता अनुसार प्रहरीको उपस्थिति रहेको छ ।<br>❑ न्यायिक समिति तथा प्रहरी आफ्नो भूमिका र क्षेत्रअधिकारमा स्पष्ट छन् ।<br>❑ न्यायिक समितिले फौजादारी मुद्दा वा उजुरीहरू प्रहरीका सिफारिस गर्छ ।<br>❑ प्रहरीले देवयानी प्रकृतिका मुद्दा वा उजुरीहरू न्यायिक समितिमा सिफारिस गर्छ । |

| क्र.सं | सूचक | आदर्श अवस्था |
|---|---|---|
| ९ | समाजमा हुने हानिकारक सामाजिक मान्यतामा समुदायहरू जानकार छन् । | ❑ कुन मान्यता समाजका लागि राम्रो वा नराम्रो भन्ने कुरामा आम समुदायमा स्पष्टता भएको अवस्था ।<br>❑ हानिकारक सामाजिक मान्यताका विरूद्ध नागरिकहरूको पैरवी ।<br>❑ हानिकारक सामाजिक मान्यता लाई न्यूनीकरण गर्न समाजमा उदाहरणीय कार्य भएको । |
| १० | समाजमा हुने हानिकारक सामाजिक मान्यता विरूद्ध समाजले पहल गरेको छ । | ❑ हानिकारक सामाजिक मान्यता विरूद्ध समुदायको अगुवाईमा औपचारिक कार्यक्रमहरू भएको अवस्था ।<br>❑ हानीकारक सामाजिक मान्यता विरूद्ध समुदायबाट विभिन्न पैरवी भएको अवस्था ।<br>❑ समाजले हानिकारक सामाजिक मान्यतालाई अभ्यासमा नल्याएको अवस्था । |

# खण्ड छ स्वास्थ्य सेवाको जवाफदेहिता प्रवर्धनका लागि सामुदायिक अङ्कपत्रको प्रयोग

### ७.१ स्याहार परियोजनामा सामुदायिक अङ्कपत्रको प्रयोगको अवधारणा

यस खण्डमा स्वास्थ्य सेवाको जवाफदेहिता प्रवर्धनका लागि सामुदायिक अङ्कपत्रको प्रभावकारी प्रयोग गर्ने तौर तरिकाहरू समावेश गरिएको छ । यसका साथै, स्वास्थ्य क्षेत्रमा कार्यरत भिएसओ तथा अन्य साझेदार संस्थाहरूले सहजीकरण गर्ने र सहभागितामूलक नागरिक अनुगमनका प्रक्रियाहरूलाई एकरूपता ल्याउन पनि यस खण्डले सहयोग पुर्‍याउने छ । अधिकारबाहक र अधिकारवालाहरूले सहभागितात्मक रूपमा स्वास्थ्य सेवाहरूको प्रभावकारिताको लेखाजोखा गर्ने र सुधारात्मक कदमहरू चाल्नको लागि यस प्रक्रियाले सघाँउछ । स्याहार परियोजनामा सामुदायिक अङ्कपत्रको प्रयोगका निम्न लिखित उद्देश्यहरू रहेका छन् ।

- विभिन्न सूचकहरूको माध्यमबाट स्वास्थ्य सेवाको प्रभावकारिताको लेखाजोखा गर्ने ।
- दिगो विकास लक्ष्य ३ अनुसार स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्धन गर्न योगदान गर्ने तथा महिला र किशोरीहरूलाई सशक्तिकरण गर्ने लक्ष्यको प्रगति मूल्याङ्कन गर्न सहभागितामूलक सूचना तथा तथ्याङ्क संकलन गर्ने ।
- स्वास्थ्य सेवा प्रभावकारिता मापनको आधारमा सम्वन्धित अधिकारबाहकहरूलाई पृष्ठपोषण आदान प्रदान गर्ने ।
- अधिकारबाहकहरूको कार्य प्रभावकारिता प्रवर्धन गर्नका निम्ति बनाईएका कार्यदिशाहरूको प्रगति बारे पुनरावलोकन गर्दै सम्वन्धित निकायहरूलाई घचघच्याउने ।

दिगो विकास लक्ष्य ३ः स्वस्थ जीवनका विभिन्न सूचक तथा उपसूचकहरूको आधारमा निम्न लिखित २ वटा पक्षहरूको अवस्था मापन गर्न र त्यसका निमित्त सम्वन्धित निकायहरूले खेलेको भूमिका र प्रदान गरेको सेवाहरूको प्रभावकारिता विश्लेषण गरिन्छ ।

**१. स्वास्थ समितिको क्षमता र व्यवस्थापन (योजना, समावेशिता, बैठक व्यवस्थापन)**

**२. स्वास्थ्य संस्था व्यवस्थापन (योजना तथा आवश्यक पुर्वाधारको व्यवस्था तथा स्वास्थ्य संस्थाको सेवाको प्रभावकारिता)**

### ७.२ सामुदायिक अङ्कपत्र प्रयोग गर्ने विधि

#### चरण १ः प्रारम्भिक तयारीको चरण

सामुदायिक अङ्कपत्रको सहजिकरण गर्ने सहजकर्ताका लागि यसको उद्देश्य, प्रक्रिया र पद्धतिको बारेमा साझा बुझाई निर्माण गर्न आवश्यक हुन्छ । सामुदायिक अङ्कपत्रको शुरूवात गर्नु अगाडि स्थानीय सरकारी निकाय मुख्यतयाः नगरपालिका वा गाउँपालिका, वडा कार्यालय आदिका प्रतिनिधिहरू, राजनीतिक दलका प्रतिनिधिहरू, नागरिक समाजका संस्थाहरू र अभियन्ताहरूसँग यस विधिको वारेमा छलफल गर्नुपर्दछ । यस निर्देशिकामा सम्भावित सूचकहरू समावेश गरिएको छ । ती सूचकहरू परिवेश सुहाउँदो छ कि छैन भन्ने छलफल पश्चात आवश्यकता अनुसार अझ सरल भाषाको प्रयोग गर्न सकिन्छ । यसका निम्ति साझेदार निकायका प्रतिनिधिहरूको महत्वपुर्ण भूमिका रहन्छ । यसका साथै युवा,

महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा समाजमा पछाडि पारिएका वर्गहरूको प्रतिनिधिहरूसँग पनि यस विधि र यसमा प्रयोग गरिने सूचक र प्रक्रियाहरूको बारेमा छलफल गर्नु पर्दछ ।

**चरण २ः सहजकर्ताको चयन र सामुदायिक अङ्कपत्रको प्रयोगको बारेमा तालिम वा अभिमूखिकरण**

सामुदायिक अङ्कपत्रलाई सशक्तिकरण र जवाफदेहिता अभिवृद्धि गर्ने प्रक्रियाको रूपमा स्थापना गर्नका लागि सहजकर्ताको महत्वपुर्ण भूमिका रहन्छ । सहजकर्ता चयन गर्दा युवा सशक्तिकरण गर्न अभिप्रेरित गर्नसक्ने, सामाजिक तथा अन्य विकास कार्यहरूमा अनुभव भएको र सहजीकरण र सामाजिक परिचालनमा दखल भएको व्यक्ति छनौट गर्नुपर्दछ । पालिका स्तरमा सहजीकरण गर्नका निम्ति प्रत्येक पालिकाबाट स्वास्थ सहजकर्ताहरूको छनौट गर्नुपर्दछ । सहजकर्ता छनौट प्रक्रियामा समावेशीकरणको अवधारणाबाट युवाहरूमा पनि महिला, दलित, विपन्न तथा अन्य पछाडि पारिएका वर्गहरूको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्दछ ।

यी छानिएका सहजकर्ताहरूलाई सामाजिक जवाफदेहिता र सामुदायिक अङ्कपत्रका विधि तथा प्रक्रियाहरूको वारेमा तालिम दिनुपर्दछ । यस क्षमता अभिवृद्धि प्रक्रियामा वडा, गाउँ तथा नगरपालिकाका प्रतिनिधिहरूलाई पनि समावेश गराउँदा अधिकार बाहक र अधिकारवाला समूहमा यस प्रक्रियाको बुझाइ समान रूपमा विकास हुन्छ ।

**चरण ३ः सामुदायिक अङ्कपत्रको सूचक र ढाँचा तयार**

सामुदायिक अङ्कपत्रका सूचकहरू सहभागितात्मक रूपमा बनाउनु पर्दछ । यसका लागि सहभागिहरूसँग प्रभावकारी सेवाहरू भएको खण्डमा के के हुन्छ भनेर सोध्ने र यसबाट आएका उत्तरहरूलाई आधार बनाएर सूचकको तयारी गर्न सकिन्छ । आवश्यक सूचकहरू निर्माण र सबैको पारस्परिक सहमति पश्चात सामुदायिक अङ्कपत्रको ढाँचा तयारी गर्न सकिन्छ । सामुदायिक अङ्कपत्रको ढाँचा नमूनाका रूपमा तल प्रस्तुत गरिएको छ ।

**सामुदायिक अङ्कपत्रको ढाँचा**

| सूचकहरु | हालको अवस्था | | | | | अङ्क दिनुको कारण वा प्रमाणहरु |
|---|---|---|---|---|---|---|
| | उत्कृष्ठ (५) | एकदमै राम्रो (४) | राम्रो (३) | मध्यम (२) | धेरै सुधार गर्नुपर्ने (१) | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**चरण ४ः सामुदायिक छलफल तथा अधिकारवालाको तर्फबाट अङ्क दिने**

वडा तहमा महिला, दलित, अपाङ्गता भएका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक तथा अन्य पछाडि पारिएका विभिन्न वर्गका युवा तथा अन्य समुदायका प्रतिनिधिहरूबीच स्वास्थ्य सेवाको समावेशी तथा जवाफदेहिता मापनको अवस्थावारेमा अन्तरक्रिया गर्नु पर्दछ जसमा निम्न लिखित सत्रहरू समावेश गर्न सकिन्छ ।

- ❑ दिगो विकास लक्ष्य तथा समावेशी स्वास्थ्य सेवा तथा जवाफदेहिता ।
- ❑ युवा सशक्तिकरणको अपरिहार्यता ।
- ❑ सामाजिक जवाफदेहिता ।
- ❑ सामुदायिक अङ्कपत्र अवधारणा ।

- वर्तमान अवस्थाको विश्लेषण ।
- स्वास्थ्य सेवाको समावेशी तथा जवाफदेहिताको अवस्था मापनका लागि सामुदायिक अङ्कपत्रको मस्यौदा तयारी (अनुसूचिमा उल्लेख गरिएका सूचक र ढाँचाको आधारमा) ।

यसका साथै, यस अन्तरक्रियाबाट अर्को चरणमा हुने संयुक्त अन्तरक्रियाका लागि प्रतिनिधिहरूको पनि चयन गर्नुपर्दछ ।

**वर्तमान अवस्थाको विश्लेषण**

| सूचकहरु | समितिको समावेशीता, योजना तथा समीक्षा | समितिको बैठक व्यवस्थापन | योजना तथा आवश्यक पुर्वाधारको व्यवस्था | स्वास्थ्य संस्थाको सेवाको प्रभावकारिता |
|---|---|---|---|---|
| हाल वडा वा समुदायमा सञ्चालन भईरहेका कार्यक्रमहरू | | | | |
| | | | | |

**चरण ५ः सेवा प्रदायक (अधिकारबाहक) तथा अन्य सरोकारवालाहरुको छलफल र अङ्क दिने**

यस अन्तरक्रिया आयोजना गर्नु अगाडि स्वास्थ्य सेवाको समावेशी तथा जवाफदेहिता अभिवृद्धि गर्ने सरोकारवाला निकायहरूको सूचि तयार गर्नु पर्दछ । पालिका, वडा कार्यालय, शिक्षा, स्वास्थ्य, महिला तथा युवा शाखा प्रमुख, स्वास्थ्य संस्थाका सेवा प्रदायक, नागरिक समाजका प्रतिनिधिहरू, मानव तथा महिला अधिकारका क्षेत्रमा कार्यरत अभियन्ता, संचारकर्मी आदिको संलग्नतामा विशेष जोड दिनुपर्दछ ।

**चरण ६ः अधिकारबाहक (सेवा प्रदायक) तथा अधिकारवालाका बीचमा आमने सामने बैठक**

सामुदायिक अङ्कपत्रको प्रक्रियामा यस चरणले महत्वपुर्ण स्थान ओगटेको छ । माथि उल्लेखित अधिकारबाहक तथा अधिकारवालाहरूले बेग्ला बेग्लै बैठक बसी निर्धारण गरिएका सूचकहरूमा अङ्क दिइ सके पश्चात ति बैठकहरूबाट (चरण ४ र चरण ५) आएका परिणामलाई अन्तिम रूप दिनका लागि यस आमने सामने बैठकको आयोजना गर्नु पर्दछ ।

यस चरणमा अधिकारबाहक र अधिकारवालाले संयुक्त रूपमा सामुदायिक अङ्कपत्रका विभिन्न सूचकहरूको वारेमा छलफल गर्दै यसका अङ्कहरू तथा ति अङ्क छान्नुका कारणहरू पहिल्याउँदछन् । अहिलेको अङ्कपत्रका अङ्क दिईसकेपछि भविष्यमा देख्न चाहेको अङ्क पनि संयुक्त रूपमा पहिचान गरिन्छ । यसरी भविष्यमा देख्न चाहेको अवस्थामा पुग्नका निम्ति नागरिक तथा सम्वन्धित सरोकारवाला निकायहरूले खेल्नु पर्ने भूमिकाको वारेमा पनि छलफल गरिन्छ । यस कार्यक्रममा समावेश गरिन सकिने सत्रहरू निम्न लिखित छन् ।

- स्वास्थ्य सेवाको समावेशी तथा जवाफदेहितामा अवस्था मापनको प्रस्तुतीकरण
    - नागरिक समाज (अधिकारवाला) का प्रतिनिधिबाट चरण ४ का नतिजा प्रस्तुतिकरण
    - सेवा प्रदायक (अधिकारबाहक) का प्रतिनिधिबाट चरण ५ का नतिजा प्रस्तुतिकरण
- सहभागितामुलक रूपमा सामुदायिक अङ्कपत्रको अन्तिम रूप तयारी
- सुधारका लागि कार्ययोजना तयारी

**कार्ययोजना नमूना खाका**

| सूचकहरु | के के कार्य गर्ने | कहिले गर्ने | जिम्मेवार ? | कस्तो सहयोगको आवश्यकता पर्छ ? |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**चरण ७: प्रदेश तथा राष्ट्रिय तहको समीक्षात्मक अन्तर्क्रिया**

विभिन्न वडा वा पालिका तहमा गरिएका सामुदायिक अङ्कपत्रबाट आएका विश्लेषणहरूलाई प्रदेश तथा राष्ट्रिय तहमा उपयुक्त सरोकारवाला निकायहरूको उपस्थितिमा छलफलको आयोजना गर्नु पर्दछ ।

**चरण ८: स्वास्थ्य सेवाको समावेशी तथा जवाफदेहिता प्रवर्धनका निम्ति पैरवी रणनीति निर्माण**

सामुदायिक अङ्कपत्रको अभ्यासमा कार्ययोजना बनाईएको हुन्छ । यी प्रतिवद्धताहरूलाई कार्यान्वयन गर्नका लागि युवाहरूको नेतृत्वमा पैरवीका गतिबिधिहरू सञ्चालन गर्नुपर्दछ । यस प्रक्रियामा सहभागि हुनका लागि छनौट गरिएका युवा समूहलाई पैरवी सम्वन्धि क्षमता अभिवृद्धिमा गतिबिधिहरू सञ्चालन गर्दै पैरवी रणनीतिका बनाउन सकिन्छ ।

**चरण ९: कार्ययोजनाको प्रगती र प्रतिवद्धताको समीक्षा**

सामुदायिक अङ्कपत्र पश्चात तयार गरिएको कार्ययोजना अनुरूप कार्यहरू भए वा नभएको तथा भएको भए प्रभावकारी भए नभएको वारेमा पुनरावलोकन गर्नका निम्ति स्थानीय तहमा ५ देखि ७ सदस्य रहेको अनुगमन र मूल्याङ्कनको टोली पनि बनाउन सकिन्छ । आवश्यकता र परिवेश अनुरूप यस समूहमा सदस्यहरू थपघट हुन सक्छन यस समूहमा सरकारी निकाय, सरोकारवाला, संचार माध्यम, समुदायका प्रतिनिधिहरू समावेश गर्न सकिन्छ । यस समूहलेसामुदायिक अङ्कपत्रको प्रक्रिया (चरण ४, ५ र ६) लाई आवधिक रूपमा (६ महिना पश्चात्) सञ्चालन गर्न पनि अभिप्रेरित गर्नु पर्दछ ।

## अनुसूचि ७: स्याहार परियोजनामा अङ्कपत्रको नमूना

| सूचक | हालको अवस्था | | | | |
|---|---|---|---|---|---|
| | उत्कृष्ट (५) | एकदमै राम्रो (४) | राम्रो (३) | मध्यम (२) | धेरै सुधार गर्नुपर्ने (१) |
| १. समितिको क्षमता र व्यवस्थापन | | | | | |
| १.१ समितिको समावेशीता, योजना तथा समीक्षा | | | | | |
| समितिमा विभिन्न वर्ग, उमेर,समुदायको सहभागिता भएको । | | | | | |
| बहुमत सदस्यहरूले आ-आफ्नो समुदायबाट स्वास्थ्यका सूचना बैठकमा ल्याउने र बैठकका निर्णयहरू समुदाय सम्म पुऱ्याउने गरेको । | | | | | |
| योजना तथा गत आर्थिक बर्षको बार्षिक प्रगती विवरण सवैले देख्ने स्थानमा टाँस गरेको । | | | | | |
| समितिले आफुले गरेका कामको निश्चित प्रक्रिया अपनाई आफैले समीक्षा गर्न सक्षम भएको र गर्ने गरेको । | | | | | |
| समितिले कर्मचारी, महिला स्वास्थ्य स्वयंसेविकाहरूको कामको मूल्याङ्कन गरी प्रोत्साहन गर्ने गरेको । | | | | | |
| १.२ समितिको बैठक व्यवस्थापन | | | | | |
| निश्चित मिति र समय तोकेको बैठकमा ५१ प्रतिशत वा त्यस भन्दा वढी उपस्थित हुने गरेको । | | | | | |
| निर्णयहरू बुँदागत रूपमा कार्ययोजनाको स्वरूपमा लेख्ने गरेको । | | | | | |
| अघिल्लो महिनाको कार्ययोजनाको कार्यान्वयन तथा अनुगमन गर्ने गरेको । | | | | | |
| अ.हे.व./अ.न.मी.ले समितिको बैठकमा उपस्थित भई आमा समूह, गाउँघर क्लिनिक, स्वास्थ्य स्वयंसेविका कार्यक्रमको अभ्यास तथा चुनौतीहरूमा छलफल गर्ने गरेको । | | | | | |

| सूचक | हालको अवस्था | | | | |
|---|---|---|---|---|---|
| | उत्कृष्ट (५) | एकदमै राम्रो (४) | राम्रो (३) | मध्यम (२) | धेरै सुधार गर्नुपर्ने (१) |
| समितिले विभिन्न क्षेत्रको सुपरिवेक्षण पश्चात् देखिएका राम्रा तथा सुधार गर्नुपर्ने कुराहरूलाई समितिको मासिक बैठकमा राखी छलफल गर्ने गरेको । | | | | | |
| २. स्वास्थ्य संस्था व्यवस्थापन | | | | | |
| २.१ योजना तथा आवश्यक पुर्वाधारको व्यवस्था | | | | | |
| विद्यमान नीतिहरूलाई आधार बनाएर स्वास्थ्य संस्थाको वार्षिक कार्य योजना बनाएको तथा यसमा युवा, महिला, अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक लैङ्गिक विशेष स्वास्थ्य आवश्यकतालाई प्राथमिकता दिईएको । | | | | | |
| आवश्यकता अनुसार भौतिक पुर्वाधार (भवन, कोठा, प्रतिक्षालय, पानी, बिजुली,फर्निचर, चर्पी आदि), औजार, उपकरण तथा औषधिहरूको व्यवस्थापन भएको । | | | | | |
| स्वास्थ्य संस्थाको योजनामा विपद् व्यवस्थापनको पक्षलाई समेटिएको । | | | | | |
| स्वास्थ्य संस्थामा दरबन्दी अनुसारको कर्मचारीको व्यवस्थापन भएको, स्वास्थ्यकर्मीको उपस्थिति तथा समुदायलाई राम्रो व्यवहार । | | | | | |
| स्वास्थ्य संस्थाको योजना तथा कार्यक्रमको प्रगति समीक्षा गर्ने गरिएको । | | | | | |
| २.२. स्वास्थ्य संस्थाको सेवाको प्रभावकारिता | | | | | |
| नागरिक वडापत्र सबैले देख्ने स्थानमा भएको तथा स्वास्थ्य संस्था सम्बन्धी जानकारी समुदायलाई विभिन्न माध्यमबाट प्रदान गर्ने गरेको । | | | | | |
| स्वास्थ्य सरंथामा सेवा दिने अवधि तथा तोकिएको समय अनुसार स्वास्थ्य सरंथा खुलेको, खोप क्लिनिकहरू नियमित रूपमा सञ्चालन हुने गरेको नगरेको । | | | | | |

| सूचक | हालको अवस्था | | | | |
|---|---|---|---|---|---|
| | उत्कृष्ट (५) | एकदमै राम्रो (४) | राम्रो (३) | मध्यम (२) | धेरै सुधार गर्नुपर्ने (१) |
| ४ पटक गर्भ जाँच सेवाको सुलभता, गर्भ जाँच गराए बापत प्रोत्साहन भत्ता,न्यानो झोला तथा सस्थागत प्रसुती तथा सुत्केरी प्रोत्साहन भत्ता वितरणका साथै नाबालकलाई लक्ष्य अनुसार टी.टी. खोपको प्रगतिको अवस्था । | | | | | |
| अबिवाहित किशोरकिशोरीहरूको परिवार नियोजनको साधनको जानकारी तथा पहुँचको अवस्था । | | | | | |
| अपाङ्गता भएका व्यक्ति तथा अल्पसङ्ख्यक लैङ्गिक समुदायमा प्रतिनिधिहरूलाई स्वास्थ्य सेवा प्रदान गर्न विशेष व्यवस्था । | | | | | |

### ७.३ स्याहार परियोजनामा अङ्क छान्नका निम्ति प्रयोग गरिएका आधारहरु

| अङ्क | अवस्था | अङ्क छान्नका आधारहरु |
|---|---|---|
| १ | धेरै सुधार गर्नुपर्ने | ❑ तलका सूचकका आधारहरू मध्ये कुनै एक पनि नभएको । |
| २ | मध्यम | ❑ तलका सूचकका आधारहरू मध्ये कुनै एक भएको । |
| ३ | राम्रो | ❑ तलका सूचकका आधारहरू मध्ये कुनै दुई भएको । |
| ४ | एकदमै राम्रो | ❑ तलका सूचकका आधारहरू मध्ये धेरै भएको । |
| ५ | उत्कृष्ट | ❑ तलका सूचकका आधारहरू मध्ये सर्ब भएको । |

| सूचक | सूचकका आधारहरु |
|---|---|
| समितिमा विभिन्न वर्ग, उमेर,समुदायको सहभागिता भएको । | ❑ महिला प्रतिनिधि सहभागिता भएको ।<br>❑ विभिन्न जातजाति, दलित पछाडि परेको समुदाय सहभागिता भएको ।<br>❑ अपाङ्ग, अशक्त र जेष्ठ नागरिक सहभागिता भएको ।<br>❑ किशोर किशोरिको सहभागिता भएको ।<br>❑ लैङ्गिक अल्पसङ्ख्यकको सहभागिता भएको ।<br>❑ धार्मिक अल्पसङ्ख्यकको सहभागिता भएको । |
| बहुमत सदस्यहरूले आ- आफ्नो समुदायबाट स्वास्थ्यका सूचना बैठकमा ल्याउने र बैठकका निर्णयहरू समुदायसम्म पुऱ्याउने गरेको । | ❑ मासिक बैठक हुने गरेको र बैठकको माइन्युटिङ हुने गरेको ।<br>❑ बैठकको निर्णयहरू समुदाय सम्म पुर्याइएको।<br>❑ बैठकका निर्णयहरू समुदाय मा सबैले देख्ने गरि टाँस गरेको ।<br>❑ समितिको लेटर प्याड र छाप भएको ।<br>❑ बैठकका निम्ति स्थान र समय तोकेर सार्वजानिक गरेको । |
| बहुमत सदस्यहरूले आ- आफ्नो समुदायबाट स्वास्थ्यका सूचना बैठकमा ल्याउने र बैठकका निर्णयहरू समुदायसम्म पुऱ्याउने गरेको । | ❑ मासिक बैठक हुने गरेको र बैठकको माइन्युटिङ हुने गरेको ।<br>❑ बैठकको निर्णयहरू समुदाय सम्म पुर्याइएको।<br>❑ बैठकका निर्णयहरू समुदाय मा सबैले देख्ने गरि टाँस गरेको ।<br>❑ समितिको लेटर प्याड र छाप भएको ।<br>❑ बैठकका निम्ति स्थान र समय तोकेर सार्वजानिक गरेको । |
| योजना तथा गत आर्थिक बर्षको बार्षिक प्रगति विवरण सवैले देख्ने स्थानमा टाँस गरेको । | ❑ गाउँ भेला गरेर सार्वजनिक लेखा परीक्षण वार्षिक रूपमा गर्ने गरेको ।<br>❑ कार्यक्रमहरूको बजेट, खर्च र कार्यको विवरण र भावि योजनाहरू समुदायमा सार्वजानिक गर्ने गरेको ।<br>❑ गत आर्थिक बर्षको बार्षिक प्रगति विवरण सवैले देख्ने स्थानमा टाँस गरेको ।<br>❑ समितिको वार्षिक कार्ययोजना बनाएको र सबैले देख्ने स्थानमा टाँसेको । |
| समितिले आफुले गरेका कामको निश्चित प्रक्रिया अपनाई आफैले समीक्षा गर्न सक्षम भएको र गर्ने गरेको । | ❑ समिति विधिवत् रूपमा (निर्देशिका अनुसार) गठन भएको ।<br>❑ समितिका सदस्यहरूलाई आफ्नो भूमिका तथा जिम्मेवारीहरू थाहा भएको ।<br>❑ मासिक तथा आवधिक बैठकहरूमा निर्णय गराइ वार्षिक रूपमा स्वमूल्याङ्कन HFOMC कार्यविधि अनुरूप गर्ने गरेको ।<br>❑ स्वमूल्याङ्कनको निर्णय सार्वजनिक रूपमा टाँस गरिएको । |

| सूचक | सूचकका आधारहरु |
|---|---|
| समितिले कर्मचारी, महिला स्वास्थ्य स्वयंसेविकाका हरूको कामको मूल्याङ्कन गरी प्रोत्साहन गर्ने गरेको । | ❏ समितिले कर्मचारीहरूको कामको मूल्याङ्कन र प्रोत्साहन गरेको ।<br>❏ समितिले महिला स्वास्थ्य स्वयंसेविका कर्तव्य र जिम्मेवारिको क्षमता अभिबृद्धि गर्ने गरेको ।<br>❏ समितिबाट महिला स्वास्थ्य स्वयंसेविकाको कामको मूल्याङ्कन गरी प्रोत्साहन र आवश्यक सहयोग गर्ने गरेको ।<br>❏ तालिम पश्चात ज्ञान आदान प्रदान गर्ने गरेको ।<br>❏ समय समयमा महिला स्वास्थ्य स्वयंसेविकाको भत्ता र पोशाक भत्ताको लागि पहल गर्ने गरेको । |
| निश्चित मिति र समय तोकेको बैठकमा ५१ प्रतिशत वा त्यस भन्दा वढी उपस्थित हुने गरेको । | ❏ मासिक बैठकको सम्बन्धमा समितिको पदाधिकारिसँग छलफल गरि सबैलाइ अनुकुल मिल्ने मिति तथा समय पहिलो बैठक बाट निर्णय गर्ने र बैठक मितिको केहि दिन अगाडि अग्रिम जानकारि गराउने गरेको ।<br>❏ मासिक बैठकका लागि निश्चित मिति र समय तोकिएको र बैठकको माइन्युटिङ हुने गरको ।<br>❏ बैठकमा स्वास्थ्य संस्थासँग सरोकार राख्ने संघ संस्थाको प्रतिनिधि आमन्त्रित गर्ने गरेको ।<br>❏ अघिल्लो बैठकको समीक्षा हुने गरेको ।<br>❏ बैठकको कुनै पनि निर्णय गर्दा ५१% महिला (महिला स्वयं सेविका ) र पुरूषको सहभागिता रहेको । |
| निर्णयहरू बुँदागत रूपमा कार्ययोजनाको स्वरूपमा लेख्ने गरेको । | ❏ बैठकमा छलफलहरूको विषय तथा प्रस्तावहरू बुँदागत रूपमा टिपोट गरि त्यस उपर छलफल गर्ने गरेको ।<br>❏ छलफलबाट भएका निर्णयहरू बुँदागत रूपमा टिपोट गर्ने गरेको ।<br>❏ छलफलका निर्णयहरू बाट आएका योजनाहरू सम्बन्धित सरोकार निकाय तथा तहहरूमा पेश गर्ने गरेको ।<br>❏ छलफल गरेको निर्णय कार्यान्वयन भएको अनुगमन गर्ने गरको । |
| अघिल्लो महिनाको कार्ययोजनाको कार्यान्वयन तथा अनुगमन गर्ने गरेको । | ❏ समितिले तय गरेको कार्ययोजना कार्यान्वयन तथा अनुगमन गर्न निश्चित प्रक्रिया बैठकले तय गर्ने गरेको ।<br>❏ बैठकले निर्णय गरेको कार्ययोजनाको कार्यान्वयन गर्न सम्बन्धित व्यक्तिलाई जिम्मेवारि दिने गरेको ।<br>❏ कार्ययोजनाको कार्यान्वयन भए नभएको अनुगमन गर्न बैठकले कार्यदल बनाइ जिम्मेवारि दिने गरेको । |

| सूचक | सूचकका आधारहरु |
|---|---|
| अ.हे.व.रअ.न.मी.ले समितिको बैठकमा उपस्थित भई आमा समूह, गाउँघर क्लिनिक, स्वास्थ्य स्वयंसेविका कार्यक्रमको अभ्यास तथा चुनौतीहरूमा छलफल गर्ने गरेको | ❑ अ.हे.व/अ.न.मी. लाई समितिको बैठकमा बोलाउने गरेको ।<br>❑ अ.हे.व/अ.न.मी. हरूले समुदायमा सञ्चालन गेरका कार्यक्रमको प्रगति विवरण पेश गरेको ।<br>❑ अ.हे.व/अ.न.मी. हरूले अबिवाहित किशोर किशोरिहरूको परिवार नियोजन सेवामा पहुँचको अवस्थामा छलफल गर्ने गरेको ।<br>❑ अ.हे.व/अ.न.मी. ले आमा समूह, गाउँघर क्लिनिक, स्वास्थ्य स्वयंसेविकाको चुनौतीका विषयहरू छलफलका लागि पेश गर्ने गरेको<br>❑ अ.हे.व/अ.न.मी. हरूले छलफलका लागि पेश गरेका चुनौतीहरू उपर बैठकमा छलफल हुने गरेको साथै चुनौतीहरूको सामाधानका लागि बैठकले कार्ययोजना तय गर्ने गरेको |
| समितिले विभिन्न क्षेत्रको सुपरिवेक्षण पश्चात् देखिएका राम्रा तथा सुधार गर्नुपर्ने कुराहरूलाई समितिको मासिक बैठकमा राखि छलफल गर्ने गरेको | ❑ समितिले विभिन्न क्षेत्रको अनुगमन र सुपरिवेक्षणका लागि सूचि तयार गर्ने गरेको ।<br>❑ समितिले विभिन्न क्षेत्रको सुपरिवेक्षण जाने गरेको ।<br>❑ सूचिको आधारमा अनुगमन र सुपरिवेक्षण गरि प्राप्त जानकारि प्रतिवेदनको रूपमा समितिमा पेश गर्ने गरेको ।<br>❑ सुपरिवेक्षकले मासिक बैठकमा अनुगमन र सुपरिवेक्षण बाट प्राप्त जानकारिहरू निष्कर्षमा छलफल गरि योजना तर्जुमामा टेवा पुर्‍याएको । |
| विद्यमान नीतिहरूलाई आधार बनाएर स्वास्थ्य संस्थाको वार्षिक कार्य योजना बनाएको तथा यसमा युवा, महिला, अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक लैङ्गिकका विशेष स्वास्थ्य आवश्यकतालाई प्राथमिकता दिईएको | ❑ विद्यमान नीतिहरूलाई आधार बनाएर स्वास्थ्य संस्थाको वार्षिक कार्य योजना बनाएको ।<br>❑ युवा तथा किशोर किशोरी लक्षित विशेष स्वास्थ्य आवश्यकतालाई प्राथमिकता दिईएको ।<br>❑ महिला लक्षित विशेष स्वास्थ्य आवश्यकतालाई प्राथमिकता दिईएको ।<br>❑ अपाङ्गता लक्षित विशेष स्वास्थ्य आवश्यकतालाई प्राथमिकता दिईएको ।<br>❑ लैङ्गिक अल्पसङ्ख्यक लक्षित विशेष स्वास्थ्य आवश्यकतालाई प्राथमिकता दिईएको । |
| आवश्यकता अनुसार भौतिक पुर्वाधार (भवन, कोठा, प्रतिक्षालय, पानी, बिजुली,फर्निचर, चर्पी आदि), औजार, उपकरण तथा औषधिहरूको व्यवस्थापन भएको | ❑ आवश्यकता अनुसार भौतिक पुर्वाधार भवन, कोठा, प्रतिक्षालय, फर्निचर को व्यवस्थापन भएका ।<br>❑ आवश्यकता अनुसार पानी र मापदण्ड अनुसार चर्पीको व्यवस्थापन भएको ।<br>❑ बिजुली नियमित आपुर्तीको व्यवस्थापन भएको ।<br>❑ स्वास्थ्य संस्थामा हुनुपर्ने औषधिको किसिम स्वास्थ्य संस्थाको तह अनुसार उपलब्ध भएको ।<br>❑ स्वास्थ्य संस्थामा आवश्यक पर्ने औजार तथा उपकरणहरू व्यवस्थापन भएको (Autoclave, Weighing Machine, Salter Scale, incinerator, etc.) |
| स्वास्थ्य संस्थाको योजनामा विपद् व्यवस्थापनको पक्षलाई पनि समेटिएको | ❑ रेडक्रससँग समन्वय गरेर क्षमता अभिबृद्धि भएको ।<br>❑ विपद्‌को प्रकारहरूको नक्साङ्कन गरि योजना तथा बजेट तयार गर्ने गरेको ।<br>❑ सो योजना तथा बजेट पालिकामा प्रस्तुत गरि वार्षिक योजनामा समाविष्ट भएको सुनिश्चित गरेको । |

| सूचक | सूचकका आधारहरु |
|---|---|
| स्वास्थ्य संस्थामा दरबन्दी अनुसारको कर्मचारीको व्यवस्थापन भएको, स्वास्थ्यकर्मीको उपस्थिति तथा समुदायलाई राम्रो व्यवहार | ❏ स्वास्थ्य संस्थामा दरबन्दी अनुसारको कर्मचारीको पदपुर्ति भएको ।<br>❏ स्वास्थ्य संस्थामा दरबन्दी अनुसारको कर्मचारीको पदपुर्ति नभएको विषय व्यवस्थापन समितिमा छलफल गरेको ।<br>❏ स्वास्थ्यकर्मीको उपस्थिति सुनिष्चित गर्न व्यवस्थापन समितिले अनुगमन गर्ने गरेको ।<br>❏ स्वास्थ्य चौकिमा गुनासो पेटिकाको व्यवस्था भएको तथा गुनासो सुनुवाइ संयन्त्र भएको |
| स्वास्थ्य संस्थाको योजना तथा कार्यक्रमको प्रगति समीक्षा गर्ने गरिएको | ❏ मासिक/त्रैमासिक/अर्ध वार्षिक/वार्षिक समीक्षा बैठक गर्ने गरिएको<br>❏ सार्वजनिक लेखा परीक्षण गर्ने गरेको<br>❏ सार्वजनिक सुनुवाइ गर्ने गरिएका<br>❏ समीक्षा बैठकको निर्णयलाइ सार्वजानिक सुनुवाइबाट आएको पृष्ठपोषणको आधारमा अद्यावदिक गर्ने गरेको |
| नागरिक बडापत्र सबैले देख्ने स्थानमा भए नभएको तथा स्वास्थ्य संस्था सम्बन्धी जानकारी समुदायलाई विभिन्न माध्यमबाट प्रदान गर्ने गरेको । | ❏ नागरिक बडापत्र सबैले देख्ने स्थानमा भएको ।<br>❏ समुदायलाइ प्रदान गरिने स्वास्थ्य संस्था सम्बन्धी जानकारी सामुहिक पहुँच भएको ठाँउमा राखिएको<br>❏ स्वास्थ्य संस्था सम्बन्धी जानकारी समुदायलाई विभिन्न माध्यमबाट प्रदान गर्ने गरेको जस्तैः माइकिङ, रेडियो बहस पम्पलेट, बिधुतिय बोर्ड, होर्डिङ बोर्ड, सुचना टाँस, सडक नाटक, आदि ।<br>❏ समुदायलाई स्वास्थ्य संस्था सम्बन्धी जानकारी प्रदान गर्ने सुचनाहरू स्थानीय भाषा र परिवेश सुहाउँदो भएको । |
| स्वास्थ्य सस्थामा सेवा दिने अवधि तथा तेकिएको समय अनुसार स्वास्थ्य सस्था खुलेको, खोप क्लिनिकहरू नियमित रूपमा सञ्चालन हुने गरेको । | ❏ स्वास्थ्य सस्थामा नियमित रूपमा तेकिएको समय अनुसारसेवा प्रदान गर्न (१०-२) बजे सम्म खुलेको ।<br>❏ स्वास्थ्य सस्थामा आकस्मिक सेवा तोकिएको समय अनुसारसेवा प्रदान गर्न (१०-४) बजे सम्म खुलेको ।<br>❏ खोप क्लिनिक, गाउँघर क्लिनिक सञ्चालन गर्न निश्चित कर्मचारीको ब्यवस्था भएको ।<br>❏ खोप क्लिनिक, गाउँघर क्लिनिक कार्यक्रम तालिका बनाइएको (निश्चित मिति र स्थान तोकिएको) ।<br>❏ नियमित रूपमा सञ्चालन हुने खोप क्लिनिक, गाउँघर क्लिनिकमा स्वास्थ्य सस्थाबाट नियमित अनुगमन हुने गरेको । |
| ४ पटक गर्भजाँच सेवाको सुलभता, गर्भ जाँच गराएबापत प्रोत्साहन भत्ता,न्यानो झोला तथा संस्थागत प्रसुती तथा सुत्केरी प्रोत्साहन भत्ता वितरणका साथै नाबालकलाई लक्ष्य अनुसार टी.डी. खोपको प्रगतिको अवस्था | ❏ न्यानो झोला तथा संस्थागत प्रसुती, सुत्केरी सेवाको क्रममा निशुल्क औषधिको ब्यवस्था भएको ।<br>❏ २२५ आइरन चक्की सेवनको लक्ष्य अनुसार प्रगति भएका ।<br>❏ टी.डी. खोपको प्रगति (२ पटक) भएको ।<br>❏ समितिले दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामा सुत्केरी गराउन ब्यवस्था भएको ।<br>❏ न्यानो झोला तथा संस्थागत प्रसुती तथा सुत्केरी प्रोत्साहन भत्ता वितरण गरेको । |

| सूचक | सूचकका आधारहरु |
| --- | --- |
| अबिवाहित किशोर किशोरीहरूको परिवार नियोजनको साधनको जानकारी तथा पहुँच रहेको | ❑ अबिवाहित किशोर किशोरीहरूको परिवार नियोजनको साधनमा पहुँच भएको ।<br>❑ तालिम प्राप्त र दक्ष स्वास्थ्यकर्मीबाट परिवार नियोजनका परामर्श तथा सेवा प्रदान भएको ।<br>❑ विद्यालयमा सचेतनामूलक गतिबिधिहरू सञ्चालन भएको ।<br>❑ स्वास्थ्य संस्थामा किशोर किशोरी कक्षको ब्यवस्था भएको । |
| अपाङ्गता भएका व्यक्ति तथा अल्पसङ्ख्यक लैङ्गिकहरूलाई स्वास्थ्य सेवा प्रदान गर्न विशेष व्यवस्था | ❑ अल्पसङ्ख्यक लैङ्गिकहरूलाई स्वास्थ्य सेवा प्रदान गर्न विशेष व्यवस्था भएको ।<br>❑ अपाङ्गता भएका ब्यक्तिहरूलाई स्वास्थ्य सेवा प्रदान गर्न विशेष व्यवस्था रहेको ।<br>❑ अपाङ्गता मैत्री सेवा भएको।<br>❑ अपाङ्गता भएका सेवाग्राहीलाई सेवा दिन दक्ष जनशक्ति भएको । |

# सन्दर्भ श्रोत


१) भिएसओ नेपालले तयार पारेको लैङ्गिक समानता प्रवर्धनका लागि सामुदायिक अङ्कपत्र, सहजकर्ताका लागि निर्देशिका (अप्रकाशित)

२) केएर नेपाल (अगस्ट २०२०) । सामुदायिक अङ्कपत्र निर्देशिका (अप्रकाशित)

३) युनाइटेड मिसन टु नेपाल (२०७३) । सामुदायिक अङ्कपत्र, सहजकर्ताहरूका लागि हाते पुस्तिका ।

४) एक्सन एड नेपाल । सामुदायिक अङ्क तालिका (अप्रकाशित)

५) इन्टरनेशनल अलर्ट (सहज कन्सोर्टियम परियोजना) २०७८ । सामुदायिक अङ्कपत्र, बिधि तथा प्रक्रियाहरू, नेपाल प्रहरीसँग सहकार्यका अनुभवहरू

6) Program for Accountability in Nepal (PRAN), 2012. Source Book for 21 Social Accountability Tools. Mindshare Communications Pvt. Ltd.

# सामूदायिक अङ्कपत्रको प्रयोग गरिएका परियोजना तथा पहलहरु

## प्रयास

युवाहरूको साझेदारीमा र युवाहरूले नेतृत्व गरेका संस्थाहरूको संस्थागत क्षमता अभिबृद्धि गरि समावेशी सुशासन र विपद् उत्थानशील समुदाय निर्माणका लागि योगदान गर्न सकिन्छ भन्ने अभिप्रायले भिएसओले समावेशी उत्थानशीलता र जवाफदेहिता प्रवर्धनका लागि युवा सञ्जाल सुदृढीकरण (Promoting Inclusive Resilience and Accountability through Youth Association Strengthening- PRAYAS) प्रयास परियोजना सञ्चालनमा ल्याएको छ । प्रयास परियोजनाले विपद् जोखिम न्यूनिकरण तथा जलवायु परिवर्तन अनुकूलनका (CCA/DRR) लागि राष्ट्रिय र प्रदेश स्तरमा नीति निर्माण तथा तिनको कार्यान्वयन गर्न र सहभागितामूलक पद्धतिहरू तथा बहु-सरोकारवालाहरूसँगको साझेदारीमा विकासका केही नमुना अभ्यासहरू पहिचान र सञ्चालन गर्ने लक्ष्य लिएको छ ।

| | |
|---|---|
| **समग्र उद्देश्यः** | युवाहरूको रणनीतिक सहभागिता र नेतृत्व मार्फत समावेशी र युवा मैत्री शासन पद्धति सुदृढीकरण गरि पालिका, प्रदेश र राष्ट्रिय तहमा एकीकृत विपद् तथा जलवायु उत्थानशीलता प्रवर्धन गर्ने । |
| **विशिष्ट उद्देश्यः** | युवा र अन्यबहिस्करणमा पारिएका समुदायलाई प्रभावकारी रूपमा स्थानीय विपद् तथा जलवायु उत्थानशील प्रक्रियामा सम्लग्न गराउन युवाहरूले नेतृत्व गरेका संस्थाहरूको भूमिका अभिबृद्धि गर्ने । |
| **मुख्य नतिजाहरु** | १) स्थानीय तहको एकीकृत जलवायु तथा विपद् उत्थानशील प्रणालीको नेतृत्व गर्न युवाहरूले नेतृत्व गरेका संस्थाहरूको क्षमता अभिबृद्धि गर्ने ।<br>२) कर्णालीप्रदेश र प्रदेश नम्बर २ को स्थानीय तहहरूको एकीकृत जलवायु तथा विपद् उत्थानशील प्रणालीमा र प्रदेश र संघीय तहमा युवाहरूको अर्थपूर्ण सहभागिता अभिबृद्धि गर्ने ।<br>३) युवाहरूले नेतृत्व गरेका संस्थाहरूले युवा मैत्री एकीकृत जलवायु तथा विपद् उत्थानशील प्रणाली स्थापना गर्नका लागि नीति निर्माण र नीति पैरवी मार्फत आवश्यक नीतिगत वातावरण निर्माण गर्ने ।<br>४) संघीय र स्थानीय तहमा विपद् जोखिम व्यवस्थापन प्रणाली स्थापना गर्नका लागि युवाहरूको भूमिका र योगदान अभिबृद्धि गर्ने । |

यस परियोजनामा युवा तथा युवाहरूले नेतृत्व गरेका संस्थाहरूको संस्थागत आन्तरिक क्षमता र ति संस्थाहरूको विपद् तथा जलवायु उत्थानशील विषयमा क्षमता अभिबृद्धि गर्नका लागि सामूदायिक अङ्कपत्रको प्रयोगलाई एउटा औजारको रूपमा प्रयोग गरिएको हो । संस्थागत क्षमतासँग सम्बन्धित बिभिन्न विषयहरू र उत्थानशीलतासँग सम्बन्धित विषयहरू समेटेर अङ्कपत्र तयार गरि आवधिक रूपमा युवा संस्थाहरूमा प्रयोग गर्ने गरिएको छ । यसरी अङ्कपत्र सञ्चालन गर्दा संस्थाहरूको कार्य समिति, बरिष्ठ व्यवस्थापन समूहहरूलाई अधिकारबाहक (सेवा प्रदायक) र साधारण सदस्य, लक्षित समुदाय, वडाका प्रतिनिधि आदिलाई अधिकारवाला (सेवा ग्राही) को समूहमा राखि छलफल गर्ने र संस्थाहरूले सुधार गर्नु पर्ने विषयहरू पहिचान गर्न मद्धत पुग्ने गरेको छ । प्रयास परियोजनामा लागू गरिएको अङ्कपत्रको विस्तृत नमूना यसै निर्देशिकाको खण्ड ङ मा दिइएको छ ।

VSO | Association of Youth Organizations Nepal (AYON) | Friends Service Council Nepal (FSC NEPAL) | ACORAB Nepal | EUROPEAN UNION


## दिगो विकासका लक्ष्यहरुको सहभागितामूलक मुल्यांकन

भिएसओ सहित नेपालका बिभिन्न संस्थाहरू एक्सन एड नेपाल, आड्रा नेपाल, वियोन्ड बेईजिङ्ग कमिटि, केएर नेपाल, सिविएम नेपाल, इस्लामिक रिलिफ नेपाल, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, प्लान इन्टरनेशनल नेपाल, वर्ल्ड भिजन इन्टरनेशनल, र डब्लु.डब्लु.एफ को संयुक्त साझेदारीमा दिगो विकासका लक्ष्यहरूको सहभागितामूलक मूल्यांकन गर्ने काम भईरहेको छ । यस समूहलाई Leave No One Behind (LNOB) समूहका रूपमा चिनिने गरेको छ । यो समूहले नेपालमा सन् २०१८ देखि काम गर्दे आईरहेको छ ।

यो सामूहिक पहल दिगो विकास लक्ष्यका राष्ट्रिय सूचकहरूको प्रगतिमा केन्द्रित रहेर समुहगत छलफल, बहुपक्षीय सरोकारवालाहरूको सम्बाद सहित विभिन्न सहभागितामुलक र सामाजिक उत्तरदायित्वका प्रक्रियाहरूको अभ्यासवाट पछाडि परेका नागरिकहरूको आवाजलाई बाहिर ल्याउनको लागितयार गरिएको हो । जस अर्न्तगत समावेशी तथ्याङ्क र तथ्य सृजना एबं संकलनका लागि सामुदाय स्तरबाटै नेतृत्व र अनुगमन तथा वकालत र अन्य गतिविधिहरूमा सिमान्तिकृत समुदायहरूको पहुँच सुनिश्चित गर्ने कुराहरू मुख्य रूपमा रहेका छन् । त्यसैगरी यस परियोजनामा तथ्याङ्क सकंलन र विस्तृत विश्लेषणमा सहजिकरणका लागि एक अनलाइन प्लेटफर्म पनि सञ्चालनमा रहि आएको छ ।

यसका साथै नागरिक तथा समाजिक सस्थाहरू र जिम्मेवार निकायको क्षमता अभिबृद्धि गरी तथ्याङ्कको गुणस्तर बृद्धि गर्ने कामपनि यस पहलबाट निरन्तर भईरहेको छ । यसरी अन्ततः अनलाइन उपकरणहरू र व्यक्तिगत अर्न्तक्रिया दुवैबाट प्राप्त निष्कर्षहरूको संकलन, विश्लेषण र स्विकृत गरी वकालतको प्रयोजनका लागि प्रयोग गर्ने र स्थानीय, प्रदेशस्तरीय, राष्ट्रिय र अन्र्तराष्ट्रिय मञ्चहरूमा सिमान्तकृत समुदायहरूको आवाजलाइ अघि सार्दै नेपालको नीति निर्माण र विकासमा पनि योगदान पुर्‍याउने लक्ष्य राखिएको छ ।

सुरूवातमा दिगो विकासका लक्ष्यहरू मध्ये लक्ष्य ५, लैङ्गिक समानताका केही राष्ट्रिय सूचकहरूको मूल्याङ्कनको काम गरिएकोमा सन् २०२० सम्म आउँदा निम्न लक्ष्यहरू भित्रका सूचकहरूको सहभागितामूलक मूल्याङ्कन गर्ने अवस्थामा आईसकेको छ ।




**उद्देश्यहरु:**

१. नेपालमा नागरिक समाज संगठन (CSOs) को क्षमताहरु सुदृढ गरी समावेशी तथ्याङ्क र तथ्य श्रृजना गर्नका लागि नागरिकहरूको आवाजलाई संकलन गर्ने, नागरिक अगुवाईमा तथ्याङ्क श्रृजना प्रक्रियामा योगदान गर्नका लागि सामुदायिक अङ्कपत्र विधिको प्रयोग गर्ने ।

२. दिगो विकासका प्रगतिहरूको अनुगमनमा नागरिकहरूबाट सङ्कलित तथ्याङ्कको महत्वका बारेमा सरकारी निकायहरूको भूमिका प्रवर्धन गर्ने । नागरिक स्तरबाट ल्याईएको तथ्याङ्कको प्रयोग नीति निर्माणमा सहयोग हुने गरि सरकारलाई थप जिम्मेवार बनाउन वकालत गर्ने र सरकारले प्रस्तुत गर्ने Voluntary National Review (VNR) मा सिमान्तिकृत समुदायको सहभागिता प्रवर्धन गर्नमा तथ्यको रूपमा प्रयोग गर्ने ।

## दिगो विकास लक्ष्य प्राप्तिमा तथ्याङ्क साझेदारी

सार्वजनिक नीतिगत छलफल तथा निर्णय प्रक्रियाहरूमा संरचनात्मक बहिष्करण तथा सीमान्तकृत नागरिकहरूको सहभागिता प्रवर्धन हुन नसक्नु जस्ता कारणहरूले सीमान्तकृत समुदायका आवाजहरू मुखरित हुन सकेका छैनन् र उनीहरूका सवालहरू उपयुक्त ठाउँमा पुग्न सकिरहेका छैनन् । यसको परिणाम स्वरूप स्थानीय विकास प्रक्रिया, नीति निर्माण र सामाजिक सेवा प्रवाह तथा सरकारी सुविधामा सीमान्तकृत समुदायहरूको पहुँच सहज रूपमा भइरहेको छैन । नेपालका नागरिक समाज संस्थाहरूले सीमान्तकृत समुदायका आवाजहरूको सङ्कलन गर्ने र नागरिक स्तरबाट ल्याईने तथ्याङ्कलाई तथ्यको रूपमा प्रयोग गरी यसको महत्व बढाउन पहल गरिरहेका छन् । यसरी संकलन गरिएका तथ्यहरूको प्रयोग दिगो विकासका लक्ष्यहरूको सहभागिता मूलक अनुगमन तथा मूल्याङ्कन गर्न र सरोकारवालाहरूलाई यस प्रक्रियामा सहभागि गराउनु महत्वपूर्ण हुन्छ ।

सन् २०२० मा Partner For Review (P4R), Danish Institute for Human Rights (DIHR) र International Civil Society Centre (ICSC) को संयुक्त आयोजनामा बिभिन्न देशहरूका बीच सिकाई आदान प्रदान आयोजना गरिएको थियो । यस सिकाइ आदान प्रदानमा नेपालका तर्फबाट दिगो विकास लक्ष्यहरूको प्रगति अनुगमनमा काम गर्दै आईरहेका विभिन्न संस्थाहरूको सहभागिता रहेको थियो । नेपालबाट नागरिक समाजका संघसंस्था र सरकारी निकायका तर्फबाट राष्ट्रिय योजना आयोग, केन्द्रिय तथ्याङ्क बिभाग र राष्ट्रिय मानव अधिकार आयोग समेतको संलग्नता भयो । नागरिक समाजका तर्फबाट Leave No One Behind (LNOB) समूहको प्रतिनिधित्व गरि भिएसओ, गैसस महासंघ सचिवालय रहेको नेपाल दिगो विकास मञ्च (Nepal SDGs Forum), युथ एड्भोकेसी नेपाल र बियोण्ड बेइजिङ कमिटी नेपालको सहभागिता रहेको थियो ।

त्यसपछि दिगो विकास लक्ष्य प्राप्तिका लागि तथ्याङ्क साझेदारी परियोजना निर्माण भई कार्यान्वयन गरिएको छ । यस परियोजनाको मुख्य अवधारणा नागरिक स्तरबाट सिर्जित तथ्याङ्कको गुणस्तर तथा पहिचान बढाउने र यसको प्रवर्धन गर्ने रहेको छ । नागरिक स्तरबाट सिर्जित तथ्याङ्कको उपयोगिताबारे सचेतना, यस्ता तथ्याङ्क सङ्कलन अभ्यास, यससँग सम्बन्धित कृयाकलापहरुमा युवाहरूको क्षमता वृद्धि तथा साझेदारी, र संयुक्त राष्ट्र संघको तथ्याङ्क विभागको नागरिक सिर्जित तथ्याङ्क (Citizen Generated Data) निर्देशिका अवलम्बन गर्दै नेपालका सिकाईहरू अन्तर्राष्ट्रिय स्तरमा आदान प्रदान गर्ने काम यस परियोजना अन्तर्गत हुँदै आएको छ ।

### अपेक्षित परिणाम तथा उद्देश्यहरू

| | |
|---|---|
| परिणामहरू | ❏ समावेशी तथ्य र तथ्याङ्क सम्बन्धमा नेपालका नागरिक समाज संगठनहरू (CSOs) र सीमान्तकृत युवाहरूको क्षमता अभिबृद्धि ।<br>❏ दिगो विकास लक्ष्यहरूको समीक्षामा नागरिक संलग्नता र पारस्परिक उत्तरदायित्व बृद्धि गर्न सरकारी सरोकारवालाहरूसँग साझेदारी ।<br>❏ नागरिकहरूको सहभागितामा तथ्याङ्क उत्पादन गरी ज्ञान निर्माण र दिगो विकास लक्ष्यको अनुगमनमा उपयोगको अभ्यास । |
| प्राथमिक उद्देश्यहरु | ❏ नागरिक सिर्जित तथ्याङ्क (Citizen Generated Data) को निर्देशिका विकास गर्ने ।<br>❏ युवाहरूलाई दिगो विकास लक्ष्यहरू, नागरिक सिर्जित तथ्याङ्कको अवधारणा र महत्व, तथ्याङ्क सङ्कलन गर्ने विधिहरु, विश्लेषणका तरिकाहरु, प्रसार गर्ने रणनीतिहरु र वकालत विषयमा क्षमता अभिबृद्धि गर्ने ।<br>❏ सामुदायिक अङ्कपत्रको प्रयोग गरि दिगो विकास लक्ष्य ५ र १६ का सूचकहरूमा सहभागितामूलक अनुगमन गर्ने ।<br>❏ नागरिक सिर्जित तथ्याङ्कको महत्वबारे राष्ट्रिय, प्रदेश र स्थानीय तहमा बहस तथा छलफल गर्ने । |

NGO Federation of Nepal · YOUTH ADVOCACY NEPAL युथ एड्भोकेसी नेपाल · BEYOND BEIJING COMMITTEE NEPAL · Partners for Review

## समग्र लैङ्गिक उत्तरदायी तथा जवाफदेही न्यायमा पहुँच सुदृढीकरण (सहज) परियोजना
## Strengthening Access to Holistic, Gender Responsive and Accountable Justice in Nepal (SAHAJ)

सहज परियोजना लैङ्गिक हिंसाका सवालमा महिला तथा बालिकामा रहेको मौनताको संस्कृति हटाई महिला तथा बालिकाहरूको लैङ्गिक उत्तरदायी न्याय तथा सुरक्षामा पहुँचको अभिवृद्धि गर्ने उद्देश्यका साथ नेपालका १३ जिल्लाहरूमा कार्य गरेको थियो । यो परियोजना नेपालको मधेश प्रदेशको सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही र बारा, लुम्बिनी प्रदेशको रूपन्देही, परासी, कपिलबस्तु, दाङ्, बाँके, प्युठान र रोल्पा तथा गण्डकी प्रदेशको नवलपुर जिल्लामा कार्यान्वयन भएको थियो । सहज परियोजना भिएसओको अगुवाइ तथा विभिन्न अन्तर्राष्ट्रिय तथा स्थानीय गैर सरकारी संस्थाहरूसँगको साझेदारी तथा सहकार्यमा कार्यान्वयन गरिएको थियो । सहज परियोजना यूकेएड (UKAID) को आइपिएसएसजे (IPSSJ) कार्यक्रमको सिकाइहरूलाई ध्यानमा राखेर तयार गरिएको हो । यो परियोजना डिसेम्बर २०१८ देखि अक्टोबर २०२१ सम्म सञ्चालन गरिएको थियो ।

### सहज परियोजनाको कार्यक्षेत्र

सहज परियोजना मधेश प्रदेशका ६ जिल्लाका ४ गाउँपालिकाहरु र १० नगरपालिकाहरु, लुम्बिनी प्रदेशका ७ जिल्लाका ११ गाउँपालिकाहरु, २ उपमहानगरपालिका र १० नगरपालिका तथा गण्डकी प्रदेशको १ जिल्लाको १ नगरपालिकामा कार्यान्वयन गरिएको थियो ।

### प्रमुख उद्देश्यहरू

१. लैङ्गिक हिंसाको सवालमा विद्यमान मौनताको संस्कृतिलाई अन्त्य गरी लैङ्गिक हिंसा विरूद्धका क्रियाकलाप सञ्चालन गर्नको लागि महिला तथा बालबालिकाहरूलाई सशक्त बनाउने ।

२. लैङ्गिक हिंसाको सवालमा विद्यमान हानिकारक सामाजिक मूल्यमान्यताहरूलाई चुनौती दिन र लैङ्गिक हिंसा विरूद्ध काम गर्नमा परिवारका सदस्यहरु विशेषत:पुरूष सदस्यहरूको क्षमता अभिवृद्धि गर्ने ।

३. हानिकारक सामाजिक मूल्यमान्यतालाई सम्बोधन गर्नको लागि विद्यालयका शिक्षक, विद्यार्थी तथा अभिभावकहरूलाई सशक्त बनाउने ।

४. लैङ्गिक हिंसा रोकथामको लागि कार्य गर्न समुदायको क्षमता अभिवृद्धिका साथै सचेतना अभिवृद्धि गर्ने ।

५. न्याय सेवा प्रदायकहरूले लैङ्गिक उत्तरदायी र प्रभावकारी सेवा प्रदानको अभ्यास गरेको सुनिश्चितता गर्ने ।

### परियोजनाले अवलम्बन गरेका कार्यपद्धतिहरू

क. परिवार केन्द्रित कार्यपद्धति (Family-Centered Approach): लैङ्गिक हिंसालाई बढावा दिने प्रकृतिका हानिकारक सामाजिक मूल्यमान्यताहरूको बारेमा परिवारका सबै सदस्यहरूलाई जानकारी प्रदान गरी सो सामाजिक मूल्यमान्यताहरूलाई चुनौती दिन र सो बिरूद्धमा आवाज उठाउन युवा, विवाहित महिला, अविवाहित किशोरी तथा बालिकाहरूलाई सशक्तीकरण गर्नु र लैङ्गिक हिंसाको जोखिम घटाउन परिवारको जवाफदेहिता वृद्धि गर्नु परिवार केन्द्रित पद्धतिको प्रमुख उद्देश्य हो ।

ख. विद्यालय केन्द्रित कार्यपद्धति (School-Centered Approach): लैङ्गिकहिंसा र हानिकारक सामाजिक मूल्यमान्यताहरूलाई सम्बोधन गर्नमा विद्यालयका शिक्षक, विद्यार्थी तथा अभिभावकहरूलाई सक्षम बनाउनु विद्यालय केन्द्रित पद्धतिको प्रमुख उद्देश्य हो ।

ग. समुदायमा आधारित जवाफदेहिता कार्यपद्धति (Grass-roots Based Social Accountability Approach) : समुदायका सदस्यहरूलाई लैङ्गिक हिंसाको रोकथाम गर्न र प्रभावकारी तथा लैङ्गिक उत्तरदायी सेवा प्रदान गर्नका लागि न्याय तथा सुरक्षासँग सम्बन्धित सेवा प्रदायकहरूलाई प्रोत्साहित गर्दछ । सेवा प्रदायकहरूको प्रभावकारिता, नागरिक र सेवा प्रदायक बीचको सहकार्य तथा आपसी जवाफदेहिता सुदृढ गर्नु यो पद्धतिको प्रमुख उद्देश्य हो ।

माथि उल्लेखित ३ कार्यपद्धतिहरु बाहेक हानिकारक सामाजिक मूल्यमान्यताहरु परिवर्तनको लागि समुदाय स्तरमा अर्न्तक्रिया, अभियानहरु, रेडियो नाटक, अन्तर्क्रियात्मक नाटक, सूचना तथा जानकारि मूलक सामग्री उत्पादन, वितरण तथा प्रसारण, भित्तेलेखन तथा हानिकारक सामाजिक मूल्यमान्यता सम्बन्धी अध्ययन अनुसन्धान पनि परियोजनाका अन्य क्रियाकलापहरु हुन ।

VSO · international alert · EMORY ROLLINS SCHOOL OF PUBLIC HEALTH · FORUM FOR WOMEN, LAW AND DEVELOPMENT 1995 · MADHESH HUMAN RIGHTS HOME KAPILVASTU · AFN Antenna Foundation Nepal · SAMAGRA-Nepal · UKaid from the British people

## स्याहार

किशोरकिशोरी र युवाहरूको समग्र स्वास्थ्य अधिकारको सुदृढिकरण तथा पहुँच अभिवृद्धि गर्नका लागि बेलायत सरकारको सहयोगमा भिएसओ र आसमान नेपालको साझेदारी सँगसँगै स्थानीय सरकारसँगको सहकार्यमा स्याहार (SYAHAAR- Strengthening Access to Adolescent Holistic Health Right) परियोजना मधेस प्रदेशको बारा र रौतहट जिल्लामा कार्यान्वयन भइरहेको छ । स्याहार परियोजनाले अति सीमान्तकृत र जोखिममा रहेका विषेश गरि १० देखि २४ वर्षको उमेर समूहका किशोरकिशोरी र युवाहरूको समावेशी सहभागिता र समग्र गुणस्तरीय स्वास्थ्यमा पहुँच अभिवृद्धि गर्ने तथा स्वास्थ्य प्रणालीको सुशासन, समावेशी उत्थानशीलता र जवाफदेहिता प्रवर्धनका लागि नागरिक समाजतथा सरोकारवाला निकायहरूको भूमिका सबल बनाउने उद्देश्य राखेको छ ।

यस परियाजनाले मातृ नवजात शिशु, युवा, किशोरकिशोरी, महिला तथा बालिकाहरूको यौन तथा प्रजनन स्वास्थ्य स्थिति (Sexual Reproductive Maternal Neo-natal Child and Adolescent Health and Rights - SRMNCAHR)का लागि बहुपक्षीय समावेशी स्वयंसेवी दृष्टिकोण (Blended Volunteerism) मार्फत राष्ट्रिय, सामुदायिक र दक्ष स्वयंसेवकहरू तथा आवश्यक स्रोत साधनहरू उपलब्ध गराउनुका साथै क्लिनिकल, व्यवस्थापकीय, वकालत सीप तथा क्षमता अभिवृद्धि कार्यहरूमा सहयोग पुऱ्याउँदै आएको छ ।

### परियोजनाको भौगोलिक कार्यक्षेत्र

१) बारा जिल्लाको कलैया उप-महानगरपालिका, जितपुर सिमरा नगरपालिका, करैयामाई गाँउपालिका र बारागढी गाँउपालिका ।

२) रौतहटको गौर नगरपालिका, गढिमाई नगरपालिका, माधवनारायण नगरपालिका र राजपुर नगरपालिका ।

### अपेक्षित परिणामहरु

- पारिवारिक र सामुदायिक वातावरणलाई सहयोगी र सक्षम बनाउँदै युवा र किशोरकिशोरीहरूको स्वास्थ्य सेवाहरूमा पहुँच प्रवर्धन गर्ने ।
- किशोरकिशोरी र युवा महिलाहरूसँग सम्बन्धित स्वास्थ अधिकार (SRMNCAHR) बारे जानकारी र सो सम्बन्धी आवश्यक सार्वजनिक सेवाहरू माग गर्नका लागि सक्षम बनाउने ।
- युवा महिलाहरूलाई विशेष केन्द्रमा राखेर समावेशी र पहुँच योग्य स्वास्थ्य सेवालाई बलियो बनाउन अधिकारबाहकहरूको जवाफदेहितालाई प्रवर्धन गर्ने ।
- परिष्कृत तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रवर्धन गर्न, स्थानीय सरकार तथा सरोकारवाला निकायहरूसँगको समन्वय तथा सहकार्यमा आवश्यक क्षमता अभिवृद्धि कार्यहरू, तालिम, गोष्ठीहरू, कोचिङ र मेन्टरिङ सत्रहरू सञ्चालन गर्ने ।
- सरकारी स्वास्थ्य सरोकारवालाहरूलाई आवश्यकता अनुरूप नीति निमार्णमा सहयोग पुऱ्याउने ।

स्वास्थ्यप्रतिको जवाफदेहिता विशेष गरी यौन प्रजनन, मातृ नवजात शिशु र किशोर स्वास्थ्यमा केन्द्रित रहि सामुदायिक अङ्कपत्रको प्रयोगले स्वास्थ्य सेवाहरूको लेखाजोखा, योजना अनुगमन र मुल्याङ्कन गर्नका लागि सहभागिता मूलक विधिको रूपमा काम गर्न सक्दछ । सामुदायिक अङ्कपत्रको प्रयोगले स्वास्थ्य क्षेत्रका अधिकारवालाहरू (सेवा प्रयोगकर्ता) र अधिकारबाहकहरू (सेवाप्रदायक) को लागि साझा स्थल प्रदान गर्दछ । साथै ति दुवै निकाय सामुदायिक स्तरमा स्वास्थ्य जवाफदेहिता र सेवा प्रवाहका मुद्दाहरूको विश्लेषण गर्न र स्वास्थ्य् सेवाहरूको उत्थान गर्ने कार्य योजना विकास गर्नका लागि संयुक्त अभिभारा लिन सक्दछन् । यस प्रकृया अन्तर्गत सङ्कलन गरिएको तथ्याङ्कले प्रदेश र राष्ट्रिय स्तरमा वकालत र नीति सिफारिस गर्नका लागि तथ्यका रूपमा काम गर्नेछ ।

VSO Aasaman Nepal ✓Education ✗Child Labor UKaid from the British people

**सहयात्रा**

यूरोपियन यूनियनको सहयोगमा भिएसओ, राष्ट्रिय शिक्षा अभियान नेपाल, प्रेरणा र जन जागरण युवा क्लबसँगको साझेदारीमा र नेपाल सरकार र स्थानीय सरकारसँगको सहकार्यमा मधेश प्रदेशको बारा, रौतहट, पर्सा र सर्लाही जिल्लाहरूका अति सीमान्तकृत र अपाङ्गता भएका बालिकाहरूको शिक्षामा पहुँच अभिवृद्धि गर्ने तथा सुशासन अभिवृद्धिका लागि नागरिक समाजको भूमिका सबल बनाउने उद्देश्यका साथ सहयात्रा परियोजना कार्यान्वयनमा रहेको छ । नागरिक समाजको संलग्नतामा उत्थानशील, लैङ्गिक उत्तरदायी शिक्षा र सुशासनको प्रवर्धनद्वारा सीमान्तकृत बालिका तथा अपाङ्गता भएका बालबालिकाको लागि गुणस्तरीय समावेशी शिक्षा प्रदान गर्नु यस परियोजनाको मुख्य उद्देश्य रहेको छ ।

| | |
|---|---|
| विशिष्ट उद्देश्य | ❑ सिमान्तकृत बालिका तथा अपाङ्गता भएका बालबालिकाहरूमा कोभिड र कोभिड पछि गुणस्तरिय शिक्षा र सिकाईको समावेशी पहुँचको वृद्धि गर्ने ।<br>❑ उत्थानशीलता, र लैङ्गिक उत्तरदायी शिक्षा शासनको लागि स्थानीय तहहरूको उत्तर दायित्वको प्रवर्धन गर्ने ।<br>❑ शिक्षाको लागि अधिकार तथा उत्थानशीलता, र लैङ्गिक उत्तरदायी शिक्षा शासनको प्रवर्धनको पैरवीका लागि नागरिक समाजको कार्य प्रभावकारिता र अर्थपूर्ण संम्लग्नता अभिबृद्धि गर्ने । |
| अपेक्षित परिणामहरू | ❑ कक्षा १ देखि ३ सम्म अध्ययनरत १०,००० सिमान्तकृत बालिका तथा अपाङ्गता भएका बालबालिकाहरूले उनीहरूको साक्षरता, अङ्क र जीवन उपयोगी शिक्षा लक्षित मध्यस्थता प्राप्त भइसकेको हुनेछ ।<br>❑ १०,००० अभिभावक, १२० विद्यालय शिक्षकहरू, ८० विद्यालय व्यवस्थापन समिति सदस्य र शिक्षक अभिभावक संघका सदस्यहरूको क्षमता अभिवृद्धि गरी नागरिक संलग्नता बढाई शिक्षाका अवरोधहरूमा कमी आएको हुनेछ ।<br>❑ प्रकोप पुर्व तयारी, उत्थानशीलता, अशक्तता, संवेदनशीलता, लैङ्गिक उतरदायी शिक्षा सुशासनमा ८ वटा पालिकाका ४८ कर्मचारी, ४० प्रदेश सरकारका पदाधिकारी र ४० संघीय सरकारका प्रतिनिधिहरूको क्षमता अभिवृद्धि गरिएको हुनेछ ।<br>❑ नागरिक समाज संगठनका १२० सदस्यहरूमा शिक्षा नीति, पैरवी र योजना तर्जुमा विषयमा क्षमता अभिवृद्धि गरि प्रदेश, संघीय र स्थानीय सरकारमा योगदान बढेको हुनेछ । |

VSO
JAN JAGARAN YOUTH CLUB Telkuwa-4, Bara JJYC, Bara 2054
विकास प्रेरणा
NATIONAL CAMPAIGN FOR EDUCATION NEPAL 2003
NCE NEPAL
EUROPEAN UNION

भीएसओ
सानेपा, ललितपुर
पोस्ट बक्सः २०७, काठमाडौँ, नेपाल
www.vsointernational.org
टेलिफोन : +९७७ (१) ५४४१४६९
फाक्स : +९७७ (१) ५४२४७४३